जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

**नागरिकका कर्तव्य**

- राष्ट्रप्रति निष्ठावान हुँदै नेपालको राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डताको रक्षा गर्नु,
- संविधान र कानूनको पालना गर्नु,
- राज्यले चाहेका बखत अनिवार्य सेवा गर्नु,
- सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षण गर्नु ।

हामी सबैले उल्लेखित नागरिक कर्तव्यको पालना गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष २५ •अंक ५९ • २०८० साल साउन २ गते मंगलबार (18 July, Tuesday, 2023) •पृष्ठ ८ •मूल्य रु. ५।-

## मधेश प्रदेशलाई गाली गर्दै सहसचिव भुसाल

**टुडे समाचारदाता**

काठमाण्डु । मधेश प्रदेशका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को सचिवमा आएका एकजना सहसचिव कामै नगरी फर्किएपछि गाली गर्न थालेका छन् ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सरुवा भएका भीष्म कुमार भुसालले ३ महिनामा फर्किएपछि प्रदेशलाई गाली गर्न थालेका छन् ।

उनले सामाजिक सञ्जालमा लेखेको एउटा स्टेटसमा भनेका छन् 'मधेश प्रदेश पो हो त' ।

उनले आफू भन्दा कनिष्ठलाई प्रदेशको निमित्त प्रमुख सचिव बनाएकोमा बढी आक्रोशित देखिएका छन् ।

माघ महिनामा सरुवा भएका भुसालले मधेश प्रदेशमा आउने चाहेका थिएनन् । तर संघीय मन्त्रालयको दवावमा हाजिर भएर कामै नगरी संघीय राजधानी फर्केका थिए ।

मधेश प्रदेशमा विकास गर्नु हुँदैन् भने उनको भित्री मनसाय रहेको र एकदिन कर्मचारीहरुको बीच नै उनले त्यो धारणा अभिव्यक्त गरेका थिए ।

प्रदेशमा सिनियर सचिव रहेकाले प्रदेश प्रमुख सचिवमा निमित्त दिनुपर्ने दाबी गरेका भुसालका लागि उनको मुख नै घाँडो बन्यो । मधेश प्रतिको पूर्वाग्रही धारणाले उनलाई निमित्त प्रदेश सचिव बन्न सहज हुन सकेन् ।

संघीय सरकारको नीति निर्देशन विपरीत क्रियाकलाप गरेका भुसाल आर्थिक चलखेल गर्न सक्ने स्थानको खोजीमा रहेका छन् । उनी कुनै पनि निकायमा वर्ष दिन टिकेका छैनन् ।

उनले समाजिक सञ्जालमा लेखेको 'मधेश प्रदेश पो हो त'स्टेटसका लागि व्यापक आलोचना भइरहेको छ ।

'मधेश प्रदेशप्रतिको उनको भित्री नकारात्मक धारणा बाहिरिएको छ'अधिकारकर्मी रिन्कु यादवले भनिन्, मधेशप्रति अझै केही अधिकारीहरुको धारणा बदलिएको छैन् ।

# छानबिन समितिको अध्यक्षमा महतो

## रकमान्तर र पुँजीगत अनुदानको विवरण अर्थसित माग्ने

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सभाले गठन गरेको विशेष संसदीय छानबिन समितिले कार्य थालेको छ । प्रदेश सभाले सदस्य मात्र मनोनयन गरेको समितिको सोमबार बसेको पहिलो बैठकले सभासद उपेन्द्र महतोलाई सर्वसम्मतले अध्यक्ष चयन गरेको छ ।

१० सदस्यीय समितिले अर्थमन्त्रालयद्वारा पालिकाहरुलाई पठाएको सशर्त अनुदान रकमको विवरण उल्लेख रहेको प्रमाणित प्रतिलिपि माग गर्ने निर्णय गरेको छ ।

महतोको अध्यक्षतामा बसेको बैठकले रकमान्तर गरिएको कुल रकम र त्यसबाट सञ्चालन भएका योजनाहरुको विवरण पनि माग्ने निर्णय गरेको छ ।

मन्त्रालयलाई साउन १० गते भित्र सम्पूर्ण विवरण उपलब्ध गराउन बैठकले भनेको छ । बैठकले विवरण प्राप्त भएपछि योजनाहरुको अनुगमन, बजेट गएको जिल्ला र क्षेत्रहरुबारे छलफल गरिने समितिका अध्यक्ष महतोले जनाएका छन् ।

समितिको कार्यविधि बनाउन बैठकले प्रदेश सभा सचिवालयलाई जिम्मेवारी दिने निर्णय गरेको छ ।

नेकपा एमाले लगायत सत्तासीन दलका सभासदहरुले अर्थमन्त्री सञ्जय कुमार यादवले मनपरी रकमान्तर गरेको र कमिशनका लागि योजनाहरु बेचेको आरोप प्रदेश सभामा लगाएका थिए ।

प्रदेश सभाको बैठकमा कमिशन लिएर रकमान्तर गरिएको र सशर्त अनुदान उपलपब्ध गराइएको आरोप सभासदहरुले लगाएपछि छानबिनको माग उठेको थियो ।

पहिलो बैठकले प्रमाणित विवरण माग गर्ने निर्णय गरेको छ ।

प्रदेश सभामा अर्थमन्त्री यादवले असार १ गते बजेट प्रस्तुत गरिसकेपछि रकमान्तर र सशर्त अनुदान पठाएको सभासदहरुको आरोप छ । उनीहरुले प्रदेश सभालाई छलेर कमिशनको आधारमा रकमान्तर र योजनाहरु वितरण गरिएको आरोप लगाए पनि अर्थमन्त्रीले

- प्रदेश सभामा उठेका विषय छानबिन समितिबाट प्रमाणित हुन नसके विपक्षीहरु 'बैकफुट'मा जानेछन् ।तर कमिशनको चलखेल भएको समितिले प्रमाण जुटाउन सके मन्त्रीलाई पदमुक्त हुने नैतिक दबाब पर्न सक्छ ।
- 'छानबिन समितिले स्वतन्त्र रुपमा निष्पक्ष भएर काम गर्नेछ ' अध्यक्ष महतोले भने, अर्थमन्त्रीमाथि प्रदेश सभामा प्रश्न उठिसकेकाले यथार्थ बुझ्न समिति गठन भएको छ ।

प्रदेश सभामा मुख्यमन्त्री सरोज कुमार यादवले आरोप लगाएका प्रमाण उपलब्ध गराउन आग्रह गर्दै अनियमितता भएको प्रमाणित भए मन्त्रीलाई तत्काल बर्खास्त गर्ने बताएका थिए । उनले नै छानबिन गर्न विशेष संसदीय समितिको प्रस्ताव गरेपछि प्रदेश सभाले समिति गठन गरेको थियो । समितिको त्यसलाई अस्वीकार गर्दै आएका छन् ।

रकमान्तर सरकारको अधिकार क्षेत्र भित्रको विषय रहेको उल्लेख गर्दै मन्त्री यादवले त्यसमा कुनै अनियमितता नभएको दाबी गरिरहेका छन् । मन्त्री यादवको दाबी र प्रदेश सभामा सभासदहरुले लगाएका आरोपको यथार्थ छानबिनबाट आउने बताइएको छ । प्रदेश सभामा उठेका विषय छानबिन समितिबाट प्रमाणित हुन नसके विपक्षीहरु 'बैकफुट'मा जानेछन् ।तर कमिशनको चलखेल भएको समितिले प्रमाण जुटाउन सके मन्त्रीलाई पदमुक्त हुने नैतिक दबाब पर्न सक्छ ।

'छानबिन समितिले स्वतन्त्र रुपमा निष्पक्ष भएर काम गर्नेछ ' अध्यक्ष महतोले भने, अर्थमन्त्रीमाथि प्रदेश सभामा प्रश्न उठिसकेकाले यथार्थ बुझ्न समिति गठन भएको छ । मन्त्रालयले उपलब्ध गराउने प्रमाणित विवरणहरुकै आधारमा योजनाहरुको खोजी, त्यसको प्रगति र अन्य कैफियतहरुको खोजी गरिने उनले बताए । समितिले दुई महिना भित्र काम सकेर प्रदेश सभामा प्रतिवेदन बुझाउने अध्यक्ष महतोले जनाए ।

विशेष संसदीय समितिमा नागेन्द्र प्रसाद साह, राजुकुमार गुप्ता, शम्भु प्रसाद साह, जवाहर प्रसाद कुशवाहा, कनिस पटेल र कञ्चन बिच्छा रहेका छन् ।

त्यसैगरी, विमला अन्सारी, उर्मिला देवी सिंह र दीपेन्द्र ठाकुर रहेका छन् । महतो समितिको अध्यक्ष भएका छन् ।

प्रदेश सभाले समितिको कार्यक्षेत्र आर्थिक वर्ष ०७९/०८० को कार्यक्रम छानबिन गरी सभामा प्रतिवेदन पेश गर्ने तोकिएको छ ।

समितिको कार्यविधि साउन १ गतेदेखि २ महिनाको हुने र सभामुखको निर्देशनमा समितिले आफ्नो कार्यविधि आफै व्यवस्थित गर्ने सभाले तोकेको छ । यस प्रयोजनका लागि समितिले प्रदेश सरकारका निकायहरुसित आवश्यक कागजात माग गर्ने अधिकार सभाले दिएको छ ।

प्रदेश सभाले विगतमा पनि कयौं छानबिन समिति गठन गरेको थियो । तर ती समितिहरु मध्ये बक्यौता रकम भुक्तानीका लागि गठन भएको समितिको प्रतिवेदन बाहेकको प्रतिवेदन कार्यान्वयन भएको छैन् । प्रदेश सभाको समितिले स्थलगत रुपमा योजनाहरुको निरीक्षण, विज्ञहरुको राय लिन आर्थिक लगानी भए पनि त्यो कार्यान्वयन नहुँदा सबै व्यर्थ हुने गरेको छ ।

## गौर हत्याकाण्डका दोषीलाई कारबाहीको माग गर्दै प्रदर्शन

**राकेश यादव**

गौर । रौतहट जिल्लाको गौर हत्याकाण्डमा संलग्न रहेकालाई क़ानुनी कारबाहीको माग गर्दै आम जनता पार्टी (आजपा) तथा गौर हत्याकाण्ड पीडित संघर्ष समिति रौतहटले सोमबार सदरमुकाम गौरमा प्रदर्शन गरेका छन् ।

२०६३ साल चैत्र २७ गतेका दिन दिउँसो १ बजेको समयमा तत्कालीन मधेशी जनाधिकार फोरम नेपाल र नेकपा माओवादीका कार्यकर्ताबीच भएको दोहोरो झडपमा २७ जना माओवादी कार्यकर्ताको मृत्यु भएको थियो ।

आजपाका अध्यक्षसमेत रहेका सांसद प्रभु साहले हत्यामा संलग्न भएकालाई क़ानुनी दायरामा ल्याउन दबाब सृजना गर्ने उद्देश्यले प्रदर्शन गराएका छन् ।

जनता समाजवादी पार्टी( जसपा)का अध्यक्ष उपेन्द्र यादवको सो घटनामा संलग्नता रहेको उनीहरुको आरोप छ ।सांसद साहले गौर घटनाको नाममा पूर्व माओवादीहरुलाई गौरमा एकत्रित गर्न चाहेको बताइन्छ ।

'गौर हत्याकाण्डको फाइल खोल ,सम्पूर्ण आरोपिमाथि कारबाही गर' नारासहित निकालिएको र्‍याली जिल्ला प्रशासन कार्यालयको मुख्य गेट अगाडि प्रदर्शन गर्दै ज्ञापनपत्र समेत बुझाएको संघर्ष समितिका संयोजक रूपसागर देवीले बताएकी छन् ।

जसपाका केन्द्रीय सदस्य योगेन्द्र यादवले घटना भएको दिन गौरमासमेत नरहेका अध्यक्ष उपेन्द्र यादवलाई बदनाम गर्न साहले विरोध कार्यक्रम गरिरहेको आरोप लगाएका छन् ।

काठमाण्डुमा रहेका यादवलाई हत्यामा संलग्न रहेको आरोप लगाउनु हास्यास्पद भएको उनले सामाजिक सञ्जालमा लेखेका छन् ।

ज्ञापनपत्रमा २०६४ चैत्र २८ गते हत्याकाण्डको जाहेरी दर्ता गराएको १७ वर्ष वितिसक्दा पनि कुनै कारबाही नगरिएको जिकिर गरिएको छ ।

मधेशी जनाधिकार फोरम नेपालको पूर्व निर्धारित कार्यक्रम अनुसार गौर राइस मिलको प्राङ्गणमा दक्षिणतर्फ आम सभाको लागि स्टेज बनाइएको बेला तत्कालीन नेकपा माओवादीका जनसरकार प्रमुख विन्देश्वर यादव र इन्चार्ज रहेका प्रभु साहले बाहिरबाट माओवादी कार्यकर्ता बोलाएर सोही दिन सोही ठाउँमा उत्तरतर्फबाट आफ्नो स्टेज बनाएका थिए ।

पूर्व घोषित कार्यक्रम फोरमको रहेकोले कार्यक्रम नगर्नु भनी तत्कालीन प्रमुख जिल्ला अधिकारीसहितका सुरक्षा निकायका प्रमुख प्रभु साहलाई आग्रह गर्दा पनि बलपूर्वक कार्यक्रम आयोजना गरेको र फोरमको कार्यकर्ताले निकालेको जुलुसमाथि आक्रमण गर्दा भएको झडपमा माओवादी कार्यकर्ताको मृत्यु भएको थियो ।

ज्ञापनपत्रमा कारबाही नभए विभिन्न आन्दोलनको कार्यक्रम गर्ने घोषणा गरिएको छ ।

साउन २ गते देखि १२ गतेसम्म पालिकाहरुमा गौर हत्याकाण्डको जानकारी एवम् अन्तरक्रिया साउन १३ गते शहीद परिवार एवं पीडितहरुद्वारा धर्ना , १४ गते मोटरसाइकल र्‍याली र १५ गते देखि अनिश्चितकालीन रौतहट बन्द गर्ने कार्यक्रम सार्वजनिक गरिएको छ ।

यस अघि राजधानी काठमाण्डुमा संघर्ष समितिका सदस्यहरुले उपप्रधान एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठसित भेंटेर ज्ञापन बुझाएका थिए ।

मन्त्री श्रेष्ठले घटनाका दोषीहरुलाई कानुनी दायरामा ल्याउने प्रतिबद्धता जनाएका थिए ।




साउन २ गते देखि १२ गतेसम्म पालिकाहरुमा गौर हत्याकाण्डको जानकारी एवम् अन्तरक्रिया साउन १३ गते शहीद परिवार एवं पीडितहरुद्वारा धर्ना , १४ गते मोटरसाइकल र्‍याली र १५ गते देखि अनिश्चितकालीन रौतहट बन्द गर्ने कार्यक्रम सार्वजनिक गरिएको छ ।

SEE/SLC पछि Dental Science मा
भर्ना खुल्यो
नेपाल डेन्टल हस्पिटल एण्ड टेक्निकल रिर्सच इन्सिच्युट प्रा.लि.
जनकपुरधाम-७, धनुषा
CTEVT बाट सम्बन्धन प्राप्त विश्वविद्यालयहरुबाट समकक्षता प्राप्त यस नेपाल डेण्टल हॉस्पिटल एण्ड टेक्निकल रिसर्च ईन्सिच्युट प्रा.लि.मा शैक्षिक सत्र २०८०/८१ मा
Certificate in Dental Science (Dental Hygienist)
(३ वर्षे) कोर्षमा भर्ना खुल्यो ।
फाराम भर्ने अन्तिम मिति : २०८०/04/१२
प्रवेश परीक्षा मिति : २०८०/04/२४ बिहान ८:00 बजे



विस्तृत जानकारीका लागि
NEPAL DENTAL HOSPITAL & TECHNICAL RESEARCH INSTITUTE (P.) Ltd.
Janakpurdham - 7, Dhanusha
(भ्रमरपुरा चौक देखि परिक्रमा सडक जाने बाटोमा, जनकपुर ट्रमा सेन्टर हॉस्पिटल देखी १०० मी. अगाडि)
Contact No. : - 9844022464, 9817686279, 9804871851



# बैंक लुटेर अझै फरार

**टुडे समाचारदाता**

जनकपुरधाम । महोत्तरीको महोत्तरी गाउँपालिका- २ बजार स्थित एनएमबी बैंक लुटिएको डेढ महिना वितिसक्दा पनि लुटेरा अझै फरार रहेका छन् ।




लुटेराहरु पक्राउ गर्न बैंक लुटिएदेखि प्रहरी अनुसन्धानमै छ । तर लुटमा संलग्न एक जना पनि पक्राउ परिसकेका छैनन् ।

गत जेठ १६ गते दिउँसै पेस्तोलसहित चार जनाको एक समूहले बैंक लुटेको थियो । लुटेराहरु अझै पक्राउ नपर्दा जिल्लाको सुरक्षा व्यवस्थामाथि प्रश्न खडा भएको छ ।

महोत्तरीका प्रहरी उपरीक्षक प्रकाश मल्लले सो विषयको अनुसन्धान अन्तिम चरणमा रहेको दाबी गर्छन् । तर, बैंकबाट अनुसन्धान सुरु गरेपछि ढिलो भएको उनी स्वीकार गर्छन् ।

'हामीहरु जहाँबाट घटना भयो त्यहीबाट अनुसन्धान सुरु गऱ्यौं,'एसपी मल्ले भने,' तब सम्म ढिलो भइसकेको थियो । लुटेराहरु अर्लट भइसकेको थियो । त्यही भएर बढी समय लागिरहेको छ ।' उनका अनुसार लुटेराहरुको विषयमा प्रमाण फेला परिसकेको छ । अन्य मुलुकको व्यक्ति संलग्नता रहेको देखिएको छ ।

प्रहरीले मानवीय, प्राविधिक र व्यवहारिक तरिकाबाट अनुसन्धानको आधारमा केही प्रमाण फेला पारेको उनले बताए । तर, उक्त प्रमाण पर्याप्त नरहेको उनले बताए ।

बैंकले सुरुमा ३५ लाख लुटिएको भने पनिपछि हिसाव किताव मिलाउँदा १५ लाख एक हजार चार सय ९३ रुपैयाँ मात्रै लुटिएको उनले बताए ।

लुटेराहरु मास्क लगाएर गत जेठ १६ गते अपरान्ह १२ बजेर २५ मिनेटमा हतियारसहित चार जना बैंक प्रवेश गरेको सीसीटिभी फुटेजमा देखिन्छ ।

उनीहरुले मुखमा मास्क र हातमा हतियार बोकेका थिए । उनीहरुले सुरुमा काउन्टर बाहिरबाट एक कर्मचारीलाई पेस्तोल देखाएका थिए ।

त्यसपछि ग्राहकलाई एक ठाउँमा उभाएर उनीहरू काउन्टरभित्र प्रवेश गरेका थिए । लुटेराहरुले एक सेवाग्राहीको कपडा लिइ भित्र गइ पैसा संकलन गरेका थिए । केहीबेरमा त्यही कपडामा पैसा पोको पारेर ल्याएका थिए ।

# मन्त्री अन्सारीद्वारा सामुदायिक विद्यालयको उद्घाटन

**टुडे समाचारदाता**

वीरगाञ्ज । मधेश प्रदेशका उद्योग वाणिज्य तथा पर्यटन राज्यमन्त्री रहबर अंसारीले सामुदायिक विद्यालयको उद्घाटन भएको छ।




हरपतगंज–२० र बहुअरी वीरगञ्ज–१४ स्थित उम्मे कुलसुम लिलबनात (कन्या विद्यालय) विद्यालयमा आधुनिक टेक्नोलोजी भएका कक्षा (Innovative Learning Center -ILC) संचालनमा ल्याएका छन् ।

पर्सा जिल्लाको हरपतगंजको सामुदायिक विद्यालय तथा बहुअरीको कन्या विद्यालयमा Innovative Learning Center -ILC स्थापना गरी मन्त्री अन्सारीले दुरदर्शी सोंचका साथ यो कक्षा संचालनमा ल्याएका छन् ।

मन्त्री अन्सारीले यसबाट विद्यार्थी र शिक्षक दुबैले परम्परागत शिक्षण विधिहरू भन्दा बाहिर गएर प्रयोगात्मक शिक्षा, ह्यान्ड-अन गतिविधिहरू, र प्रविधि र अन्य नवीन उपकरणहरूको प्रयोगमा आफूलाई केन्द्रित गरी गुणस्तरीय शिक्षा हासिल गर्ने बताए ।

मधेश प्रदेशमा थुप्रै नेता र विद्वानहरु रहेका छन् तर कसैले गाउँ घरका र गरीब जनताका बालबालिकाका लागि आधुनिक कक्षा संचालनमा नल्याएको दुखेसो पोख्दै भने कि मेरो कार्यकालमा जति सक्छु गाँउ तथा शहरका सरकारी विद्यालयहरुमा यस्ता खाले पूर्ण आधुनिक प्राविधिकसहितका कक्षा संचालनमा ल्याएर शैक्षिक सुधारमा सधै तत्पर रहने प्रतिबद्धता जनाए ।

उनले भने, आगामी दिनहरूमा वीरगञ्जबाट पनि राष्ट्रको विकासमा योगदान पुऱ्याउन सक्ने युवाहरूको विकास गर्ने, र फेसबुक, गुगल, टेस्ला जस्ता विश्व प्रसिद्ध उत्पादनहरूको सिर्जना नेपाली युवहरूले कल्पना गर्न सक्ने वातावरण बनाउनु नेतृत्वदायी भूमिकामा रहेका हरेक व्यक्तिको कर्तव्य हो बताए ।

# नगरपालिकाद्वारा करारका कर्मचारी हटाइयो

**टुडे समाचारदाता**

लहान ।
सिरहा नगरपालिकाले करारको कर्मचारीहरुलाई हटाएका छन् ।




नगरपालिका मातहत रहेको सबै आधारभूत स्वास्थ्य सेवा केन्द्रहरुमा कार्यरत करार स्वास्थ्यकर्मी कर्मचारीहरुलाई हटाएका छन् ।

आधारभूत केन्द्रहरुमा कार्यरत स्वास्थ्यकर्मीहरु तथा कार्यालय सहयोगीहरुलाई हटाएका छन् ।

नगरपालिकाले संघीय सरकारको सशर्त अनुदानतर्फ उनीहरुको तलब भत्ता विनियोजन नगरेकोले साउन १ गतेदेखि सेवा करारको म्याद थप नगर्ने जनाएका छन् ।

नगरकार्यपालिकाले २६ चैत्र २०७९ मा म्याद थप नगर्ने निर्णय अनुसार साउन १ गतेदेखि म्याद थप नहुने सूचनामा उल्लेख छ ।

# पेस्तोलसहित दुई जना पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । हत्यार देखाएर धम्की दिएको आरोपमा दुई जना पक्राउ परेको छ ।

सोमबार धनुषा प्रहरीले जनकपुरधाम उपमहानगरपालिका महाविर चोकबाट दुई जनालाई पक्राउ गरेको छ ।

उनीहरुले मोटरसाइकलमा चढेर महावीर चोकमा विभिन्न व्यक्तिलाई धम्की दिने गरेका थिए ।



प्रहरीले खबर पाएपछि विशेष टोली परिचालन गरेका थिए ।

उनीहरुलाई पक्राउ गरी अनुसन्धान गर्दा नक्कली पेस्तोल बरामद भएको धनुषाका प्रहरी नायव उपरीक्षक वेदप्रसाद गौतमले जानकारी दिए ।

उनका अनुसार पक्राउ परेका दुबै जना १६ वर्षमुनीका छन् । सोही कारण उनीहरुको परिचयसमेत खुलाइएको छैन् ।

पक्राउ परेका दुबै किशोर धनुषा प्रहरीको हिरासतमा छन् । उनीहरुमाथि थप अनुसन्धान भइरहेको छ ।

# रोम विधान अगाडि बढाउन आग्रह

**टुडे समाचारदाता**

जनकपुरधाम । राष्ट्रिय मानव अधिकार आयोगले अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान अनुमोदन प्रक्रिया तत्काल अघि बढाउन सरकारलाई आग्रह गरेको छ ।

फौजदारी न्यायसम्बन्धी अन्तर्राष्ट्रिय दिवसको अवसरमा सोमबार विज्ञप्ति जारी गर्दै आयोगले सरकारलाई रोम विधान अनुमोदन गर्न आग्रह गरेको छ । रोम विधानमा अन्तर्राष्ट्रिय फौजदारी अदालतले अन्तर्राष्ट्रिय कानुनद्वारा परिभाषित युद्ध अपराध, आम नरसंहार, मानवताविरुद्धको अपराध र प्रत्याक्रमण जस्ता गम्भीर अपराधमा संलग्न व्यक्तिलाई जवाफदेही बनाउन एवम् पीडितलाई न्यायको सुनिश्चित गर्ने व्यवस्था गरिएको छ ।

मानवअधिकार, मानवीय कानुन तथा फौजदारी न्यायको माध्यमबाट पीडितलाई न्याय सुनिश्चित गर्न र दोषीलाई जवाफदेही बनाउने सन्दर्भमा रोम विधानलाई कोशे ढुंगाको रुपमा लिइन्छ । यस सम्बन्धमा अध्ययन गरी उक्त विधान अनुमोदन गर्न आयोगले २०६५ साल साउन २२ गते नेपाल सरकारलाई पत्राचार गरेको थियो । दण्डहीनतालाई प्रश्रय दिने किसिमका कानुन निर्माणको कार्य नरोकिएको भन्दै आयोगले चिन्ता पनि व्यक्त गरेको छ ।

भ्रष्टाचार नियन्त्रणमा सक्रिय आयोग

# एक सय ६२ मुद्दामा एक अर्ब ७७ करोड बराबरको बिगो दाबी

काठमाण्डु । अख्तियार दुरूपयोग अनुसन्धान आयोगले भ्रष्टाचार तथा भ्रष्टाचारजन्य गतिविधिमा संलग्नलाई रु एक अर्ब ७७ करोड ५८ लाख ४६ हजार चार सय ३७ बराबरको बिगो दाबी गरेर विशेष अदालतमा मुद्दा दायर गरेको छ ।

आयोगले आर्थिक वर्ष २०७९/८० मा सम्पादन गरेका कामको प्रारम्भिक विवरण सार्वजनिक गरेको छ । सो आवमा आयोगले कूल एक सय ६२ मुद्दा दायर गरेको छ । ती मुद्दामा प्रतिवादीको संख्या सात सय ६० छन् । त्यसमा विशिष्ट श्रेणीका कर्मचारी एक, अन्य कर्मचारी तीन सय ५५, विचौलिया वा मतियारलगायत एक सय ७८ जना रहेका छन् ।

सो आवमा आयोगले सम्पन्न गरेको काम कारबाहीको जानकारी दिँदै प्रवक्ता भोला दाहालले दुई सय २६ जना निर्वाचित र मनोनीत पदाधिकारीसमेत भ्रष्टाचारमा संलग्न रहेको जानकारी दिनुभयो । आयोगका अनुसार गैरकानूनी लाभहानिमा ६४ वटा मुद्दा दायर गरिएको छ । त्यसमा प्रतिवादीको सङ्ख्या चार सय ४२ जना छन् । घुस मागेको आरोपमा ३२ वटा मुद्दा दायर भएका छन् । त्यसमा प्रतिवादीको सङ्ख्या ४६ जना छन् ।

सार्वजनिक सम्पत्तिको हानिमा २७ वटा मुद्दा दायर हुँदा एक सय ५० जनालाई प्रतिवादी बनाइएको छ । गैरकानूनी सम्पत्ति आर्जनमा १३ वटा मुद्दा दायर हुँदा २९ जनालाई प्रतिवादी बनाइएको छ । यसैगरी, नक्कली शैक्षिक प्रमाणपत्रका आठवटा मुद्दा दायर हुँदा आठै जना प्रतिवादी कायम गरिएको छ । राजस्व हिनामिनामा सातवटा मुद्दामा ४६ जनालाई प्रतिवादी कायम गरिएको छ । विविधतर्फ ११ वटा मुद्दा दायर हुँदा ३९ जनालाई प्रतिवादी कायम गरिएको छ ।

> आर्थिक वर्ष २०७९/८० मा आयोगले ३७ पटक आकस्मिक कारबाही गरेको थियो । त्यसमा ४० कर्मचारी घुस रकमसहित पक्राउ परेका थिए । त्यसैगरी, छ बिचौलिया र आठजना निर्वाचित पदाधिकारी पक्राउ परेको प्रवक्ता दाहालले जानकारी दिनुभयो ।

आर्थिक वर्ष २०७९/८० मा आयोगले ३७ पटक आकस्मिक कारबाही गरेको थियो । त्यसमा ४० कर्मचारी घुस रकमसहित पक्राउ परेका थिए । त्यसैगरी, छ बिचौलिया र आठजना निर्वाचित पदाधिकारी पक्राउ परेको प्रवक्ता दाहालले जानकारी दिनुभयो । आयोगले विशेष अदालतमा दायर गरेकामध्ये तीन सय ४१ वटा फैसला गरेको थियो । त्यसमा सफाइ पाएका मुद्दामध्ये दुई सय ३७ वटा मुद्दामा आयोगले पुनरावेदन गरेको छ । अघिल्लो आर्थिक वर्ष २०७८/७९ मा यसरी आयोगले कूल ५७ वटा मुद्दामा पुनरावेदन गरेको थियो ।

आव २०७९/८० मा आयोगले कूल एक सय ६२ मुद्दा विशेष अदालतमा दायर गरेको छ । यस्तै सोही आवमा आयोगका ७८ वटा बैठकले एक हजार दुई सय ४६ वटा निर्णय गरेको छ ।

गत आर्थिक वर्षमा आयोगमा विभिन्न माध्यमबाट २० हजार तीन सय ६८ वटा उजुरी दर्ता भएका थिए । त्यसमा अघिल्लो आर्थिक वर्ष २०७८/७९ बाट जिम्मेवारी सरेर आएका सात हजार एक सय ६२ समेत गरी कूल २७ हजार पाँच सय ३० उजुरी रहेका छन् । त्यसमध्ये १८ हजार दुई सय ४५ वटा उजुरीको सम्बोधन गरिएको छ । त्यो कूल उजुरीको करिब ६६ दशमलव २७ प्रतिशत बराबर हो । रासस

# एक सय ५४ पालिकाले बुझाएनन् बजेट पारित भएको विवरण

काठमाण्डु । नयाँ आर्थिक वर्ष सुरु भइसक्दासमेत एक सय ५४ पालिकाले अझै वार्षिक बजेट ल्याएको विवरण बुझाउन सकेका छैनन् ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार पार्ने 'स्थानीय तहको आर्थिक वर्ष २०८०/८१ को बजेट अपडेट' विवरणअनुसार सोमबार दिउँसो साढे २ बजेसम्ममा २० दशमलव ४५ प्रतिशत पालिका बजेटविहीन रहेको देखिएको हो । यस अवधिसम्ममा बजेट पेस भइसकेका पालिकाको सङ्ख्या पाँच सय ९९ छ ।

मन्त्रालयको विवरणअनुसार सबैभन्दा धेरै मधेस प्रदेशमा ६३ वटा स्थानीय तहले बजेट ल्याएका छैनन् । सबैभन्दा कम कर्णाली प्रदेशका चार स्थानीय तहले मात्रै बजेट ल्याउन बाँकी रहेको देखिएको हो । कोशी प्रदेशका २९, बागमतीका २४, गण्डकीका सात, लुम्बिनीका १४ र सुदूरपश्चिमका १३ पालिकाले आफ्नो वार्षिक बजेट पारित भएको विवरण पेस गरेको देखिँदैन ।

सङ्घीय मामिला मन्त्रालयका सहायक प्रवक्ता अश्विनकुमार पोखरेलका अनुसार बजेट पारित गरिसकेका पालिकाले पनि मन्त्रालयको प्रणालीमा प्रविष्टि (इन्ट्री) नगर्दा यस्तो सङ्ख्या धेरै देखिएको हो । "धेरै पालिकाले बजेट पारित गरिसकेका भए पनि पोर्टलमा हालिसकेका छैनन् । हालसम्म बजेट पेस नै नगरेका २० भन्दा बढी पालिका छैनन् भन्ने हाम्रो अनुमान छ", उहाँले भन्नुभयो । मन्त्रालयको प्रणालीमा बजेट प्रविष्ट नगरेका पालिकालाई त्यस्तो विवरण चाँडो बुझाउन परिपत्र गरिएको उहाँले बताउनुभयो ।

सङ्घीय मामिला मन्त्रालयले आइतबार सबै पालिका तथा जिल्ला समन्वय समितिलाई पत्र पठाउँदै चालु आर्थिक वर्ष २०८०/८१ को बजेट पेस भई सम्बन्धित नगरसभा तथा गाउँसभाबाट स्वीकृत भएको विवरण अद्यावधिक गर्न भनेको हो ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम गाउँसभा तथा नगरसभामा पेस भएको बजेट असार मसान्तसभित्रमा पारित गरिसक्नुपर्ने व्यवस्था छ । गाउँसभा तथा नगरसभामा पेश भई पारित भएको विवरण सङ्घीय मामिला मन्त्रालयको पोर्टलमा अद्यावधिक गराउनुपर्ने व्यवस्था छ । बजेट पेस गरेका तर गाउँसभा तथा नगरसभाबाट पारित हुन बाँकी रहेका पालिकालाई पनि बजेट पेस भएको विवरण जानकारी गराउन मन्त्रालयले निर्देशन दिएको छ ।रासस

## मोटरसाईकल हरायो

मेरो निम्न ब्यहोरा भएको जनकपुरधाम उपमहानगरपालिका, रजौल, जनता माध्यमिक विद्यालयको छेउमा Parking बाट मिति २०८०/३/३१ गते करिब बिहान १०:१५ बजे बागमती प्रदेश ०२-०३७ प ७७१३ नम्बरको कालो रातो रंगको ईन्जिन नं. DKXNK35149 चेचिस नम्बर MD2A13EX4NCK80837 को बजाज कम्पनीको Pulser 200 cc F हुलास फिन सभ लि.को नाउँमा दर्ता रहोको मोटरसाईकल हराएकोले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी चौकी अथवा तलको ठेगानामा खबर गरिदिनु हुन अनुरोध छ ।

**नामः मुकेश कुमार दास**
**ठेगानाः जनकपुरधाम उ.म.न.पा.-१४**
**मो. नं. ९८१९८७२५२९**

## तपाईको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : प्रतिभा सम्पन्नता । |
| बृष | : वाद विवादबाट बच्नु । |
| मिथून | : पुरस्कार प्राप्त लाभ । |
| कर्कट | : बौद्धिक क्षमता । |
| सिंह | : सुख समृद्धि हुने । |
| कन्या | : अवसर प्राप्त । |
| तुला | : शिक्षामा उन्नति । |
| वृश्चिक | : प्रेम प्रसंग, मित्र सुख । |
| धनु | : पारिवाहिक सुख । |
| मकर | : भ्रमण अवसर हुने । |
| कुम्भ | : धन बृद्धि सञ्चय । |
| मीन | : नयाँ कार्य हुने । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# एक्काइस वर्षपछि रेल चढ्न पाउँदा...



महोत्तरी । महोत्तरीको भङ्गाहा-४ पलारकी सियानकीदेवी बाँतरको रेल चढ्ने रहर पूरा भएको छ । सोमबार बिहानै भङ्गाहा-५ स्थित रेलस्टेसनबाट उहाँ रेल चढ्नुभयो । "हमरा सैद्खन रेल चलके इन्तिजार छल, आव पूरा भेल (मलाई सधैँ रेल कहिले चल्ला भन्ने पखाई थियो, अब पूरा भयो)", भङ्गाहा स्टेसनबाट रेल जनकपुरतर्फ गुडेपछि खुसी साँट्दै बाँतरले भन्नुभयो, "आब चल्ली जनकपुर ! घुइमफिरक सभ्कुा रेलस घर चैल आयब (अब हिँडे जनकपुर ! घुमफिर गरेर साँझ रेल चढेरै घर फर्कौंला)।"

विसं २०५९ को बर्खे भेलले बिग्ही नदीको पुल भाँसिएपछि रेल सेवा बन्द भएको थियो । त्यसपछि बाँतरको जनकपुर आवतजावत पातलिएको थियो । आफ्नो ठाउँमा २१ वर्षपछि रेल चलेपछि बाँतरजस्तै भङ्गाहा-४ कै रामनगर बस्तीकी हेमकुमारी सदा पनि दङ्ग हुनुहुन्छ ।

"आब त बजार कर आ सब मेलामें जनकपुर सहजे जासकैछि (अब त बजार काम र जुनसुकै मेला हेर्न सजिलै जनकपुर जान सकिन्छ)", रेल चल्दा खुसी हुनुभएकी सदाले भन्नुभयो ।

आइतबार भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालाले नेपाल रेल्वे कम्पनीको जयनगर-बर्दिबास रेल्वेको भङ्गाहा-कुर्था खण्डको थप १७ किलोमिटर दूरीको सेवा विस्तारको उद्घाटन गर्नुभएपछि सोमबारदेखि नियमित रेल सेवा सुरु भएको हो । रेल सेवा सञ्चालनमा आएपछि यहाँका बासिन्दामा खुसीयाली छाएको छ ।

आफू सानो छँदा आमाले रेलमा चढाएर जनकपुर घुम्न लैजानुभएको सम्झदै भङ्गाहा-४ रामनगरकै ३० वर्षीय रामईश्वर ठाकुर भन्नुहुन्छ, "रेल चढ्न फेरि पायौँ, अब जनकपुरदेखि भारतको जयनगरसित सिधा सम्पर्कमा जोडिएका छौँ ।"

विसं २०५९ अघि भङ्गाहाको यसै ठाउँमा अवस्थित स्टेसनलाई विजलपुरा भनिन्थ्यो । यहाँबाट दैनिक जनकपुर हुँदै जयनगरसम्म रेल सेवा सञ्चालनमा थियो । बर्खेभेलले बिग्ही नदीको पुल भाँसिएपछि रेल सेवा बन्द हुनपुगेको थियो । त्यतिखेर कोइला/दाउराले इञ्जिनको सानो लिकमा चल्ने रेलको ठाउँमा अब ब्रोडगेज (ठूलो लिक) र डिजलबाट चल्ने भएको छ । इञ्जिन र डब्बा (बोगी) टलक्क टल्कने रेल चढेर स्थानीयवासी पहिलो दिन नै रामजानकी दर्शन गर्न जनकपुर प्रस्थान गरेका थिए ।

रेल सेवा विस्तार भई अब जयनगर-बर्दिबाससम्म चल्ने भएको छ । यसका तीन खण्डमध्ये पहिलो खण्ड (कुर्था-जयनगर) को ३५ किमी दुरीमा यसअघि नै सेवा सञ्चालन भइसकेको छ । सोमबार सेवा विस्तार भएको दोस्रो खण्ड (भङ्गाहा-कुर्था) को दूरी १७ किमी छ । तेस्रो खण्ड (भङ्गाहा-बर्दिबास) को १८ किमी दूरीमा भने लिक र अन्य पूर्वाधार निर्माणको काम नथालिँदा यस खण्डमा कहिले रेल चल्ने भन्नेबारे अन्यौल छ । तेस्रो खण्डमा जग्गा मुआब्जा विवाद लम्बिँदा निर्माणमा ढिलाइ भएको छ । किसानले मुआब्जा लिइसकेकाले निर्माण कम्पनीसँग काम अघि बढाउन समन्वय भइरहेको नेपाल रेल्वे कम्पनीका महाप्रबन्धक नीरञ्जन झाले जानकारी दिनुभयो ।

"भङ्गाहा-कुर्था खण्डमा सेवा विस्तार भएपछि अब रेल ५२ किमीमा नियमित चल्ने भएको छ", उहाँ भन्नुहुन्छ, "अब चाँडै तेस्रो खण्डमा काम अघि बढ्ने छ ।" भारत सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा सन् २०१४ देखि काम सुरु भएको हो । बर्दिबास (महोत्तरी)-जनकपुरधाम (धनुषा)-जयनगर (भारत) सम्मको ६९ किलोमिटर दुरीमध्ये अब ५२ किमीमा रेल चल्न थालेको छ ।

रेल सेवा सञ्चालनका तिथिमिति पटक पटक तोकिए पछि रेल नचलेपछि महोत्तरीको भङ्गाहा, पशुपतिनगर, प्रेमनगर, लोहारपट्टी, सिङ्ग्याही, धमौरा, हरिनमरी, हतिसर्वा, मेघनाथगोरहन्ना, बलवासहितका बासिन्दा तथा धनुषाको खोरिया सीतापुर, धुमासान, भूचक्रपुर र कात्तिककुमारसम्मका बासिन्दा निरास भएका थिए । "अब रेल नियमित बढ्न पाइने आशा छ," धनुषाको खोरिया सीतापुरकी कौशल्या कापरले खुसी हुँदै भन्नुभयो ।

"कि कहुँ, पोरे साल रेल चलके वात छल, मुदा ओहिना हल्लेमे सिमटागेल (के भनौँ, परार नै रेल चल्ने कुरा थियो, तर कुरैमा मात्रै सिमित रह्यो)", उहाँले भन्नुभयो- "अब सबै पीर हट्यो, सागसब्जी र दूध सजिलै जनकपुरहुँदै जयनगर बिक्री गर्न सकिने भयो ।" रेल सञ्चालनसँगै व्यापार व्यवसायमा पनि टेवा पुग्ने यहाँका बासिन्दा बताउँछन् ।

अहिले दैनिक एकपटक साँझ भङ्गाहा आउने र बिहान ७.३० बजे रेल छुट्ने व्यवस्था मिलाइएको महाप्रबन्धक झाको भनाइ छ । पछिल्लो पटक २०७८ चैत १९ गते प्रथम खण्ड (कुर्था-जयनगर) मा सञ्चालनमा आएको रेल सेवा गत मङ्सिरको विवाहपञ्चमीदेखि दुईपटक गरिएको थियो । सो खण्डको सेवा सोमबारदेखि तीन पटक गरिएको कम्पनीले जनाएको छ ।

सन् २०१० मा नेपाल र भारतबीच भएको सम्झौताअनुरुप भारत सरकारको रु सात अर्ब २० करोडको आर्थिक सहयोग (सम्झौताका बेला उल्लेखित रकम पछि समय लम्बिँदै जाँदा रु १२ अर्ब पुगेको) मा ब्रोडगेज रेल्वे विस्तारको काम सन् २०१४ मा सुरु भएको हो । निर्माणको काम भारतीय कम्पनी 'इरकन'ले गर्दै आएको छ । रासस

# कक्षा ११ मा भर्ना : भविष्यको योजना बनाएर विषय रोज्ने कि लहडमा ?

काठमाण्डु । माध्यमिक शिक्षा परीक्षा (एसइई) को परीक्षाफल प्रकाशनसँगै कक्षा ११ मा भर्नाका लागि विद्यार्थी र अभिभावक कुन विषय कहाँ पढ्ने भनेर भौंतारिरहेका छन् । कक्षा ११ र १२ अध्यायन हुने अधिकांश शिक्षालयमा प्रवेश परीक्षाको प्रबन्ध गरिएकाले विद्यार्थी एकभन्दा धेरै विद्यालयमा परीक्षा दिन व्यस्त भएका छन् । उनीहरुले प्राप्त स्तरीकृत अङ्कका आधारमा कुन शिक्षालयमा छात्रवृत्ति वा कति शुल्क छुट पाइन्छ भनेर चासोपूर्वक बुझिरहेका छन् ।

कतिपय ठूला भनिएका निजी क्षेत्रका कलेजसमेतले कक्षा ११ मा भर्ना प्रक्रिया लगभग पूरा गरिसकेका छन् । परीक्षाको वार्षिक कार्यतालिका अनुसार भर्नाको राष्ट्रिय क्यालेन्डर लागू नहुँदा विद्यार्थी र अभिभावकमा एक प्रकारको अन्योल देखिएको छ । राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष डा महाश्रम शर्माले यसको समग्र व्यवस्थापनका लागि केन्द्रीय शैक्षिक निकाय र सम्बन्धित स्थानीय तहले समन्वय गर्नुपर्नेमा आफूहरुले स्मरण गराएको बताउनुभयो । बोर्डले स्तरीकृत परीक्षाका लागि जोड दिँदै आएको छ ।

काठमाण्डु महानगरपालिकाले एसइईको नतिजा प्रकाशन भएको १५ दिनसम्म भर्नाका लागि समय दिन सार्वजनिक सूचना गरेको छ भने छात्रवृत्तिका लागि परीक्षा आफैँले लिने तयारी गरेको छ । महानगरपालिकाभित्र सञ्चालित संस्थागत शिक्षण संस्थामा शैक्षिकसत्र २०८०/८१ मा छात्रवृत्तिमा पढ्न चाहनेले यही असार २८ गतेदेखि साउन १२ गतेसम्म अनलाइन आवेदन फाराम भर्न सूचनामा भनिएको छ । छात्रवृत्तिका लागि आगामी साउन २० गते परीक्षा सञ्चालन हुनेछ ।

महानगरपालिकाले कक्षा ११ मा निजी (संस्थागत) विद्यालयले लिने शुल्कको विवरण भर्नाअगावै उपलब्ध गराई स्वीकृत गराउन पनि निर्देशन दिएको छ । मुलुकका अधिकांश स्थानीय तहले भने व्यवस्थितरुपमा कक्षा ११ र १२ को शिक्षाबारे अनुगमन र निर्देशनमा ध्यान दिन सकेका छैनन् ।

कक्षा ११ मा भर्नाका लागि माध्यमिक शिक्षा परीक्षा, कक्षा १० को अध्ययन पूरा गरी एसइईको परीक्षाफलमा न्यूनतम् औसत ग्रेड प्वाइन्ट (जिपिए) का एक दशमलव छ अङ्क प्राप्त गरेका विद्यार्थी योग्य हुनेछन् । यसका लागि राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्को २०७९ भदौ १९ को बैठकको निर्णयअनुसार सानोठिमीस्थित पाठ्यक्रम विकास केन्द्रले गरेको पत्राचारका आधारमा राष्ट्रिय परीक्षा बोर्डले सोबारे सूचित गराइसकेको छ ।

पद्मोदय माध्यमिक विद्यालयका प्रधानाध्यापक नारायणप्रसाद गौतमले आफ्नो विद्यालयमा कक्षा ११ मा विज्ञान विषय पढ्न ८० विद्यार्थीको कोटा रहेकामा पहिलो चरणमा यही साउन ३ गते प्रवेश परीक्षा लिइने र कोटा पूरा नभए अर्को परीक्षा लिइने जानकारी दिनुभयो । पर्याप्त प्रयोगशाला अभावकाका कारण विद्यालयले विद्यार्थीको कोटा बढाउन सकेको छैन । विद्यार्थीले विषय र शिक्षालय रोज्दा साथीसाथीको लहैलहैमा लागेर नभई भोलिको आफ्ना योजना के छ, त्यसलाई पूरा गर्न कहाँ सहज हुन्छ भन्ने आधारमा विद्यालय छान्न उहाँले सुझाव दिनुभयो ।

जेभियर इन्टरनेशनल स्कुलका प्रबन्ध निर्देशक लोकबहादुर भण्डारीले विद्यार्थीले सुनेको सूचनाका आधारमा मात्र नभई आफैँले सामाजिक सञ्जालबाट अध्ययन र स्थलगत अवलोकन गरेर शिक्षालयको गुणस्तर, उचित वातावरण, शिक्षण प्रक्रियाको टुल्स, अन्तर्राष्ट्रियस्तर आदि हेरेर विषय र विद्यालय रोज्ने गरेको पाइएको बताउनुभयो । जिपिए ४ ल्याउने कतिपय विद्यालय आफ्नो कलेजमा भर्नाका लागि आएको उल्लेख गर्दै उहाँले निजी शिक्षालयबीच हुने स्वच्छ प्रतिस्पर्धालाई सबैले स्वीकार्नुपर्नेमा जोड दिनुभयो ।

नेपाली उपभोक्ता महासङ्घका प्रवक्ता लुमडी कार्कीले उस्तै विषय उस्तै शिक्षालयमा पढ्न कतै वर्षमा रु ५० हजार भए हुने र कतै रु पाँच लाखसम्म लाग्ने स्थिति देखिएकाले यसबारे आफूहरुले स्थलगत अध्ययन गरी प्रतिवेदन ल्याउने तयारी गरेको जानकारी दिनुभयो ।

उहाँले उपभोक्तालाई हुने यस प्रकारको भ्रम चिर्न र ठगी रोक्न कानुनी उपचारमा जान आफूहरु बाध्य हुने बताउनुभयो । हाल कक्षा ११ र १२ मा सामुदायिक तीन हजार छ सय ८६, निजी एक हजार एक सय ३२ र धार्मिक २८ गरी चार हजार आठ सय ४६ विद्यालय छन् । शिक्षा तथा मानवस्रोत केन्द्रका अनुसार शैक्षिकसत्र २०७९ मा कक्षा ९ देखि १२ सम्ममा ७५ दशमलव चार प्रतिशत खुद भर्नादर रहेको छ भने कक्षा १२ सम्मको टिकाउ दर ३५ दशमलव छ प्रतिशत रहेको छ । आर्थिक वर्ष २०७९/८० को फागुनसम्मको अवधिमा कूल सात हजार नौ सय ३७ ले वैदेशिक अध्ययनका लागि अनुमतिपत्र लिएको आँकडा छ । रासस

# विपद्को पूर्वतयारीमा जुट्न मधेश प्रदेश सरकारको निर्देशन

वीरगञ्ज । मधेश प्रदेश सरकारले बाढी, डुबान, कटान, चट्याङलगायतका विपद्बाट हुने सक्ने धनजनको क्षति न्यूनीकरणका लागि विपद् पूर्वतयारीमा जुट्न सरकारी तथा गैरसरकारी निकायलाई निर्देशन दिएको छ ।

मधेश प्रदेश सरकारले सुरक्षा निकाय सम्मिलित प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिको बैठकमार्फत विपद्का घटनाबाट हुनसक्ने धनजनको क्षतिलाई न्यूनीकरण गरी राहत, उद्धार कार्यको पूर्वतयारीमा जुट्न सबै सरकारी एवं गैरसरकारी निकायलाई निर्देशन दिएको हो ।

वर्षायामको बेला मधेश प्रदेशका जिल्लामा बाढी, डुबान, कटान र चट्याङलगायतका विपद्को घटनाबाट धनजनको क्षति हुने गरेकाले त्यसलाई दृष्टिगत गरी विपद्को पूर्वतयारीमा जुट्न सबै निकायलाई निर्देशन दिने बैठकले निर्णय गरेको मधेश प्रदेश सरकारका गृह, सञ्चार तथा कानुन मन्त्रालयका सचिव उमेशकुमार ढकालले जानकारी दिनुभयो ।

"विपद्बाट हुने धनजनको क्षतिलाई न्यूनीकरण गर्न तथा उद्धार र राहतको लागि तयारी अवस्थामा रहन सबै निकायलाई निर्देशन दिइएको छ", उहाँले भन्नुभयो, "नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बललाई उद्धार कार्यका लागि उपलब्ध स्रोत, साधन र उपकरण तयार अवस्थामा राख्न निर्देशन दिइएको छ", सो कार्यमा आवश्यक सहयोग र सहजीकरणका लागि स्थानीय विपद् व्यवस्थापन समितिलाई आग्रह गर्ने निर्णयसमेत भएको उहाँको भनाइ छ ।

मधेश प्रदेश सरकारका मुख्यमन्त्री तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिका अध्यक्ष सरोजकुमार यादवको अध्यक्षतामा बसेको बैठकले नेपाल रेडक्रस सोसाइटी, गैरसरकारी संस्था र अन्य दातृ निकायले राहत सामग्री तयारी अवस्थामा राख्ने र प्रदेश सरकारको गृह, सञ्चार तथा कानुन मन्त्रालयसँग समन्वय गरी जिल्ला विपद् व्यवस्थापन समितिहरू र स्थानीय विपद् व्यवस्थापन समितिमार्फत एकद्वार नीतिको अवलम्बन गरी विपद्का घटनाबाट पीडितलाई राहत सामग्री वितरण गर्ने निर्णय गरेको सचिव ढकालले जानकारी दिनुभयो ।


उहाँका अनुसार बैठकले प्रदेश स्वास्थ्य मन्त्रालयले औषधिसहितको स्वास्थ्योपचार व्यवस्था र खानेपानी मन्त्रालयले शुद्ध खानेपानी एवं सरसफाइको पर्याप्त व्यवस्था मिलाउने गरी तयारी अवस्थामा रहन निर्देशन दिँदै प्रदेश आपत्कालीन कार्य सञ्चालन केन्द्रको सञ्चालनलाई प्रभावकारी बनाउन तथा सुरक्षा निकाय निकायबीच विपद् प्रतिकार्यमा समन्वयलाई मजबुद बनाउन सो केन्द्रमा नेपाली सेना र सशस्त्र प्रहरी बलको जनशक्ति परिचालन गर्ने निर्णय गरेको छ ।

बैठकले अद्यावधिक गरिएको मधेश प्रदेशको प्रदेश मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना र प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नीति रणनीति योजना स्वीकृत गर्दै प्रदेशका विभिन्न जिल्लामा विपद् पूर्वतयारीसम्बन्धी कार्यशाला गोष्ठी सञ्चालन गर्ने निर्णय गरेको छ ।

साथै सोही बैठकले विपद्सम्बन्धी अतिआवश्यक सामग्री खरिद गर्नका लागि प्रदेश विपद् व्यवस्थापन कोषबाट प्रदेशका आठवटै जिल्ला प्रशासन कार्यालयलाई रु पाँच लाखका दरले उपलब्ध गराउने निर्णय गरेको सचिव ढकालले बताउनुभयो ।

बैठकले लम्पी स्किन रोग नियन्त्रणका लागि आवश्यक एलएसडी भ्याक्सिन खरिद गर्न प्रदेश सरकारको भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयलाई रु सात लाख उपलब्ध गराउने निर्णय गरेको जनाएको छ । रासस

# गत आवमा करिब ८० प्रतिशत बजेट खर्च




काठमाण्डु । गत आर्थिक वर्ष २०७९/८० मा सङ्घीय सरकारले वार्षिक लक्ष्यको करिब ८० प्रतिशत बजेट खर्च गरेको छ ।

गत आवका लागि सरकारले कूल रु १७ खर्ब ८३ अर्ब ७३ करोड ६३ लाख बराबरको बजेट ल्याएको थियो । आव सकिँदासम्ममा उक्त विनियोजित बजेटमध्ये ७९ दशमलव ६९ प्रतिशतअर्थात् रु १४ खर्ब २९ अर्ब ५६ करोड ४० लाख बराबर खर्च भएको महालेखा नियन्त्रक कार्यालयले जनाएको छ ।

गत आव चालुतर्फ ८५, पुँजीगततर्फ ६१ दशमलव ४४ र वित्तीय व्यवस्थातर्फ ८२ दशमलव ५८ प्रतिशत बजेट खर्च भएको छ । चालु शीर्षकमा रु ११ खर्ब ८३ अर्ब २३ लाख ५१ हजार बराबरको बजेट विनियोजन भएको रु १० खर्ब पाँच अर्ब ७५ करोड ९४ लाख बराबर खर्च भएको छ ।

त्यस्तै, पुँजीगत शीर्षकमा रु तीन खर्ब ८० अर्ब ३८ करोड ४५ लाख बराबर विनियोजन भएकोमा रु दुई खर्ब ३३ अर्ब ६९ करोड ५९ लाख बराबर खर्च भएको छ । वित्तीय व्यवस्था शीर्षकमा रु दुई खर्ब ३० अर्ब २१ करोड ७७ लाखको वार्षिक बजेट रहेकोमा रु एक खर्ब ९० अर्ब १० करोड ८७ लाख बराबर खर्च भएको महालेखा नियन्त्रक कार्यालयको तथ्याङ्कबाट देखिन्छ ।

**राजस्व असुली करिब ७१ प्रतिशत**

गत आर्थिक वर्षमा सरकारको बजेट खर्चभन्दा राजस्व असुली न्यून देखिएको छ । गत वर्ष कूल आयभन्दा बढी भएको व्ययअर्थात् बजेट घाटा रु तीन खर्ब ९७ अर्ब ८७ करोड १९ लाख बराबर देखिएको छ । कूल रु १४ खर्ब ५८ अर्ब ६० करोड ५३ बराबर राजस्व सङ्कलन गर्ने लक्ष्य राखेको सरकारले सुरुआती लक्ष्यको ७९ दशमलव ६९ प्रतिशत मात्रै राजस्व उठाएको हो ।

आन्तरिक राजस्वतर्फ रु १४ खर्ब तीन अर्ब १४ करोड ७० लाख असुली गर्ने सरकारको लक्ष्य रहेकोमा ६८ दशमलव २१ प्रतिशतअर्थात् रु नौ खर्ब ५७ अर्ब १५ करोड ४१ लाख बराबर मात्रै राजस्व उठेको छ ।

त्यस्तै, रु ५५ अर्ब २४ करोड ८३ लाख बराबर वैदेशिक अनुदान उठाउने सरकारको लक्ष्य थियो । उक्त लक्ष्यको ३८ दशमलव ४ प्रतिशतअर्थात् रु २१ अर्ब २ ९ करोड ७५ लाख बराबर मात्रै वैदेशिक अनुदान आएको छ ।

**दुई पटक संशोधन गर्दा पनि भेटिएन लक्ष्य**

सरकारले गत आवको आय र व्ययको अनुमान दुइपटक संशोधन गरेर घटाएको थियो । पहिलोपटक गत माघमा बजेटको अर्धवार्षिक समीक्षामार्फत र दोस्रोपटक गत जेठ १५ गते चालु आव २०८०/८१ को वार्षिक बजेट प्रस्तुत गर्दा सरकारले राजस्व र खर्चको अनुमान घटाएको थियो तर दोस्रोपटक संशोधन गरेर घटाइएको लक्ष्य पनि पूरा हुन सकेन ।

दोस्रोपटक संशोधित अनुमानअनुसार गत आर्थिक वर्षमा सरकारले रु १५ खर्ब चार अर्ब ९९ करोडअर्थात् सुरुआती विनियोजनको ८३ दशमलव ९० प्रतिशत बजेट खर्च गर्ने लक्ष्य निर्धारण गरेको थियो तर उक्त लक्ष्य भन्दा वास्तविक खर्च रु ७५ अर्ब ४२ करोड ६० लाखले न्यून देखिएको छ । जुन रकम चार दशमलव २१ प्रतिशत विन्दुले न्यून हो ।

दोस्रोपटकको संशोधन पछि चालु खर्च रु १० खर्ब ४३ अर्ब ४९ करोडअर्थात् सुरुआती विनियोजनको ८८ दशमलव १८ प्रतिशत, पुँजीगत खर्च रु दुई खर्ब ५८ अर्ब ३४ करोडअर्थात् सुरुआती विनियोजनको ६७ दशमलव ९१ प्रतिशत र वित्तीय व्यवस्थातर्फ रु दुई खर्ब तीन अर्ब २६ करोडअर्थात् सुरुआती विनियोजनको ८८ दशमलव २९ प्रतिशत खर्च हुने लक्ष्य राखिएको छ तर उक्त लक्ष्यभन्दा चालु खर्च रु ३७ अर्ब ७३ करोड छ लाख, पुँजीगत खर्च रु २४ अर्ब ६४ करोड ४१ लाख र वित्तीय व्यवस्थातर्फको खर्च रु १३ अर्ब १५ करोड १३ लाखले न्यून हो ।

दोस्रोपटकको संशोधित लक्ष्यभन्दा वास्तविक खर्च चालुतर्फ तीन दशमलव १८ प्रतिशत विन्दु, पुँजीगततर्फ छ दशमलव ४७ प्रतिशत विन्दु र वित्तीय व्यवस्थातर्फ पाँच दशमलव ७१ प्रतिशत बिन्दुले न्यून हो ।

**असारमा मात्रै करिब १८ प्रतिशत बजेट खर्च**

महालेखा नियन्त्रक कार्यालयको तथ्याङ्कअनुसार गत जेठ मसान्तसम्ममा सरकारको बजेट खर्च रु ११ खर्ब ७३ अर्ब बराबर थियो । असार मसान्तसम्म आइपुग्दा यस्तो खर्च रु १४ खर्ब २९ अर्ब नाँघेको छ ।

अर्थात् असार महिनामा मात्रै सरकारले रु दुई खर्ब ५६ अर्ब ५० करोड ९० लाख बराबर खर्च गरेको छ । असार महिनामा मात्र भएको बजेट भुक्तानी कूल वार्षिक खर्चको १७ दशमलव ९४ प्रतिशत बराबर हो ।

खर्चसम्बन्धी यो तथ्याङ्क हेर्दा समयमा विकास खर्च गर्न नसक्ने र आवको अन्त्यमा हतारमा ठूलो रकम भुक्तानी दिने खराब परिपाटीले यस वर्ष पनि निरन्तरता पाएको देखिन्छ ।

बर्सातको भुक्तानीले विकास निर्माणका कामको गुणस्तरमा सम्झौता हुने र आर्थिक अनुशासनकोसमेत गम्भीर उल्लङ्घन भइरहेको विषय महालेखा परीक्षकको प्रतिवेदनले हरेक वर्ष औँल्याउँदै आएको छ ।

वार्षिक विनियोजनको ठूलो अंश असारमा मात्रै भुक्तानी प्रवृत्तिलाई रोक्नुपर्ने सुझाव पनि महालेखाले हरेक वर्ष सरकारलाई दिँदै आएको छ । विद्यमान कानुनी व्यवस्थाको पालना हुन नसक्नु, अर्थमन्त्रालयले निगरानीको भूमिका बहन गर्न नसक्नु, बजेटमा चर्को राजनीतिक हस्तक्षेप हुनु, विषयगत मन्त्रालयका सचिव तथा विभागका महानिर्देशकलाई जिम्मेवार बनाउन नसक्नु तथा कर्मचारीको चाँडो-चाँडो सरुवा हुनुलाई आवको अन्त्यमा खर्च बढ्नुको मुख्य कारण रहेको विषय पनि महालेखाले औँल्याउँदै आएको छ । सरकारले भने गत वर्ष मङ्सिरमा भएको प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका कारण पनि न्यून बजेट खर्च भएको बताउँदै आएको छ ।

**महालेखाले हरेक वर्ष भन्छ : 'बर्सातको भुक्तानी रोक्नु'**

बर्सातमा हतारमा कागज मिलाउने र भुक्तानी माग्ने प्रवृत्ति हरेक वर्षको समस्या हो । बर्सातको खर्चमा आर्थिक अनुशासन मिचिने बढी सम्भावना हुनेहुँदा यस्तो खर्च रोकिनुपर्ने भन्दै महालेखा परीक्षकको प्रतिवेदनले हरेक वर्ष औँल्याउने गरेको छ । अघिल्लो आव २०७८/७९ मा कूल बजेट खर्चको २१ प्रतिशत असार महिनामा मात्र खर्च भएको थियो ।


अघिल्लो आर्थिक वर्षका लागि रु १६ खर्ब ४७ अर्ब ५७ करोड ६७ लाख बराबरको बजेट विनियोजन भएकोमा कूल खर्च रु १३ खर्ब नौ अर्ब ८७ करोड ४३ लाख बराबर थियो । यस्तो खर्चमध्ये असार महिनामा मात्र रु दुई खर्ब ९ अर्ब ७५ अर्ब नौ करोड २५ लाखअर्थात् कुल खर्चको २१ प्रतिशत बराबर भुक्तानी भएको देखिन्छ ।

त्यस्तै असार महिनाको अन्तिम हप्तामा मात्र रु ९८ अर्ब ९९ करोड ७१ लाख ८१ हजारअर्थात् कूल वार्षिक खर्चको सात दशमलव ५६ प्रतिशत भुक्तानी भएको महालेखा परीक्षक कार्यालयको ६० औँ प्रतिवेदनमा उल्लेख छ ।

त्यस्तै, सरकारले बर्सातमा ठूलो सङ्ख्यामा रकमान्तरसमेत गर्ने गरेको देखिन्छ । अघिल्लो आव २०७८/७९ मा कूल रु एक खर्ब ९६ अर्ब ४१ करोड ४८ लाखअर्थात् कूल बजेटको १२ प्रतिशत रकमान्तर गरेको थियो ।

महालेखा परीक्षकको ६० औँ वार्षिक प्रतिवेदनअनुसार अघिल्लो आवको असार महिनामा मात्र रु ८२ अर्ब ८० करोड ६७ लाख र असारको अन्तिम हप्ता मात्र रु २७ अर्ब बराबर रकमान्तर भएको थियो । रकमान्तरको यस्तो प्रवृत्ति हटाउनुपर्ने सुझाव महालेखाको प्रतिवेदनले दिएको छ । रासस

# जनकपुरको कपिलेश्वरनाथमा छ हप्ता लामो श्रावण पूजनोत्सव मेला




जनकपुरधाम । धनुषाको जनकपुरधामउपमहानगरपालिका-१६ स्थित प्राचीनतम कपिलेश्वरनाथ महादेव मन्दिरमा सोमबारदेखि छ हप्ता लामो 'श्रावण पूजनोत्सव मेला' सुरु भएको छ ।

प्राचीनकालदेखि नै हरेक श्रावण महिनाको सोमबार विशेष पूजाअर्जना हुँदै आए पनि विगत ४०/४२ वर्षदेखि मेलाकै रूपमा श्रावण पूजनोत्सव मेला मनाउने प्रचलनअनुसार सोमबारदेखि यस वर्षको मेला कार्यक्रम सुरु भएको कपिलेश्वरनाथ युवा कमिटीका अध्यक्ष मनोजकुमार साहले जानकारी दिनुभयो ।

साहले सोमबारदेखि सुरु भएको मेला लगातार छ सोमबारसम्म चल्ने र त्यसका लागि विगत वर्षहरूमा भन्दा मेला भर्न आउने श्रद्धालुहरूको सहजताका लागि पूजाअर्चनाको व्यवस्थापन गरिनुका साथै हरेक दिन साँझ ७ बजे सन्ध्या आरतीको व्यवस्था गरिएको बताउनुभयो । जनकपुरधाम-१६ का वडाध्यक्ष रामचन्द्र पजियारले धार्मिक सहरका रूपमा रहेको जनकपुरधाममा मन्दिर नै मन्दिर भए पनि जनकवंशीय राजा शिरध्वज जनकको पालादेखि नै स्थापित कपिलेश्वरनाथको विशेष महत्व रहेको बताउनुभयो ।

उहाँले मिथिला राजधानी जनकपुरको रक्षा र कल्याणका लागि जनकपुरको चारैतर्फ चारनाथको स्थापना गरिएको धार्मिक मान्यतानुसार पूर्वउत्तर दिशामा कपिलेश्वरनाथ महादेवको स्थापना गरेको किंवदन्ती रहेकाले भक्तजनले विशेष महत्व दिने गरेको बताउनुभयो । रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# लेनदेनमा साहु अपराधी होइन्

संघीय सरकारले अवेर राति प्रतिनिधि सभाबाट अनुचित लेनदेन(मिटरब्याज)सम्बन्धी विधेयक पारित गराएको छ । सर्वसम्मतबाट पारित भएको सो विधेयकमा ऋण भनेको सर्वाधिक पीडित र साहु भनेको अपराधी होइनन् । विवाह, वर्तबन्ध, उपचार, पढाइ, वैदेशिक रोजगार, जग्गाजमिन खरिद, श्राद्धलगायत प्रयोजनका लागि बैंकले प्रायः ऋण प्रवाह गर्दैन । तर ती कामहरु समाजमा हरेक दिन हुनैपर्ने चलन छ । सामाजिक स्तरमा लेनदेन गरी नै कतिपय कामहरु निरन्तर भइरहेक छन् । श्राद्ध, विवाह जस्ता कार्यहरुमा क्षमता भन्दा बढी खर्च नगर्न भनिएको छ । तर समाजमा स्थापित भइसकेका रितीलाई हटाउन लामो समय लाग्छ । वर्षौंदेखि चल्दै आएको संस्कारलाई केही वर्षमै कानुन बनाएर विस्थापित गर्न सकिदैन् । विदेश जान भीषा लागिसकेपछि सम्बन्धित व्यक्ति रकमको जोहोमा लाग्छन् । बैंकले ब्याजमा ऋण दिदैन् । धेरै मानिससित धितो दिने जग्गा पनि हुँदैन् । त्यस्ता व्यक्तिहरुले सामाजिक रुपमा इष्टमित्र, धनीमानीहरुसित ऋण लिन्छन् । ऋणको ब्याज निकटताको आधारमा निर्धारण गरिएको हुन्छ । कुनै प्रकारको धितो नराखी कपाली तमसुकको आधारमा नै ऋण लेनदेन गर्नेहरुको संख्या समाजमा अत्यधिक छ । निकटता बढी भएकालाई २५ प्रतिशत र व्यवसाय, घरजग्गा खरिद, वैदेशिक रोजगारमा जानेका लागि ब्याज केही बढी पनि हुने गरेको छ । कपाली तमसुकको आधारमा भएको लेनदेनलाई सरकारले 'अनुचित लेनदेन'(मिटरब्याज )भनेको छ । मिटरब्याजको धन्धा खास गरी जग्गाजमिनका दलाल, शहरमा भएका ठूला कारोबारीहरुले गर्छन् । ग्रामीण अथवा साना शहर बजारमा हुने लेनदेनलाई अनुचित भन्न मिल्दैन् । कपाली तमसुकको आधारमा लेनदेन गर्ने कानुन पनि सरकारले नै बनाएको थियो । त्यो कानुनलाई रद्द गर्दा त्यसबाट पर्ने सकारात्मक र नकारात्मक दुबै प्रभावलाई विचार गर्नु आवश्यक छ । लेनदेन गर्ने साहु अपराधी होइनन् । साहुले गर्जो टार्ने भएकाले ऋणीले पनि मुनासिव ब्याजसहितको साँबा समयमै बुझाउनुपर्छ । ऋणीले ब्याज नबुझाइ साहुको साँवा नै डुबाउने प्रयास गर्नु बेइमानी हो । सरकारले लेनदेन सम्बन्धी कानुन बनाउन एकतर्फी रुपमा ऋणीको मात्र पीडालाई दृष्टिगत गरेको छ । त्यो जायज होइन् । मारमा परेको बताउने ऋणीहरुले कानुनी रुपमा भन्दा सामाजिक र प्रशासनिक रुपमा समझदारी गरी ऋण तिर्दा बढी उपयुक्त हुनेछ । तर साहुको साँबाको एक रुपैयाँ नदिएर मिटरब्याजी भनेर उजुरी दिने ऋणीहरुलाई पनि कारबाही हुनुपर्छ । बैंक, वित्तीय संस्था, लघुवित्त लगायतका निकायहरुले ऋण प्रवाह गर्दा लिने ऋणको भन्दा कम्तिमा दोब्बरको धितो नाममा पास गरी मात्र ऋण प्रवाह गर्छन् । त्यस क्रममा जग्गाको मूल्यांकनमा लाग्ने शुल्क, बैंकको सेवा शुल्क, हरेक वर्ष नवीकरण, निर्धारण गरिएको किस्तामा ब्याज र साँवा नबुझाउदा जरिवाना लाग्ने गरेको छ । तर कपाली तमसुकमा लेनदेन गर्दा अन्य कुनै प्रकारको शुल्क लाग्दैन् । जग्गा पास गर्नु पर्दैन् । त्यसकारण सरकारले अनुचित भनेको लेनदेनको कारण अहिले समाजमा गम्भीर प्रकृतिको समस्याहरु देखिन थालेको छ ।

# क्लियोपेट्रा एक अद्भुत नारी



**क्लियोपेट्रा एक यस्तै चरित्र हो । बहुत थोरै यस्तो साहित्यिक चरित्र हुन्छन जो अमर भै हाल्छन् ।**



डा.रेवतीरमण लाल

क्लियोपेट्रा इजीप्ट (मिस्र) की महारानी थिई । क्लियोपेट्रा आफ्नो सौन्दर्यलाई आफ्नो इच्छाअनुसार प्रयोग गर्ने अद्भुत कला उनमा थियो र कामुक र यौनिक प्रकृयाको माध्यमबाट मानिसलाई आकर्षित गर्ने अपूर्व क्षमता उनमा थियो । यस्तै कोरा पर्ल उनैसौं शताब्दीकी यस्ती नारी थिई कि आफ्नो खतरनाक सौन्दर्यले गर्दा आफ्नो क्रियाकलापबाट मानिसहरुलाई खेलौना जस्तो बनाएर राख्द थिई ।

क्लियोपेट्रा एक यस्तै चरित्र हो । बहुत थोरै यस्तो साहित्यिक चरित्र हुन्छन जो अमर भै हाल्छन् । शेक्सपेयरका जुलियस सिजर र एन्टोनी क्लियोपेट्रामा मात्र होईन जौन ड्राईडन र जौर्ज बनार्ड शा जस्तो रचनाकारहरुले क्लियोपेट्रालाई आफ्नो कलाको विषय बनाएका छन् । यती मात्र होईन क्लियोपेट्रामाथि अनेक फिल्म पनि बनि सकेका छन् । क्लियोपेट्राको जन्म इशा पूर्व ६९ र निधन इशा पूर्व ३० मा भएको थियो । इतिहासमा यस नाउको सात नारीहरु भएकी छिन । यिनीहरुको सम्बन्ध मिस्रको प्टालेमाइक राजवशं (मिस्रको) रहेको पाइन्छ तर जुन क्लियोपेट्राको सबभन्दा बढी चर्चा भएको छ त्यो हो प्टालेमाइक सातौं क्लियोपेट्राका नामले जानिन्छिन् । प्टोलेमाइक राजवशं ग्रीक मूलको थियो र त्यसको सम्बन्ध सिकंदर संग थियो । प्टालेमाइक राजवशंमा दीदी बहिनीसगँ विहेको चलन थियो । क्लियोपेट्राको विहे आफ्ना भाई प्टोलेमी तेह्रौंको साथ भएको थियो पछि उसका विहे प्टोलेमी चौधौंको संग भएको थियो । विहेको वखत प्टोलेमी तेह्रौको उमेर बाह्र वर्ष थियो र क्लियोपेट्राको उमेर अठारह वर्ष थियो । क्लियोपेट्रा आजाद स्वभावकी नारी थिई र उ आफ्नो तरीकाबाट मिस्रको शासन व्यवस्था सचांलन गर्न चाहन्थी तर यो कुरा त्यहाँका दरवारियाहरुलाई मन परेन । उनीहरु त्यस वखत मिस्रका त्यस वखतका राजधानी अलेक्जेन्ड्रीयाको राजदरावारमा आफ्नो वर्चश्व चाहन्थे ।

यसै कारणले प्टोलमी तेह्रौंले क्लियोपेट्राको विरुद्धमा षडयन्त्र गर्यो । क्लियोपेट्रालाई त्यहाँबाट भाग्नु परेको थियो र उ पुनः अलेक्जेन्ड्रीया पुगिन जब रोमन सेनापती जुलियस सीजर त्यहाँ पुग्यो । भनीन्छ क्लियोपेट्रा एउटा कालीनमा बाँधिएर सीजरको सामु पुगीन र उसलाई देख्ने वितिक्कै रोमन सेनापती उसमाथि फिदा भै हाल्यो ।

अनि सिजरले प्टोलेमी तेह्रौंलाई हत्या गर्न लगाइ दियो र देखाउनलाई क्लियोपेट्राको विहे प्टोलेमी चौधौंसँग गराईदियो । प्टोलेमी चौधौं त्यस वखत मात्र एगारह वर्षको थियो । तर सिजर क्लियोपेट्राको प्रेममा परि सकेको थियो । दुवैको एउटा छोरा पनि भएको थियो । र त्यसको नाम सिजेरियन राखिदिएको थियो । सिजर जब रोम फर्क्यो त्यस बखत त्यो आफ्नो सँग क्लियोपेट्रालाई पनि लगेको थियो । रोममा सिजरको विरुद्ध जुन कुराको लागि माहौल बन्यो त्यसमा यो पनि थियो कि त्यो स्वयं राजा बन्न चाहन्थ्यो र आफ्नी प्रेमीका क्लियोपेट्रालाई त्यहाँकी रानी बनाउन चाहेको थियो ।

तर केहि दिन पछि सिजरको हत्या भयो र स्थितिलाई देखेर क्लियोपेट्रा त्यहाँबाट भागेर अलेक्जेन्ड्रीया आइ हाली त्यसले आफ्नो दोस्रो पति र भाई प्लेटोमीको हत्या गराईदियो र सिजरबाट भएको आफ्नो छोरालाई जो मात्र चार वर्षको थियो आफ्नो सहशासक बनाइ दियो । तर रोमको राजनीतिबाट उसको सम्बन्ध यथावत् रह्यो ।

सिजरको हत्या पश्चात पहिला उसको प्रेम सम्बन्ध उसको साथी मार्क एन्टोनीसंग बनेको थियो । पछि दुवैले विहे गरेको थियो । केही समय पश्चात एन्टोनी अलेक्जेन्ड्रीयामा नै बस्ने गरेको थियो र पछि दुवैको तिनवटा छोराछोरीहरु भएको थियो यसमा दुईवटा विहेभन्दा पूर्व र एउटा विहे पश्चात ।

तर रोमको राजनीतिमा मार्क एण्टोनीको पनि राम्रो दिन रहेन र सिजरको भतीजा अक्टोपियनले एण्टोनीलाई हराउन अलेक्जेन्ड्रीया माथि नै हमला गरी दियो । त्यसमा एण्टोनीको हार भयो र लाजले बच्न उसले आत्महत्या गर्यो । पछि क्लियोपेट्राले पनि आफुलाई सर्पबाट टोकाएर मरेकी थिइन् । इतिहासमा क्लियोपेट्रा प्रेमिकाको रुपमा प्रसिद्ध छ तर वास्तविकता यो हो कि उसले प्रेमको नाममा जो गरे त्यो मिस्रलाई बलियो देश बनाउन गरे । मिश्रको कमजोर हालतले नै उसलाई सिजर र एण्टोनीसँग सम्बन्ध बनाउन विवश गरेको थियो । उसको त्यसबेलाको प्रजामाथि कति प्रभाव थियो त्यो कुरा यसवाट थाहा हुन्छ उसको पूजा फराओको रुपमा गरिन्थ्यो । मार्क एण्टोनी उसका प्रेमी थियो अवश्य तर उसको व्यक्तित्व क्लियोपेट्राको तुलनामा अत्यन्त दुर्बल थियो । उ अधिक सुन्दर नभएपनि त्यसमा एउटा यस्तो चुम्बकिय आकर्षण त अवश्य थियो जसले उसलाई इतिहास र कलाहरुको अविस्मरणीय चरित्र बनाइदिएको छ ।

साहित्यकारहरुको प्रेम प्रसगं कोट्याउँदा रुसी साहित्यका ताल्सतायको प्रेम सम्बन्धको वारेमा ताल्सताय सोनियाको साथै एउटा किसानकी छोरी सक्सीना र अर्को रुसी साहित्यकार गोर्की सँग वोल्गाको प्रेम सम्बन्ध उल्लेख भएको पाइन्छ ।

तर यो सत्य हो कि साहित्यकारहरुको वैवाहिक जीवन सुखी रहेन । यसमा शेक्सपियर, मिल्टन, वायरन , शेली आदि पर्दछन् । तर ती साहित्यकारहरु जसको वैवाहिक जीवन सुखी र सफल रह्यो त्यसमा वर्डसवर्थ, ब्राउनिगं , मुर आदि पर्दछन् । तर पूर्वीय साहित्यकार हरुको कुरा गर्दा जसको काव्यमा नारीले असाधारण प्रभाव पारेको छ त्यसमा मूख्य रुपमा विद्यापति , तुलसी , घनानन्द , भारतेन्दु, प्रसाद, ,निराला, अज्ञेय आदि पर्दछन् । तर यिनीहरुको प्रभावको चर्चा पाईदैन ।

# कुन अवस्थामा डेंगुले ज्यान लिन सक्छ ?



डा अरुण कुमार सिंह

बदलिँदो मोसमसँगै तराईको धैरजसो ठाउँ विशेषगरी जनकपुर,सिरहा ,राजविराज,बिरगञ्ज, भरतपुर, बिराटनगर, धरान, दमक आदि ठाउँमा लामखुटेको प्रभाव बढ्दै गइरहेको छ। मलेरिया, डेंगु, चिकेनगोनिया बालबालिकामा पनि देखिने गरेको छ। आज भोलि ज्वरोका साथ आउने धैरै जसो बालबालिकामा डेंगु जाँच गर्दा पोजेटीभ देखिन्छ ।

**के हो डेंगु ?**

भाइरसद्धारा संक्रमित भएको एडिस एजिप्टाई जातको पोथी लामखुट्टेले यो रोग सार्छ। यो डेंगु भाइरसको संक्रमणले गर्दा लाग्ने रोग हो। यसमा जटिल समस्याहरु पनि देखिने सम्भावना हुन्छ ।

**डेंगु ज्वरोका तीन अवस्थाहरु**

१. साधारण डेंगु ज्वरो
२. डेंगु हेमोरेजिक ज्वरो
३ डेंगु शक सिन्ड्रोम

हेमोरेजिक र सक सिन्ड्रोम ज्वरो खतरनाक हुन्छ। सामान्य डेंगु ज्वरो नियन्त्रणमा नआउँदा यो हेमोरेजिक वा सक सिन्ड्रोममा परिवर्तित भएमा नियन्त्रण गर्न गाह्रो हुन्छ। यदि कुनै व्यक्तिलाई डेंगु हेमोरेजिक ज्वरो वा डेंगु सक सिन्ड्रोम भएको छ भने यसको उचित प्रकारले उपचार नगरे मृत्यु समेत हुनसक्छ ।

डेंगु रोग मानिसबाट मानिसमा सोझै सर्दैन र सबै खालका लामखुट्टेले यसलाई सार्दैन। डेंगु ज्वरो लागेको बिरामीलाई टोक्दा यसको भाइरस लामखुट्टेमा सर्नेगर्छ र उक्त लामखुट्टेले अरुलाई टोक्दा ती भाइरसहरु सर्ने गर्छन्। डेंगु भाइरस एडिज लामखट्टेको टोकाइबाट एक व्यक्तिबाट अर्कोमा सर्ने गर्छ। यो ग्रामिणमा भन्दा शहरी क्षेत्रमा बढी पाईन्छ। डेंगु भाइरसको सङ्क्रमण भएको तीनदेखि चौध दिनपछि यसका लक्षणहरू देखिन थाल्छन् ।

**डेंगुको लक्षणहरू के हुन ?**

सामान्यतया डेंगु भाइरसको सङ्क्रमण भएको तीनदेखि चौध दिनपछि यसका लक्षणहरू देखिन थाल्छन्। यसका प्रमुख लक्षणहरू ज्वरो आउने, टाउको दुख्ने, बान्ता हुने, मांसपेसी तथा जोर्नीहरूमा पीडा हुने र छालामा एक प्रकारको रातो दाग देखिने आदि हुन्। यो रोग निको हुन दुईदेखि सात दिनसम्म लाग्न सक्छ ।

**डेंगुको उपचार र बच्ने उपाय के हो ?**

डेंगु भाइरसलाई सार्ने लामखुट्टेको नियन्त्रण गर्ने र त्यसको टोकाइबाट बच्ने नै प्रमुख उपाय हो। सुत्ने बेलामा झुल लगाएर सुत्ने, घर वरिपरि सफा राख्ने, फोहोर पानी जम्न नदिने, हातखुट्टा छोप्ने गरी कपडा लगाउने, घर वरिपरि लामखुट्टे मार्ने औषधिहरु छर्ने गर्नुपर्छ। त्यस्तै सरकारी स्तरमा गाँउशहरमा फोहर जम्नसक्ने खाल्डोहरु पुर्ने, लामखुट्टे मार्ने औषधिहरु छर्ने गर्नुपर्छ। आइब्रुफेन, डाइक्लोफिनाक, एस्प्रिन आदि सेवन गर्नुहुँदैन। चिकित्सकीय सल्लाहपछि मात्र यस्ता ज्वरो र दुखाइनाशक औषधि उपयोग गर्नुपर्छ ।

# विद्युत्मा भारतीय नाकाबन्दी



विकास थापा



मध्य वर्षा सुरु हुन लागिसक्यो नेपालले झन्डै दुई वर्ष अघि (२०२१, अगष्ट) देखि निवेदन हालेका १५५० मेगावाटका विभिन्न आयोजनाको बिजुली निर्यात अनुमति रोकेर राखेको छ । भारतको केन्द्रीय विद्युत् प्राधिकरणले तोकेको 'डेजिग्नेटेड अथोरिटी' र विद्युत् मन्त्रालयले स्वीकृत गरेर पठाइएको विद्युत निर्यात अनुमतिसम्बन्धी ६ वटा नेपालका जलविद्युत् आयोजनाको स्वीकृतिसम्बन्धी फाइल साउथ ब्ल्कले ६ महिनादेखि रोकेर राखेको छ । भारतका विद्युत तथा ऊर्जासँग सम्बद्ध निकाय नेपालको बिजुली खरिद गर्न इच्छुक देखिए पनि भारतीय विदेश मन्त्रालयको भूराजनीतिक रणनीतिले गर्दा वर्षायामको बिजुली खेर जाने भयो ।

केन्द्रीय विद्युत् प्राधिकरणले तोकेको डेजिग्नेटेड अथोरिटीले (अन्तर्देशीय विद्युत् व्यापारलाई स्वीकृत दिने निकाय) सबै प्राविधिक कुरा चेक गरेर पठाएको विद्युत् मन्त्रालयले पनि ओके । भारतले सन् २०१८ मा लागू गरेको अन्तर्देशीय विद्युत् व्यापार निर्देशिकामा 'भारत सरकार देशको बृहत्तर हितका लागि विद्युत्को आयात-निर्यातको अधिकार सुरक्षित राख्दछ' भनिएको छ । बृहत्तर हित हेर्ने भारतीय विदेश मन्त्रालय रहेछ । त्यही 'बृहत्तर हित' ले गर्दा नेपालको बिजुली रोकिए । नाकाबन्दीको अर्थ सडकमा तारबार नै लगाउनुपर्छ भन्ने होइन । युद्ध गर्दा सेना नै भिड्नुपर्छ भन्ने होइन । भारतमा बिजुलीको हाहाकार नभएको पनि होइन । अनि प्रधानमन्त्रीको भ्रमणमा १० वर्षमा १० हजार मेगावाट बिजुली नेपालबाट खरिद गर्ने घोषणा गर्छ । यता व्यवहारमा जाबो १५५० मेगावाटको निर्यात अनुमति दुई वर्षदेखि रोकेर बसेको छ । बंगलादेशलाई ४० मेगावाट बिजुली निर्यात गर्ने अनुमति दिंदैन । आफ्नो आन्तरिक प्रसारण लाइन संरचना उपयोग गरी बिजुली निर्यात गर्न नदिएको भारतले बंगलादेशसम्म बिजुली प्रसारण गर्ने छुट्टै लाइन बनाउन देला भन्ने अपेक्षा नै गर्न सकिंदैन ।

देउवाको भारत भ्रमणका बेला 'ज्वाइन्ट भिजन स्टेटमेन्ट' जारी भयो । एकाध आयोजनाले निर्यातको अनुमति पनि पाए । त्यसपछि थप प्रगति हुँदै जानुपर्ने विषयहरू 'बिजनेस एज यूजल' भए । अब हुँदाहुँदा नेपाली प्रवर्द्धकहरूले आयात गर्दै आइरहेको विस्फोटक पदार्थमा पनि अघोषित नाकाबन्दी लगायो । प्रवर्द्धकहरूलाई दूतावासमा बोलाउँदै सारा विवरण माग्ने, अनि सात आठ महिना त्यत्तिकै थन्काइदिएर उत्पीडित तुल्याइरहेको छ ।

अहिले करिब ५ हजार मेगावाटका जलविद्युत् आयोजना निर्माणाधीन छन् । समयमा विस्फोटक पदार्थ अभावमा यिनको निर्माण कार्य सम्पन्न हुने समय घर्किन्छ । यसबाट पर्ने आर्थिक असर असह्य छ । समयमा बिजुली उत्पादन गर्न नसक्दा विद्युत् प्राधिकरणले जरिवाना ठोक्ने त छँदैछ, विद्युत् खरिद सम्झौता (पीपीए) अनुसार पाउनुपर्ने वार्षिक मूल्य वृद्धिसमेत गुम्नेछ । यसबाट जलविद्युत्मा लगानी गरेका हजारौं, लाखौं नागरिकहरूको लगानी असुरक्षित हुने मात्र होइन, जलविद्युत्मा लगानी गरेका बैंकहरूको नगद प्रवाहमा समेत नकारात्मक असर ल्याउनेछ । चीनबाट ल्याउँदा भारतको तुलनामा तीन गुणा महँगो पर्छ, फेरि भनेको समयमा आइपुग्दैन ।

सीमापार अन्तर्देशीय प्रसारण लाइनमा प्रसारण शुल्क (ह्विलिङ चार्ज) समेत नेपाललाई तिर्न लगाउँछ । बिजुली पठाउन र ल्याउन दिंदैन । ढल्केबर-मुजफ्फरपुर ४०० केभी डबल सर्किटको लाइनको क्षमता हो २ हजार मेगावाट बिजुली बोक्ने । तर त्यसलाई ८ सय मेगावाटमा सीमित पारिदिएको छ । तर प्रसारण शुल्क भने वार्षिक एक अर्ब ८ करोड रुपैयाँका दरले नेपाल विद्युत् प्राधिकरणले तिरिरहेको छ । त्यो प्रसारण लाइनबाट बिजुली आए पनि गए पनि नआए पनि नगए पनि त्यसको ज्याला भने प्राधिकरणले तिर्दै आएको छ ।

अनि अनेक बहाना झिकेर (एन माइनस वान) प्रसारण लाइनको क्षमता घटाएको छ, जम्मा ८ सय मेगावाट । अब ढल्केबर-मुजफ्फपुर प्रसारण लाइनको क्षमता ८ सय मेगावाट, त्यसमा पनि ४५२ मेगावाटभन्दा बढी जान (निर्यात) दिंदैन । प्रसारण लाइनमा लाग्ने खर्च र प्रसारण शुल्क नेपालले तिरे पनि त्यहाँबाट उसको अनुमति नभई बिजुली निर्यात हुँदैन । यसरी लाइन बनाउन लगाउने, शुल्क तिर्न लगाउने तर बिजुली ल्याउन र दिन नदिने पनि नाकाबन्दी नै हो । पहिलो कुरो, भारतले नेपालमा अब जलविद्युत् आयोजना बन्नै नदिने भयो । कदाचित् बनिहाल्यो भने बजार नदिने अर्थात् नेपाललाई निर्यात गर्न नदिने । सकेसम्म आफै आएर बनाउने । आफूबाहेक अरुलाई बनाउन नदिने देखियो । वर्षायामको बिजुली खेर गयो, जगेडा हुने भयो भन्दाभन्दै अबको केही वर्षमा भारतको रवैया यही हुने हो नेपालमा पुनः लोडसेडिङ गर्नुपर्ने स्थिति नआउला भन्न सकिंदैन । किनभने आयोजना अब बन्न निकै गाहारो भएर आइसकेको छ । आयोजनै नबन्ने स्थिति आइसकेको छ ।

कहाँसम्म भने सन् २०१४ मा नेपाल र भारतबीच भएको ऊर्जा व्यापार सम्झौतामा विद्युतको राष्ट्रियता वा नागरिकता खोजिएको छैन । विद्युतलाई विशुद्ध आर्थिक वस्तुका रुपमा मात्र लिइएको छ । तर भारतले जारी गरेको निर्देशिकामा भने बिजुलीको नागरिकता खोजियो । लौ उसको देशमा खपत हुने बिजुली कुन देशले लगानी गरेको हेर्‍यो होला, मानौ. । तर बंगलादेशमा जाने बिजुलीको पनि राष्ट्रियता खोज्यो । उसले त आफ्नो प्रसारण लाइन प्रयोग गरेबापत प्रसारण शुल्क लिएर बाटो दिने मात्र न हो । कसको बिजुली खरिद गर्ने भन्ने कुरो त बंगलादेशको पो हो ।

नेपालको विद्युत् क्षेत्रमा भारतले गरिरहेको यो अन्याय, थिचोमिचोप्रति नेपालका नेता, सरकारी कर्मचारीतन्त्र वर्ग, निजी क्षेत्र सबै चूपचाप छन् । रवि लामिछाने, बालेन साह, सीके राउत, स्वर्णिम वाग्लेहरू मानौं बेखबर छन् । बनिरहेका आयोजना बन्न नदिने, अनि कालान्तरमा नेपाललाई पुनः ऊर्जा संकटमा धकेलिने स्थिति आँखाअगाडि देख्दादेख्दै यी नेताहरू, सरकार र कर्मचारी मौन भएर बसेका छन् । अन्यायलाई अन्याय भयो भन्ने सक्ने हिम्मत, ताकत र हुत्ती यिनीहरूमा रहेनछ ।

वर्षको करोडौं रुपैयाँ खर्च गरी गरी नयाँ दिल्लीमा दूतावास खोलिएको छ । दूतावास पनि यी विषयमा मौन छ । दूतावासको काम भनेको नेपालका नेताहरू नयाँ दिल्ली जाँदा विमानस्थलमा स्वागत गर्ने, ती नेताका श्रीमती, छोराछोरीलाई अस्पतालमा लगेर भर्ना गर्ने, बिरामी हेर्न जाने र तीर्थव्रत गर्ने/गराउनेमा सीमित देखिन्छ । राजदूत र दूतावासका कर्मचारीलाई के त्यहाँ मोज गर्नका लागि पठाइएको हो ? नेपालमाथि यति अत्याचार हुँदासमेत एउटा कूटनीतिक नोट लेख्न नसक्ने दूतावासको के काम ? दिल्ली दूतावास मात्र होइन, विदेशस्थित अधिकांश नेपाली दूतावासको हालत यस्तै हो ।

यता भारतले नेपालमा जलविद्युत् आयोजनाहरू नै नबनोस् भन्ने अघोषित नीति लिएको देखिन्छ, उसका कर्म र व्यवहार हेर्दा । यता लगानी बोर्ड दलाली बोर्डमा परिणत भएको छ । भारतले भनेजस्तो, चाहेको र रोजेको आयोजना एक, एक गर्दै लगानी बोर्डले 'अर्पण' गर्दै आइरहेको छ । यसरी यी आयोजनाहरू भारतलाई अर्पित गर्ने क्रममा नेपालको हित एक रत्ति पनि हेरिएन । हित केवल कमीसन एजेन्टको हेरियो । प्रधानमन्त्री निकटका व्यक्तिहरू नै कमीसन एजेन्टका रुपमा उदाय । अनि छानी छानी आयोजना हात पार्न लगाए । त्यसबापत उनीहरूलाई मोटो कमीसन आयो, तर देशको हित भएन । आयोजना दिंदा हाम्रा बिजुलीको बजार देऊ भन्न सकिन्थ्यो होला । बंगलादेशसम्म निर्वाध जान देऊ अनि मात्र दिन्छु भन्न सकिन्थ्यो होला । दुई देशबीच लेनदेन हुन्थ्यो होला । तर यहाँ कमीसन एजेन्ट र भारतीय कम्पनीबीच लेनदेन भयो । त्यही भएर नेपालका यस्ता विषयले प्राथमिकता पाएन ।

छिमेकीले नेपालको जलविद्युत्लाई घाँटी अठ्याइरहेका बेला नेपालका वन मन्त्रालय र अन्य सरकार निकायहरू भने जलविद्युत् आयोजना निर्माण कसरी गर्लाऊ भन्दै लाठो लिएर बसेका छन् । प्रसारण लाइनमुनिका जग्गा पनि खरिद गर्नुपर्ने नियम लगाउने, वन क्षेत्रको जग्गा लिएबापत प्रतिहेक्टर २४ लाख देखि ८० लाख रुपैयाँ तिर्नुपर्ने, जबकि यो पहिला प्रतिहेक्टर १० लाखदेखि १७ लाख रुपैयाँसम्म थियो । यस्तो नियम ल्याउनु भनेको जलविद्युत आयोजना नबनाऊ भनेको हो ।

भूमिसुधार मन्त्रालयले जग्गाको हदबन्दी लगाउने, बीमा कम्पनीहरूले अत्यधिक प्रिमियम असुल्ने, धितोपत्र बोर्डले संस्थापक शेयरधनीलाई आफ्नो शेयर बेचबिखन नै गर्न नपाउने गरी कस्ने.... । सरकारका जे जति निकाय छन्, तिनको टार्गेट नै हाइड्रोपावर भएको छ । हिजो ऊर्जा संकटकालमा यस्ता तगारा हटाइएका थिए । ती फेरि सल्बलाएर आए ।

भारतको भित्री रणनीति अनुसार नेपालका यी मन्त्रालयहरूको आ-आफ्ना नियम नीति, कार्यविधि, ऐन, नियमावली आदि बनाएका छन् । अर्थात् भारतको नीति र यी मन्त्रालयको नीति ठ्याक्कै मिल्छ- विद्युत् क्षेत्रमा नाकाबन्दी भारतले मात्र लगाएको होइन हाम्रा यी मन्त्रालयहरूले पनि लगाएका छन् । यस्तो हुँदा पनि उदीयमान भनिएका नेतादेखि खाइखेली देश खाएर शेष भएका नेता, कर्मचारी सबै मौन ।

# डिजल भण्डारण गृह निर्माणले ऊर्जा सुरक्षा सुनिश्चित गरेको छ : मन्त्री रिजाल

पोखरा । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजालले पोखरामा इन्धन भण्डारण गृह निर्माणले मुलुकको ऊर्जा पूर्वाधारलाई सुदृढ गर्दै राष्ट्रको ऊर्जा सुरक्षा सुनश्चित गरेको बताउनुभएको छ।



कास्कीको पोखरा महानगरपालिका वडा नं २९ र ३० गगनगौँडामा नेपाल आयल निगमले निर्माण गरेको डिजल भण्डारण गृहको आज उद्घाटन गर्दै मन्त्री रिजालले यस डिपोमा विस्तारित भण्डारण क्षमताबाट अन्य क्षेत्रले पनि फाइदा लिन सक्ने बताउनुभयो।

निगमले उक्त स्थानमा निर्माण गरेको १० हजार किलोलिटर क्षमताका दुई वटा डिजल भण्डारण र २४ हजार किलोलिटर क्षमताको पानीट्याङ्कीको सोमबार उद्घाटन गरिएको हो। निगमले करिब रु ८९ करोड लगानीमा उक्त भण्डारण गृह निर्माण गरेको जानकारी दिएको छ।

"नेपाल आयल निगमले निर्माण गरेको यस डिजल भण्डारण गृह निर्माणले यस क्षेत्र तथा परिआएको अवस्थामा देशका अन्य क्षेत्रका लागि समेत थप भरपर्दो आपूर्ति शृङ्खला सुनिश्चित गर्न र उच्च माग वा अप्रत्याशित परिस्थितिमा इन्धन अभावको जोखिमलाई कम गर्न सक्छ", मन्त्री रिजालले भन्नुभयो।

उहाँले इन्धन भण्डारण गृह निर्माणले ऊर्जा पूर्वाधार विकास तथा देशको उड्डयन क्षेत्रलाई थप प्रगतिको पथमा अघि बढाउने एउटा महत्त्वपूर्ण घडीको सुरुआत भएको बताउनुभयो। यसका लागि परियोजना निर्माणमा संलग्न सबैलाई मन्त्री रिजालले धन्यवाद दिनुभयो।

"हालैका वर्षमा नेपालको आन्तरिक र अन्तर्राष्ट्रियरूपमा हवाई यात्रामा वृद्धि हुँदै गइरहेको अवस्था छ। मनमोहक हिमाल र शान्त तालको बीचमा रहेको सुन्दर नगरी पोखरा पर्यटकीय गन्तव्य बन्दै गएकोमा हवाई यात्राको बढ्दो मागलाई समायोजन गर्न निर्माण हुने हवाई इन्धन डिपोले थप सहजता ल्याउने छ", उहाँले भन्नुभयो, "डिपो सञ्चालन पश्चात निगमले उड्डयन उद्योगलाई विश्वस्तरीय हवाई इन्धन र रिफ्युलिङ सुविधाहरू उपलब्ध गराउनेमा विश्वास लिएको छु।"

यस हवाई इन्धन डिपोको निर्माण तथा सञ्चालनले पोखरालाई मात्र नभई सिङ्गो राष्ट्रलाई नै फाइदा पुग्ने उहाँको भनाइ छ। यसले पर्यटन प्रवर्द्धन र आर्थिक वृद्धिलाई समेत प्रोत्साहन गर्ने भन्दै उहाँले देशको सामाजिक-आर्थिक विकासमा थप योगदान पुऱ्याउने भनाइ व्यक्त गर्नुभयो।

"हवाई इन्धन तथा अन्य पेट्रोलियम पदार्थको सहज र निर्वाध आपूर्ति सुनिश्चित गर्न, हवाई इन्धनको सहज आपूर्ति व्यवस्थापन गर्न र समयसापेक्ष पूर्वाधारहरूको विकास गर्ने कार्यमा नेपाल सरकार र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट निगमलाई सदैव सहयोग हुने व्यहोरा जानकारी गराउँदछु", उहाँले भन्नुभयो।

पेट्रोलियम ऊर्जामा पहुँच अभिवृद्धि कार्यले औद्योगिक विकासलाई अगाडि बढाउन, नागरिकहरूको जीवनस्तर सुधार गर्न तथा नवप्रवर्तन र अवसरको वातावरण बनाउन अत्यन्त महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने उहाँले धारणा राख्नुभयो। उहाँले भण्डारण ट्याङ्कहरू डिजाइन र निर्माणमा आधुनिक प्रविधिहरू र उत्कृष्ट अभ्यासको समावेशले निगमको वितरण प्रणालीमा थप चुस्तता ल्याई कार्यसम्पादन सहज हुने विश्वास लिएको बताउनुभयो।

नव निर्मित ट्याङ्कहरूमा जडित उच्च सुरक्षा मापदण्डहरू, स्वचालित नियन्त्रण उपायहरू र प्रभावकारी निगरानी प्रणालीहरूले इन्धनको भण्डारण र वितरणलाई सहज बनाउने उहाँको विश्वास छ।

"पोखरा डिपोमा निर्मित यी इन्धन भण्डारण ट्याङ्कीले नेपालको ऊर्जा सुरक्षा, आर्थिक वृद्धि र दिगो विकासतर्फको यात्रामा महत्त्वपूर्ण योगदान दिन सफल रहोस्", मन्त्री रिजालले भन्नुभयो, "पोखरा क्षेत्रीय अन्तर र्राष्ट्रिय विमानस्थलमा हवाई इन्धन डिपो समयमै निर्माण सम्पन्न गर्न सबै सरोकारवालाहरूको ध्यान पुगोस्।" रासस

## एमालेका सांसद, पालिका प्रमुख/उपप्रमुख पार्टी कमिटीको अध्यक्ष र सचिव बन्न नपाउने

**टुडे समाचारदाता**

काठमाण्डु। नेकपा (एमाले)मा सांसद, स्थानीय तहका प्रमुख, उपप्रमुखले पार्टी कमिटीको अध्यक्ष, सचिव बन्न नपाउने भएका छन्।

एक व्यक्ति, एक प्रमुख जिम्मेवारीको मान्यता अनुरूप एमालेले दोहोरो पद कटौती गर्न लागेको हो।

शनिबार बसेको पार्टी सचिवालयको २३ औं बैठकले संघीय, प्रदेशका सांसद, स्थानीय तहका प्रमुख, उपप्रमुख र वडाध्यक्षहरूले पार्टीको अध्यक्ष, सचिव चुनिन नपाउने निर्णय गरेको एक पदाधिकारीले बताए।

'हामीले पार्टी दोहोरो जिम्मेवारी नदिने नीतिअनुरूप नै प्रतिनिधि सभा, राष्ट्रिय सभा, प्रदेश सांसद, स्थानीय तहका प्रमुख, उपप्रमुख र वडाध्यक्षहरूले पार्टीको अध्यक्ष, सचिवमा उम्मेदवारी दिन नपाउने व्यवस्था गरेका छौं,' उनले भने, 'यसले कसैले पद नै नपाउने, कसैले दोहोरो जिम्मेवारी पाएर कतै पनि काम नहुने अवस्थाको अन्त्य गर्नेछ।'

एमालेले साउन १५ गतेसम्म सदस्यता नवीकरणको समय बढाएको छ। यसअघि असार १५ गतेभित्र नवीकरण गरिसक्न अन्तरपार्टी निर्देशन जारी भए पनि सदस्यता अद्यावधिक नभइसकेकाले साउन १५ गतेसम्म समयसीमा बढाइएको हो। गत वैशाखसम्म ४९ प्रतिशत मात्रै सदस्यता नवीकरण भएको तथ्यांक केन्द्रीय कमिटीको बैठकमा प्रस्तुत गरिएको थियो।

# देशले विकासको फड्को मार्न राजनीति स्थिरता चाहिन्छ : डा भट्टराई

गोरखा। पूर्वप्रधानमन्त्री तथा नेपाल समाजवादी पार्टीका अध्यक्ष डा बाबुराम भट्टराईले देशले विकासको फड्को मार्न कम्तीमा पाँच वर्ष राजनीतिक स्थिरता चाहिने बताउनु भएको छ। चेम्बर अफ कर्मस गोरखाले सोमबार सदरमुकाममा आयोजना गरेको व्यवसायीहरूसँगको छलफल तथा अन्तरक्रियालाई सम्बोधन गर्दै उहाँले राजनीतिक स्थिरता नभएसम्म विकासले गति लिन नसक्ने बताउनुभयो।

"विकासका निर्माणका सवालमा खुट्टा तान्ने काम बन्द हुनुपर्छ, कम्तीमा पाँच वर्षसम्म राजनीतिक स्थिरता नभएसम्म मुलुकको विकासको गति अघि बढ्न कठिन हुन्छ", पूर्वप्रधानमन्त्री डा भट्टराईले भन्नुभयो, "विकास र समृद्धिका लागि नयाँ ढङ्गले सोच्नु आवश्यक छ।" उहाँले नेपालमा सरकार बनाउने र ढाल्ने परिपाटी बढी भएकाले पनि विकास निर्माणको काम सोचेजस्तो गतिमा अघि बढ्न नसकेको बताउनुभयो।

राजनीतिक परिवर्तन भए पनि जनताको जीवनस्तर सुधार गर्ने गरी आर्थिक परिवर्तन अझै हुन नसकेको भन्दै पूर्वप्रधानमन्त्री डा भट्टराईले त्यसका लागि नयाँ सोच र नयाँ शक्तिको खाँचो रहेको औँल्याउनुभयो। "कृषि प्रधान देश भएकाले कृषि क्षेत्रको विकासमार्फत नै कृषि अर्थतन्त्रलाई उद्योग प्रधान अर्थतन्त्रको विकास गर्नुपर्छ", उहाँले भन्नुभयो, "विकासका लागि पहिलो चरणमा भौतिक पूर्वाधारको निर्माण गरी विश्वबजारसँग नेपाली बजारलाई जोड्न सक्नुपर्छ।"

अर्को प्रसङ्गमा पूर्वप्रधानमन्त्री डा भट्टराईले गोरखा र धादिङको सिमाना निर्माण गर्ने भनिएको बूढीगण्डकी योजना निर्माण सम्पन्न गर्न सके यो आयोजना गोरखा मात्रै होइन सिङ्गो नेपालकै 'गेम चेन्जर' आयोजना बन्ने पनि दाबी गर्नुभयो। उहाँले बूढीगण्डकी जलाशययुक्त आयोजना बहुउद्देश्यीय आयोजना भएकाले यसलाई जोडेर अन्य धेरै प्रोजेक्टहरु चलाउन सकिने उल्लेख गर्नुभयो।

पूर्वप्रधानमन्त्री डा भट्टराईले जलाशययुक्त बूढीगण्डकी जलविद्युत् आयोजनाले गण्डकी प्रदेशभित्र प्रशास्त आन्तरिक तथा बाह्य पर्यटक भित्र्याउने सकिने बताउनुभयो। "अहिलेको हिसाबले आयोजना बने यो यहाँ फेवातालभन्दा झन्डै पन्ध्र पन्ध्रगुणा ठूलो ताल बन्छ", उहाँले भन्नुभयो, "यस आयोजनाबाट यस क्षेत्रलाई विद्युत् उत्पादनमात्र नभई पर्यटकीय हब बनाएर काम गर्न सके सिङ्गो देशको आर्थिक समृद्धि हासिल गर्न मद्दत पुग्नेछ।" रासस

# बिम्स्टेकमा विदेश मन्त्रीबीच सहयोग सुदृढ पार्ने उपायबारे छलफल

काठमाण्डु। बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बङ्गाल खाडीको प्रयास (बिम्स्टेक) सदस्य मुलुकका विदेश मन्त्रीहरुबीच एकापसमा सहयोग सुदृढ पार्ने उपायबारे छलफल भएको छ।

थाइल्यान्डको राजधानी बैंककमा सोमबार बिम्स्टेक सदस्य मुलुकका विदेशमन्त्रीबीच आपसी सहयोगलाई सुदृढ पार्ने उपायबारे छलफल भएको हो। छलफलका क्रममा ऊर्जा सहयोग, प्रसारण लाइन विस्तार, जलवायु परिवर्तन, स्वास्थ्य र खाद्य सुरक्षा तथा प्रविधिसहितका क्षेत्रमा कुरा भएको परराष्ट्रमन्त्री एनपी साउदले जानकारी दिनुभयो।

'बैंककमा हामी बिम्स्टेक सदस्य राष्ट्रका विदेशमन्त्रीले आपसी सहयोगलाई सुदृढ पार्ने उपायबारे फलदायी छलफल गरेका छौं,' उहाँले भन्नुभयो, "ऊर्जा, प्रसारण लाइन विस्तार, जलवायु परिवर्तन, स्वास्थ्य र खाद्य सुरक्षा र प्रविधि हाम्रो छलफलका प्रमुख क्षेत्र थिए।" बिम्स्टेक राष्ट्रका विदेश मन्त्रीस्तरीय 'रिट्रिट'मा सहभागी हुन परराष्ट्रमन्त्री साउद आइतबार बैंकक जानु भएको हो।

बिम्स्टेकमा नेपाल, भारत, भुटान, बङ्गलादेश, श्रीलङ्का, थाइल्याण्ड र म्यानमार सदस्य छन्। बैंककमा परराष्ट्रमन्त्री साउद र भारतीय विदेशमन्त्री एस जयशङ्करबीच 'साइडलाइन' वार्ता हुने कार्यक्रम रहेको मन्त्रालयले जनाएको छ। परराष्ट्रमन्त्री साउद यही साउन २ गते स्वदेश फर्किने कार्यक्रम छ। रासस

# लेखा परीक्षण प्रतिवेदन नबुझाउने ३९ दललाई निर्वाचन आयोगले तोक्यो ७ हजार जरिवाना

**टुडे समाचारदाता**

काठमाण्डु। तोकिएको समयमा लेखा परीक्षण प्रतिवेदन नबुझाउने ३९ वटा राजनीतिक दललाई निर्वाचन आयोगले ७ हजार जरिवाना तोकेको छ। आयोगमा दर्ता भएका ८२ राजनीतिक दलमध्ये ३९ वटाले आयव्यय विवरण नबुझाएको भन्दै साउन १ गते बसेको आयोगको बैठकले जरिवाना गर्ने निर्णय गरेको हो।



आयोगले जरिवाना तोकेका दलमा नेपाल कम्युनिष्ट पार्टी (मार्क्सवादी लेनिनवादी), राष्ट्रिय यथार्थवादी पार्टी, नेपाल, राष्ट्रिय एकता पार्टी प्रजातन्त्रवादी, मधेश तराई फोरम, नेपाल पूर्वराष्ट्र सेवक लोकतान्त्रिक पार्टी, नेपाल कम्युनिष्ट पार्टी (मार्क्सवादी) लगायत छन्। मधेशी जनअधिकार फोरम, मधेस बहुजन शक्ति पार्टी, खम्बुवान राष्ट्रिय मोर्चा नेपाल, नेपाल सुकुम्बासी पार्टी (लोकतान्त्रिक), बहुजन समाज पार्टी नेपाल, नेपाली जनता दल, राष्ट्रवादी एकता पार्टी, तामाङसालिङ लोकतान्त्रिक पार्टी, अखण्ड सुदूरपश्चिम पार्टी नेपाल, संघीय विकासवादी पार्टी नेपाल, राष्ट्रिय एकता मञ्चले पनि तोकिएको समयमा लेखा परीक्षण प्रतिवेदन पेश नगरेकाले ७ हजार जरिवाना तिर्नुपर्ने भएको छ।

यसैगरी जनजागरण पार्टी नेपाल, राष्ट्रिय नागरिक पार्टी, जनसमाजवादी पार्टी, नेपाल, राष्ट्रवादी युवा मोर्चा, नेपाल समाजवादी पार्टी (लोहियावादी), ऐतहासिक प्रजातान्त्रिक जनता पार्टी नेपाल, आमूल परिवर्तन मसिहा पार्टी, नेपाल जन प्रजातान्त्रिक पार्टी, नेपाल, नेपाल संघीय समाजवादी पार्टी, राष्ट्रिय समाजवादी पार्टी नेपाल, सामाजिक लोकतान्त्रिक पार्टी, प्रजातान्त्रिक पार्टी नेपाल पनि जरिवाना तिर्नेमा परेका छन्।

नेपाल मातृभूमि पार्टी, माओवादी कम्युनिष्ट पार्टी, नेपाल, नेपाल सदभावना पार्टी, राष्ट्रिय सद्भावना पार्टी, उन्नत लोकतन्त्र पार्टी, नेपाल विवेकशील पार्टी, तराई मधेस लोकतान्त्रिक पार्टी, नेपाल सुशासन पार्टी, नेपाल कम्युनिष्ट पार्टी माओवादी समाजवादी, देशभक्त लोकतान्त्रिक पार्टी, नेपालले पनि लेखा परीक्षण प्रतिवेदन नबुझाएका कारण जरिवाना तिर्नुपर्नेमा परेका छन्।

# कांग्रेस केन्द्रीय समिति बैठक लाइभ गर्ने देउवाको प्रस्ताव

**टुडे समाचारदाता**

काठमाण्डु। नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले केन्द्रीय समिति बैठक लाइभ गर्ने प्रस्ताव गरेका छन्।

निवास धुम्बाराहीमा आइतबार अपराह्न भएको पदाधिकारी र पूर्वपदाधिकारी बैठकमा सभापति देउवाले केन्द्रीय समिति बैठक पार्टीको आधिकारिक फेसबुक पेज, अनलाइन, टेलिभिजन लगायतबाट लाइभ गर्ने प्रस्ताव गरेका हुन्।

मंगलबार दिउँसो १ बजेदेखि केन्द्रीय कार्यालय सानेपामा केन्द्रीय समिति बैठक बस्दैछ। बैठकमा केन्द्रीय सदस्यहरूलाई धारणा राख्न समय दिइनेछ।

धुम्बाराही बैठकमा सहभागी पूर्वमहामन्त्री शशांक कोइरालाले केन्द्रीय समिति बैठक लाइभ गर्न सभापति देउवाले प्रस्ताव गरेको जानकारी दिए।

'मंगलबारको केन्द्रीय समिति बैठक लाइभ गर्नेबारे छलफल भयो। धेरै व्यक्तिहरू लाइभ गर्न सहमत हुनुभयो, केहीले लाइभ हुँदा नेताहरूले मनदेखि बोल्दैनन् भन्ने विषय राख्नुभयो,' कोइरालाले भने, 'भोलि लाइभ गरौं र समीक्षा गरेर अघि बढ्ने कुरा भएको छ। भोलि सायद लाइभ हुन्छ। त्यसको प्रतिक्रिया हेरेर निरन्तरता दिने कि नदिने निर्णय हुन्छ।' केन्द्रीय समिति बैठकमा धारणा राख्दा उठान नगरेका विषय पनि नेताहरूले पछि मिडियामा उठान गर्ने गरेको भन्दै सभापति देउवाले यसअघि नै बैठक लाइभ गर्नुपर्ने बताउँदै आएका थिए।

कांग्रेसको केन्द्रीय समिति बैठक एक वर्षपछि मंगलबार बस्दैछ। लामो समयदेखि बस्न लागेको बैठकलाई चासोपूर्वक हेरिएको छ।

केन्द्रीय समिति बैठकमा नीति अधिवेशनको मिति तय गर्ने र राष्ट्रव्यापी संगठन सुदृढीकरण अभियान सञ्चालन गर्नेजस्ता विषयमाथि पनि छलफल हुनेछ।

साथै पूर्वगृहमन्त्रीसमेत रहेका केन्द्रीय सदस्य बालकृष्ण खाण नक्कली भुटानी शरणार्थी प्रकरणमा मुछिएर कारागारमा रहेको र उनलाई पार्टीले अहिलेसम्म निलम्बन नगरेको विषयमा पनि केन्द्रीय समितिमा छलफल हुनेछ।

सहमहामन्त्री फरमुल्लाह मन्सुरका अनुसार केन्द्रीय समितिमा छलफल हुने एजेन्डा करिब तय भइसकेको छ।

समसामयिक राजनीतिक घटनाक्रम, प्रतिनिधि सभा निर्वाचन परिचालन समिति संयोजक गोपालमान श्रेष्ठले प्रतिवेदन पेश गर्ने, नीति अधिवेशनको मिति तय गर्नेजस्ता विभिन्न ९ एजेन्डामाथि केन्द्रीय समितिमा छलफल हुनेछ।

सहमहामन्त्री मन्सुरका अनुसार सभापति देउवाले केन्द्रीय समिति बैठक कांग्रेसको आधिकारिक फेसबुक पेजलगायतबाट लाइभ गर्ने प्रस्ताव पनि गरेका हुन्।

महामन्त्री विश्वप्रकाश शर्माका अनुसार केही विभाग थप गर्नुपर्ने र केही विभागको थप व्याख्या गर्नुपर्ने छ। त्यसबारे पनि केन्द्रीय समितिमा छलफल हुनेछ। कांग्रेस विधानअनुसार २८ विभाग छन्। अहिलेसम्म प्रचार विभाग मात्रै गठन गरिएको छ।

केन्द्रीय समिति बैठकमा अनुशासन समिति संयोजक आनन्द ढुंगानाले प्रतिवेदनसमेत पेश गर्ने एजेन्डा छ। साथै संसदीय दलका प्रमुख सचेतक रमेश लेखकले चुनावपछि अहिलेसम्म संसदमा कांग्रेसले खेलेका भूमिकाबारे प्रतिवेदन पेश गर्ने एजेन्डा पनि छ।

उपसभापतिसमेत रहेका उपप्रधान तथा रक्षामन्त्री पूर्णबहादुर खड्काले सरकारका कामकारबाहीबारे पनि केन्द्रीय समितिमा जानकारी दिनेछन्।

'समसामयिक राजनीतिदेखि सरकारका सन्दर्भसम्म, सांगठानिक गतिविधिदेखि राष्ट्रव्यापी अभियानसँग सम्बन्धित आन्तरिक र बाह्य समग्र विषयबारे केन्द्रीय समितिमा छलफलका लागि प्रस्ताव गरिन्छ,' महामन्त्री शर्माले भने।

कांग्रेस केन्द्रीय समिति बैठक करिब एक साता चल्नेछ।

# रक्षामन्त्री र युएईका राजदूतबीच शिष्टाचार भेट



काठमाण्डु। उपप्रधानमन्त्री एवं रक्षामन्त्री पूर्णबहादुर खड्कासँग नेपालका लागि संयुक्त अरब इमिरेट्स (युएई) का राजदूत अब्दुल्ला अल शाम्सीले सोमबार शिष्टाचार भेटवार्ता गर्नुभएको छ।

रक्षा मन्त्रालयमा भएको भेटमा उहाँहरूबीच द्विपक्षीय सम्बन्ध र आपसी हितका बारेमा विचार विमर्श भएको उपप्रधानमन्त्रीको निजी सचिवालयले जनाएको छ।

परराष्ट्रमन्त्री साउद र भारतीय विदेशमन्त्री भेटवार्ता

परराष्ट्रमन्त्री एनपी साउद र उहाँका भारतीय समकक्षी एस जयशङ्करबीच थाइल्यान्डको बैंककमा सोमबार भेटवार्ता भएको छ।

थाइल्याण्डको बैंककमा जारी बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बङ्गालको खाडीको प्रयास (बिम्स्टेक) सदस्य मुलुकका विदेशमन्त्रीहरुको बैठकमा सहभागी हुने क्रममा उहाँहरुबीच भेटवार्ता भएको परराष्ट्र मन्त्रालयले जनाएको छ।

उहाँहरुबीचको द्विपक्षीय वार्ता उपलब्धिमूलक भएको बताइएको छ। भारतीय विदेशमन्त्री एस जयशङ्करले नेपाली समकक्षीसँग फलदायी वार्ता भएको उल्लेख गर्नुभएको छ।

भेटवार्तापछि विदेशमन्त्री जयशङ्करले नेपालसँग आपसी हितका विषयमा निरन्तर सम्पर्कमा रहेर काम गर्न आफू तयार रहेको सामाजिक सञ्जाल ट्विटरमा उल्लेख गर्नुभएको छ। रासस

# दिगो विकास लक्ष्य हासिल गर्न अविकसित मुलुकलाई ठूलो चुनौती : अर्थमन्त्री डा महत

काठमाण्डु। भारत भ्रमणमा रहनुभएका अर्थमन्त्री डा प्रकाशशरण महतले दिगो विकास लक्ष्य प्राप्त गर्न अल्पविकसित मुलुकका लागि चुनौतीपूर्ण रहेको बताउनुभएको छ।

भारतको गुजरातस्थित गान्धीनगरमा सोमबारदेखि सुरु भएको जी-२० मुलुकका अर्थमन्त्री तथा केन्द्रीय बैंकका गभर्नरस्तरीय तेस्रो बैठकमा उहाँले राजस्व स्रोतको अभाव र बढ्दो सार्वजनिक ऋणको दायित्वका कारण अल्पविकसित मुलुकमा दीगो विकास लक्ष्य हासिल गर्न चुनौती थपिएको बताउनुभएको हो। स्रोत अभावका कारण स्वास्थ्य क्षेत्रमा प्रतिव्यक्ति लगानीसमेत बढाउन नसकिएको उहाँले बताउनुभयो। अल्पविकसित र विकासोन्मुख मुलुकका लागि अनुदान र सहुलियतपूर्ण आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउनका लागि पनि अर्थमन्त्री डा महतले उक्त सम्मेलनमार्फत अन्तर्राष्ट्रिय समुदायलाई आह्वान गर्नुभयो।

सम्मेलनमा भारत, अमेरिका, चीन, जापान, फ्रान्स र रसियालगायतका सदस्य राष्ट्र र विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ), एशियाली विकास बैंक, एसियाली पूर्वाधार लगानी बैंकजस्ता संस्थाहरूको सहभागिता रहेको छ।

जी-२० मुलुकका अर्थमन्त्री तथा केन्द्रीय बैंकका गभर्नरस्तरीय यो बैठकमा विश्वअर्थतन्त्र र विश्व स्वास्थ्य, दिगो वित्त र पूर्वाधार विकास, अन्तर्राष्ट्रिय वित्तीय परिदृश्य, अन्तर्राष्ट्रिय कर प्रणाली, वित्तीय समावेशितालगायतका विषय सत्रमा छलफल भएको छ। सार्वजनिक ऋण व्यवस्थापनमा सहकार्य, क्रिप्टो कारोबारको नियमन एवं सुपरीवेक्षण, सार्वजनिक पूर्वाधारमा प्रविधिको प्रयोगलगायतका विषय बैठकमा उठाइएको छ। रासस

# उच्च शिक्षातर्फको बजेट न्यून, अनुसन्धान कार्य प्रभावित : उपकुलपति प्राडा बास्कोटा

काठमाण्डु। चिकित्साशास्त्र अध्ययन संस्थान, महाराजगञ्जले देशमा आवश्यक स्वास्थ्य क्षेत्रको दक्ष जनशक्ति उत्पादनमा जोड दिएको छ। संस्थानको ५१औं वार्षिकोत्सवका अवसरमा आज यहाँ आयोजित कार्यक्रममा पदाधिकारी एवं प्राध्यापकहरूले सन् १९७२ मा स्थापित महाराजगञ्ज क्याम्पसबाट उत्पादित जनशक्तिले मुलुकका अधिकांश अस्पतालमार्फत आमजनतालाई स्वास्थ्य सेवा प्रदान गरिरहेको उल्लेख गर्दै परिवर्तित सन्दर्भमा यसको दायरा वृद्धि गरी गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउनुपर्ने खाँचो औँल्याउनुभयो।

सो अवसरमा त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्राडा धर्मकान्त बास्कोटाले त्रिविजस्तो देशकै सबैभन्दा जेठो र ठूलो विश्वविद्यालयमा आवश्यक बजेट र जनशक्ति व्यवस्थाका लागि निरन्तर पहल गरे पनि सम्बोधन नभइदिँदा अनुसन्धान तथा कर्मचारीको वृत्तिविकासँग सम्बन्धित कामकाज प्रभावित हुन पुगेको बताउनुभयो। उहाँले नेपाल सरकारको स्वीकृतिबिना त्रिभुवन विश्वविद्यालयममा कर्मचारी दरबन्दी वृद्धि गर्न नपाइने व्यवस्था रहेको जानकारी दिँदै अदालतमा परेको मुद्दा मामिलाका कारणसहित एक वर्षदेखि त्रिवि सेवा आयोगमा पदाधिकारीविहीन हुँदा कर्मचारी नियुक्ति तथा बढुवा प्रक्रिया अवरुद्ध भएको स्पष्ट गर्नुभयो। चिकित्साशास्त्र अध्ययन संस्थानकी डिन प्राडा दिव्यासिंह शाहले २२ जना विद्यार्थी र तीन सय एक शैय्याबाट स्वदेशमा सुरु भएको शिक्षण अस्पताल सोमबार देशभर विस्तार भएको उल्लेख गर्दै शिक्षण अस्पतालहरूमा गुणस्तरीय शिक्षासहित सर्वसाधारणको पहुँच दिलाउन पहल भइरहेको बताउनुभयो। रासस

# पृथ्वीको तापक्रम वृद्धि दर घटाउने सम्बन्धमा अमेरिकी र चिनियाँ अधिकारीबीच भेटवार्ता

एएफपी

बेइजिङ । जलवायुमामिला सम्बन्धी जिम्मेवारी तोकिएका अमेरिकी दूत जोन केरीले आफ्ना चिनियाँ समकक्षीसँग सोमबार बेइजिङमा चार घण्टा लामो वार्ता गरी पृथ्वीको तापक्रम वृद्धि घटाउने विषयमा रोकिएको कूटनीतिक वार्तालाई पुनर्जीवित गर्नुभएको छ ।

गत वर्ष अमेरिकी संसदकी तत्कालीन सभामुख न्यान्सी पेलोसीले स्वशासित ताइवानको भ्रमण गरेर बेइजिङलाई आक्रोशित बनाएपछि दुई ठूला हरितगृह ग्याँस उत्सर्जक देशहरूबीचको जलवायु वार्ता रोकिएको थियो । वासिङ्टन र बेइजिङबीच ताइवान र अन्य थुप्रै विषयमा विवाद भए पनि पूर्व विदेशमन्त्री केरीले चीनसँग तुलनात्मक रूपमा सुमधुर र निरन्तर सम्बन्ध राख्दै आउनुभएको छ ।



चिनियाँ सरकारी सञ्चारमाध्यमका अनुसार उहाँले आफ्ना चिनियाँ समकक्षी सी झेन्हुआसँग जलवायुपरिवर्तनले पृथ्वीमा ल्याएको वातावरणीय सङ्कट र यसको नियन्त्रणका लागि विश्वका प्रमुख अर्थतन्त्र र प्रदुषणका लागि बढी जिम्मेवार मानिएका मुलुकहरूको भूमिकाप्रति सोमबार बेइजिङमा भएको चार घण्टा लामो वार्ताका क्रममा छलफल भएको थियो ।

"जलवायु परिवर्तनसम्बन्धी मामिलाका लागि चीनका विशेष दूत सी झेन्हुआले उहाँका अमेरिकी समकक्षी जोन केरीसँग करिब चार घण्टा छलफल गर्नुभएको छ," सरकारी प्रसारक सिसिटिभीले छलफल भएका बुँदा र सहमतिबारे थप विवरण सार्वजनिक नगरिकन वार्ताको पुष्टि गरेको छ ।

केरीले आइतबार सीएनएनलाई बताएअनुसार अमेरिकी राष्ट्रिय सुरक्षा सल्लाहकार जेक सुलिभानले बेइजिङलाई 'आफू विकासशील राष्ट्र हो भन्ने कुनै पनि प्रकारको दाबीको पछाडि नलुक्न' दबाब दिने अमेरिकी अडान रहेको बताउनुभएको थियो ।

सुलिभानले भन्नुभयो, "चीनलगायत सबै देशको उत्सर्जन घटाउने जिम्मेवारी छ र मलाई विश्वास छ, विश्वले चीनलाई उत्सर्जन घटाउन अझ नाटकीय कदम चाल्न दबाब दिनुपर्छ र प्रोत्साहित गर्नुपर्छ ।"

चीनले लामो समयदेखि विकासशील राष्ट्रको रूपमा आफ्नो आधिकारिक हैसियतलाई आफ्नो उच्च उत्सर्जनको औचित्य पुष्टि गर्न प्रयोग गर्दै आएको छ तर यस सम्बन्धमा उनीहरूका लागि अझै धेरै काम गर्न बाँकी छ," सुलिभानले भन्नुभयो । "विदेशमन्त्री केरीले बेइजिङमा रहँदा यो कुरा राख्नुहुनेछ," उहाँले भन्नुभयो ।

अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केन र अर्थमन्त्री जेनेट येलेनले अमेरिका र चीनबीचको सम्बन्धलाई स्थिर बनाउने उद्देश्यले गरेका अन्य दुई उच्च स्तरीय भ्रमणपछि केरीको यो भ्रमण हुन लागेको हो ।

उत्तरी गोलार्धमा ग्रीष्मकालीन गर्मीको रेकर्ड कायमै रहेका बेला उहाँको चीन भ्रमण भएको वैज्ञानिकहरूले बताएका छन् ।

'ग्रान्थम रिसर्च इन्स्टिच्युट अन क्लाइमेट चेन्ज एन्ड द इन्भाइरोमेन्ट' का वरिष्ठ सदस्य चुनपिङ सीले एएफपीसँग भन्नुभयो, "केरीको भ्रमण र जलवायु अन्तरक्रियाको पुनरुत्थानले जलवायु सङ्कटलाई सम्बोधन गर्न समन्वयात्मक प्रयासको महत्वपूर्ण महत्वलाई जोड दिन्छ ।

"यसले साझा भलाइलाई बढावा दिन जटिल भूराजनीतिक सम्बन्धलाई पुनः स्थापित गर्ने उनीहरूको साझा दृढतालाई पनि प्रदर्शित गर्दछ," सीले भन्नुभयो ।

जलवायु परिवर्तनलाई निम्त्याउने हरितगृह ग्याँसको प्रमुख उत्सर्जकका रूपमा चीनले सन् २०३० सम्ममा कार्बन उत्सर्जनलाई उच्च बनाउने र सन् २०६० सम्ममा पूर्ण कार्बन तटस्थता हासिल गर्ने प्रतिबद्धता जनाएको छ ।

चिनियाँ राष्ट्रपति सी चिनफिङले पनि सन् २०२६ देखि कोइलाको प्रयोग घटाउने बताउनुभएको छ ।

तर बेइजिङले अप्रिलमा कोइला ऊर्जामा ठूलो वृद्धिलाई अनुमोदन गरेको थियो । वातावरण संरक्षणका लागि काम गर्ने अन्तर्राष्ट्रिय संस्था ग्रीनपीसका अनुसार चीनले कोइला ऊर्जामा ठूलो वृद्धिलाई अनुमोदन गरी उत्सर्जन घटाउने प्रतिज्ञाभन्दा ऊर्जा आपूर्तिलाई प्राथमिकता दिएको र यसले चीनको आफ्नो लक्ष्य पूरा गर्न असफल हुने चिन्तालाई बढावा दिएको छ ।

# भारतको 'ए' टिमसँग ९ विकेटले पराजित नेपाल इमर्जिङ कपको समूह चरणबाटै बाहिरियो



टुडे समाचारदाता

काठमाण्डु । श्रीलंकामा जारी एसिसी इमर्जिङ टिम्स एसिया कपमा नेपाल समूह चरणबाटै बाहिरिएको छ।

समूहको दोस्रो खेलमा भारतको 'ए' टिमसँग सोमबार ९ विकेटले पराजित भएसँग नेपाल अन्तिम खेलअघि नै बाहिरिएको हो। नेपालले दिएको १६८ रनको लक्ष्य भारतले १ विकेटको क्षतिमा २२.१ ओभरमा पूरा गऱ्यो। भारतका लागि साइ सुदर्शनले नटआउट ५८ रन र ध्रुव जुरेलले नटआउट २१ रन जोडे। यस्तै रोहित पौडेलको बलमा आउट हुनुअघि अभिषेक शर्माले ८७ रन जोडे। उनले ६९ बलमा १२ चौका र २ छक्का हिर्काए।

त्यसअघि कोलम्बोमा प्रेमदसा रंगशालामा टस जितेर पहिले ब्याटिङ गरेको नेपाल ३९.२ ओभरमा १६७ रनमा अलआउट भयो।

खराब सुरुवात गरे पनि कप्तान रोहितकुमार पौडेलले अर्धशतक प्रहार गरे। रोहितले निशान्त सिन्धुको बलमा क्याचआउट हुनुअघि ६५ रन जोडे। उनले ८५ बलमा ७ चौका हिर्काए।

१० ओभरमा ३७ रन जोड्दा ५ विकेट गुमाएको नेपालका लागि रोहितले सोमपाल कामीसँग छैटौं विकेटका लागि ५३ रन र गुल्सन झासँग सातौं विकेटका लागि ५४ रनको साझेदारी गरेका थिए।

सोमपाल १४ रनमा आउट भएका थिए। गुल्सनले महत्वपूर्ण योगदान दिने क्रममा ३० बलमा समान २-२ चौका र छक्का प्रहार गर्दै ३८ रन जोडे। ओपनर कुशल भुर्तेल शून्यमा आउट भए। उनलाई दोस्रो बलमा भारतका हर्षित रानाले एलबिडब्लूको धरापमा पारे। यस्तै अर्का ओपनर आसिफ ७ रनमा राजवर्धनको बलमा विकेट पछाडि समातिए।

देव खनाल १५ रन बनाएर खेलिरहदा राजवर्धनकै बलमा रियान परागबाट समातिए। भीम सार्की हर्षित रानाबाट ८.५ ओभरमा ४ रनमा बोल्ड भए। कुशल मल्ल शून्यमा राजवर्धनको बलमा अभिषेक शर्माबाट समातिए। पवन सर्राफले ६ रन जोड्न सके।

बलिङमा भारतका निशान्त सिन्धुले ४ विकेट लिए। उनले ३.२ ओभरमा १४ रन दिए। राजवर्धनले ३ विकेट लिए भने हर्षित रानाले २ विकेट हात पारे। यसअघि नेपालले आफ्नो पहिलो खेलमा पाकिस्तानको 'ए' टिमसँग ४ विकेटको हार बेहोरेको थियो। पाकिस्तानले सोमबार भएको दोस्रो खेलमा युएईलाई पराजित गऱ्यो।

लगातार दुई खेलमा जित हात पारेसँगै भारत र पाकिस्तान सेमिफाइनलमा पुग्दा नेपाल र युएई बाहिरिएका छन्। अब नेपालले प्रतियोगिताको अन्तिम खेलमा युएईको 'ए' टिमसँग साउन ३ गते खेल्नेछ।

नेपालबाहेक अरु देशका सिनियर टिमले प्रतियोगितामा भाग लिएका छैनन्। नेपालबाहेकका टिमले युवा खेलाडी समेट्दै 'ए' टिम बनाएर प्रतियोगितामा सहभागी भएका छन्। एसियाली क्रिकेट काउन्सिल (एसिसी) ले एसियाका एसोसिएट टिमलाई एक्सपोजर दिने उद्देश्यले आयोजना गर्ने प्रतियोगितालाई नेपालले एसिया कपको तयारीको रूपमा लिएको छ।

एसिया कप आगामी सेप्टेम्बरमा पाकिस्तान र श्रीलंकामा हुने तय छ। एसिया कपमा नेपालले भारत र पाकिस्तानसँग प्रतिस्पर्धा गर्ने तालिका छ। दुई समूहका शीर्ष दुई टिम सेमिफाइनलमा पुग्नेछन्। प्रतियोगिताको फाइनल साउन ७ मा हुनेछ।

# युक्रेनको पूर्वमा भीषण लडाईं, खाद्यान्न सम्झौता सङ्कटमा

एएफपी

इस्तानबुल । युक्रेनलाई कालो सागरमार्फत आफ्नो अनाज निर्यात गर्न अनुमति दिने सम्झौता इस्तानबुलको स्थानीय समय अनुसार सोमबार राति ११ बजे समाप्त हुनेछ ।



रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले कीभको प्रतिआक्रमण असफल भएको बताएपनि आइतबार युक्रेनको पूर्वी क्षेत्रमा भीषण भिडन्त भएको कीभले जनाएको छ । टर्की र संयुक्त राष्ट्रसङ्घका अधिकारीहरूले जुलाई २०२२ मा इस्तानबुलमा पहिलो पटक हस्ताक्षर गरिएको सम्झौताको अर्को विस्तारमा सहमत हुन रुसलाई सहमत गराउने प्रयास गरिरहेका छन् ।

गत वर्ष सम्पन्न ब्ल्याक सी ग्रेन इनिसियटिभका कारण युक्रेनले चार करोड २० लाख टनभन्दा बढी युक्रेनी खाद्यान्नको निर्यात गर्न सफल भएको थियो । तर रुसले अहिलेसम्म सम्झौता नवीकरण गर्न नमानेका कारण उक्त यातायात ठप्प भएको हो ।

"सबै पक्षबाट आवेदन स्वीकृत भएको छैन," सम्झौताको अनुगमन गर्ने संयुक्त समन्वय केन्द्र (जेसीसी) ले जारी गरेको विज्ञप्तिमा भनिएको छ । "जुन २७ यता कुनै पनि नयाँ पानीजहाजलाई सहभागी हुन स्वीकृति दिइएको छैन ।"

सम्झौतामा हस्ताक्षर गर्ने युक्रेन, रूस, टर्की र संयुक्त राष्ट्रसङ्घले अनुमति दिएको अन्तिम मालवाहक जहाज टर्कीको थोक क्यारियर टीक्यू सामसुन युक्रेनी बन्दरगाह ओडेसाबाट इस्तानबुलतर्फ कालो सागर पार गर्दै गएको मरिन ट्राफिक वेबसाइटले आइतबार अबेर राति जनाएको छ ।

शुक्रबार टर्कीका राष्ट्रपति रेसेप तैयप एर्दोआनले सम्झौता पुनः नवीकरण हुनेमा आशावादी रहेको बताउनुभएको थियो ।

तर आफू र रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले यस विषयमा आँखा चिम्लेको भने उहाँको दावीको क्रेमलिनका प्रवक्ताले तुरुन्तै खण्डन गर्दै उनीहरूले त्यस्तो कुनै घोषणा नगरेको बताउनुभयो ।

रुसी खाद्यान्न र मलको निर्यातका लागि अनुमति दिने सम्झौताका तत्वहरूको सम्मान नगरिएको भन्दै पुटिनले सम्झौताबाट बाहिरिने चेतावनी दिँदै आउनुभएको छ ।

दक्षिण अफ्रिकी समकक्षी सिरिल रामाफोसासँगको टेलिफोन वार्तामा उहाँले भन्नुभयो, "सम्झौताको मुख्य लक्ष्य रहेको अफ्रिकी महाद्वीपलगायत खाँचोमा परेका देशहरूलाई खाद्यान्न आपूर्ति कार्यान्वयन हुन सकेको छैन ।"

जेसीसीको तथ्याङ्कअनुसार चीन र टर्की साथै विकसित अर्थव्यवस्थाहरू अनाज ढुवानीको मुख्य लाभार्थी हुन् ।

यस सम्झौताले विश्व खाद्य कार्यक्रमलाई अफगानिस्तान, सुडान र यमन जस्ता गम्भीर खाद्य अभावको सामना गरिरहेका देशहरूलाई राहत प्रदान गर्न मद्दत गरेको संयुक्त राष्ट्रसङ्घको बुझाइ छ ।

# विदेशमन्त्रीस्तरीय बिमस्टेक बैठक सुरु

एएनआई

बैङ्कक । बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बङ्गालको खाडीको प्रयास (बिम्स्टेक) विदेशमन्त्रीहरूको बैठक थाइल्याण्डको राजधानी बैङ्ककमा सोमबारदेखि शुरु भएको छ ।

बिम्स्टेक एक आर्थिक र प्राविधिक पहल हो जसले बहुआयामिक सहयोगका लागि बङ्गालको खाडीका देशहरूलाई एक साथ ल्याउँछ ।

बैठकमा बिम्स्टेकको एजेन्डालाई अझ प्रगाढ बनाउने र संगठनलाई मजबुत बनाउने विषयमा छलफल हुनेछ ।

बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बङ्गालको खाडीको प्रयास (बिम्स्टेक) क्षेत्रीय बहुपक्षीय सङ्गठन हो ।

यसका सदस्यहरू बङ्गालको खाडीको तटीय र आसपासका क्षेत्रहरूमा अवस्थित छन् जसले एक सन्निकट क्षेत्रीय एकताको आह्वान गर्दछ। बिम्स्टेकले दक्षिण र दक्षिणपूर्व एसियासहित ग्रेट हिमालय र बङ्गालको खाडीको पारिस्थितिकीय प्रणालीलाई पनि जोड्छ ।

यसको मुख्य उद्देश्य तीव्र आर्थिक विकासको लागि सक्षम वातावरण सिर्जना गर्नु हो । सामाजिक प्रगतिलाई गति दिनु र यस क्षेत्रमा साझा चासोका विषयहरूमा सहयोगलाई बढावा दिनु यसको लक्ष्य हो ।

विदेशमन्त्रीहरूले बिम्स्टेकअन्तर्गत क्षेत्रीय सहयोगका क्षेत्रमा हाले भएका महत्वपूर्ण प्रगति र यसको संस्थागत ढाँचालाई मजबुत बनाउन चालिएका कदमको समीक्षा गर्नुहुनेछ ।

बिम्स्टेक सहयोगका एजेन्डा र आगामी घटनाक्रमलाई अझ प्रगाढ बनाउने विषयमा पनि छलफल भएको छ, भारतीय विदेश मन्त्रालयका प्रवक्ता अरिन्दम बागचीले ट्वीटरमा लेख्नुभएको छ ।

# कीर्तिमानी टेनिस खेलाडी जोकोभिचको लय तोड्ने २० वर्षका अल्कारेज

टुडे समाचारदाता

काठमाण्डु । कार्लोस अल्कारेजले पहिलो पटक विम्बल्डन जितेको पुरुष एकलको उपाधि जितेका छन्। सर्बियन टेनिस स्टार नोभाक जोकोभिचलाई स्तब्ध पार्दै अल्कारेजले उपाधि जितेका हुन्।



२० वर्षीय स्पेनिस खेलाडी अल्कारेजले खराब सुरुवात गरे पनि डिफेन्डिङ च्याम्पियन जोकोभिचलाई १-६, ७-६ (८-६) ६-१, ३-६ र ६-४ ले पराजित गरे। जोकोभिचले यो उपाधि जितेको भए विम्बल्डनमा आठौं र ग्राण्डस्लाममा २४ औं उपाधि हुने थियो। तर शीर्ष वरीयताका अल्कारेजले ३६ वर्षीय जोकोभिचलाई पराजित गर्दै विश्व टेनिसमा नयाँ स्टार उदाएको संकेत गरेका छन्।

अल्कारेजको यो दोस्रो प्रमुख उपाधि हो। उनले गत वर्ष युएस ओपन जितेर आफ्नो पहिलो ग्राण्डस्लाम ट्रफी उचालेका थिए।

विम्बलडनमा जोकोभिचलाई हराएपछि उनी भुइँमा पल्टिए र खुसीसाथ बललाई दर्शकतर्फ फ्याँकेका थिए। विम्बल्डनको सेन्टर कोर्ट खचाखच भरिएको थियो। बेलायतका राजकुमार र राजकुमारीसँगै अभिनेता ब्राड पिट र दुई पटकका विजेता एन्डी मुर्रे पनि दर्शकदीर्घामा थिए।

फाइनलपछि सबै दर्शक अल इङ्ग्ल्याण्ड क्लबको नयाँ च्याम्पियनको सम्मानमा उभिएका थिए। त्यसपछि परम्परा पछ्याउँदै अल्कारेज कोर्टबाट सिँढी पार गर्दै आफ्नो प्रशिक्षक जुआन कार्लोस फेरेरो, आफ्नो परिवार र साथीलाई अँगालो हाल्न पुगेका थिए।

अल्कारेज विम्बलडन उपाधि जित्ने तेस्रो कान्छो खेलाडी बने। सन् १९८५ मा १७ वर्षीय बोरिस बेकर र १९७६ मा २० वर्षीय बियोन बर्गले यो उपाधि जितेका थिए। पराजयपछि २३ ग्राण्डस्लाम उपाधि जितेका जोकोभिच प्रतिक्रिया दिने क्रममा भावुक भएका थिए। त्यसक्रममा उनको आँखाबाट आँसु झरेको थियो।

जोकोभिचले यसअघि अष्ट्रेलियन ओपन र फ्रेन्च ओपन जितेर २२ उपाधि जित्ने राफेल नडालको कीर्तिमानलाई पछि पारेका थिए।

अर्को एक उपाधि जित्न सके टेनिसका महान खेलाडी मध्येकी एक मार्गरेट कोर्टको २४ एकल उपाधि जित्ने विश्व कीर्तिमान बराबरी हुने जोकोभिकलाई थाहा थियो। अष्ट्रेलियाकी महिला खेलाडी मार्गरेटको यो कीर्तिमान अहिलेसम्म कुनै पनि टेनिस खेलाडीले पार गर्न सकेका छैनन्।

सन् २०१८ देखि व्यावसायिक टेनिस खेल्न थालेका अल्कारेजले सन् २०२१ मा १७ वर्षको उमेरमा अस्ट्रेलियन ओपन खेलेका थिए। त्यतिबेला उनी पुरुष एकलमा प्रतिस्पर्धा गर्ने सबैभन्दा कान्छा खेलाडी बनेका थिए।

हाल उनी एकलतर्फको वरीयतामा पहिलो नम्बरमा छन्। उनले २०२३ विम्बल्डनसहित २०२२ युएस ओपन र चार मास्टर्स उपाधिसहित १२ एटिपी टुर-स्तर एकल उपाधि जितेका छन्। युएस ओपनको उपाधिपछि उनी १९ वर्षको उमेरमा विश्व वरीयताको शीर्ष स्थानमा पुग्ने पहिलो खेलाडी बनेका थिए।

टेनिस करिअरलाई उच्च लयतर्फ अघि बढाइरहेका स्पेनका युवा खेलाडी अल्कारेजले फ्रेन्च ओपनको सेमिफाइनलमा जोकोभिचको अगाडि कठिन अनुभव भोगिसकेका थिए। त्यसैले विम्बल्डन २०२३ को फाइनल खेलअघि अल्कारेजको मानसिक अवस्थाबारे चर्चा भइरहेको थियो।

आइतबार जोकोभिचसँग खेल्दा उनी डराउट मुक्त हुनेमा विश्वस्त थिए। तर खेलको पहिलो सेट एकतर्फी रह्यो र फेरि एकपटक जोकोभिच अल्कारेजमाथि हावी भएको देखियो। जोकोभिचले पहिलो सेट ३४ मिनेटमै जितेका थिए।

यद्यपि अल्कारेज विस्तारै लयमा फर्किए। अल्कारेजले २७ मिनेटमा तेस्रो सेट जितेर अग्रता लिए पनि चौथो सेटमा उनले दुई ईवटा अनफोर्सड गल्ती गरे र जोकोभिचले बराबरी गरे।

तर निर्णायक पाँचौ सेटमा अल्कारेज खेलमा फर्किए। उनले जोकोभिचको २-१ को अग्रता तोडेका थिए। त्यतिबेला जोकोभिच यति रिसाए कि उनले आफ्नो र्‍याकेट बजारेका थिए। त्यसपछि अल्कारेजले थप उत्कृष्ट खेल देखाउँदै चार घन्टा ४२ मिनेटसम्म चलेको फाइनल खेल जित्दै इतिहासमा नाम लेखाए।

# उत्तर कोरियाले नयाँ आणविक परीक्षण गरेमा कुनै आश्चर्य हुनेछैन : अमेरिका

एएफपी

वासिङ्टन । ह्वाइट हाउसका वरिष्ठ अधिकारीले उत्तर कोरियालेगतसाता अन्तरमहादेशीय ब्यालेस्टिक क्षेप्यास्त्र परीक्षण गरेपछि अर्को आणविक परीक्षण गरेमा अमेरिका आश्चर्यचकित नहुने बताउनुभएको छ ।

"मलाई लाग्छ उत्तर कोरियाले आफ्नो सातौं आणविक परीक्षण गर्नेछ र म यसको बारेमा चिन्तित छु," राष्ट्रिय सुरक्षा सल्लाहकार जेक सुलिभानले सीबीएसलाई 'फेस द नेशन' नामक कार्यक्रमलाई दिएको एक अन्तर्वार्तामा भन्नुभयो ।

उहाँले भन्नुभयो, "म तत्काल त्यस्तो कुनै सङ्केत देख्दिनँ। तर उत्तर कोरियाले आफ्नो अन्तरमहादेशीय ब्यालेस्टिक क्षेप्यास्त्र क्षमताको सन्दर्भमा अर्को आणविक परीक्षण अघि बढाएो भने यो कुनै आश्चर्यको विषय हुनेछैन ।"

सुलिभानले प्योङ्याङले केही वर्षअघि नै आफ्नो आणविक क्षमताको परीक्षण शुरु गरेको र उनीहरूले यस क्रमलाई जारी राखेको बताउनुभयो ।

उत्तर कोरियाका नेता किम जोङ उनले प्रत्यक्ष निरीक्षण गरेको आफ्नो देशको सबैभन्दा नयाँ आईसीबीएमको सफल परीक्षण गरेको उत्तर कोरियाले बिहीबार जनाएको छ । यसअघि एक पटक मात्र परीक्षण गरिएको ह्वासोङ-१८ क्षेप्यास्त्र ले ६ हजार ६४८ किलोमिटरको उचाईमा एक हजार १ किलोमिटर उडेर पूर्वी सागरमा खसेको कोरियाली केन्द्रीय समाचार संस्था (केसीएनए) ले जनाएको छ ।

उत्तर र दक्षिण कोरियाबीचको सम्बन्ध कमजोर अवस्थामा छ । गत वर्ष किमले आफ्नो देशलाई 'अपरिवर्तनीय' आणविक शक्ति भएको घोषणा गर्नुभएको थियो र सामरिक आणविक हतियारसहित हतियार उत्पादन बढाउन आह्वान गर्नुभएको थियो ।

संयुक्त राष्ट्रसङ्घ, संयुक्त राज्य अमेरिका र फ्रान्सलगायत उसका मित्र राष्ट्रहरूले बुधबारको प्रक्षेपणको कडा निन्दा गरेका छन् ।

सुलिभानले प्योङ्याङसँग वार्ताका लागि वासिङ्टनको प्रस्ताव दोहोऱ्याउँदै राष्ट्रपति जो बाइडेनको प्रशासन आफ्नो आणविक कार्यक्रमबारे कुनै पूर्वशर्तबिना बसेर वार्ता गर्न तयार रहेको बताउनुभयो ।

# अमेरिकाको उत्तरपूर्वी क्षेत्रमा आँधीका कारण एक हजार ५०० भन्दा बढी उडान रद्द

सिन्ह्वा

न्यूयोर्क । अमेरिकाको उत्तरपूर्वी क्षेत्रमा आएको आँधीबेहरीका कारण आइतबार साँझसम्म अमेरिका भित्रिने र बाहिरिने एक हजार ५०० भन्दा बढी उडान रद्द भएका छन् ।

आँधीबेहरी र भारी वर्षाका कारण न्यूयोर्क र न्यूजर्सीका प्रमुख विमानस्थलमा ठूलो सङ्ख्यामा उडान अवरुद्ध हुनुका साथै ग्राउन्ड स्टप गरिएको फेडरल एभिएसन एडमिनिस्ट्रेशनले जनाएको छ ।

न्यूजर्सीको नेवार्क लिबर्टी अन्तर्राष्ट्रिय विमानस्थलमा आइतबार साँझसम्म ३६२ उडान रद्द भएका छन् भने ३३७ उडान ढिला भएको फ्लाइट ट्र्याकिङ साइट फ्लाइटअवेयरले जनाएको छ ।

न्यूयोर्कको जोन एफ केनेडी अन्तर्राष्ट्रिय विमानस्थलमा ३१८ उडान रद्द भएका छन् भने ४२६ उडान ढिला भएका छन् ।

शहरको अर्को विमानस्थल लागार्डिया विमानस्थलमा रद्द भएका उडानहरूको सङ्ख्या २७० पुगेको छ ।

बोस्टन लोगान अन्तर्राष्ट्रिय विमानस्थलमा पनि आइतबार साँझ आएको आँधीबेहरीका कारण विमानस्थलका धेरै उडान अवरुद्ध बनेका छन् । फ्लाइटअवेयरको तथ्याङ्कअनुसार करिब २६० उडान रद्द भएका छन् ।

संयुक्त राज्य अमेरिकाको उत्तरपूर्वी क्षेत्रमा आइतबार भारी वर्षाका कारण न्यूयोर्क, न्यूजर्सी, पेन्सिलभेनिया, डेलावेयर र मेरिल्याण्डका केही भागमा बाढी र विद्युत् आपूर्ति बन्द हुँदा पाँच करोड ६० लाखभन्दा बढी मानिस बाढीको चपेटामा परेका छन् । रासस

# आतङ्कवादविरुद्ध सहकार्य गर्ने प्रतिबद्धता

एएनआई

इस्लामाबाद । पाकिस्तान र इरानले सीमा क्षेत्रबाट आतङ्कवाद निर्मूल गर्न सहकार्यको प्रतिबद्धता व्यक्त गरेका छन् । दुवै देशका सेनाले एकअर्कासँग गुप्तचर निकायसँग सहकार्यका साथ आतङ्कवादी सञ्जालविरुद्ध कारवाही एकीकृतरूपमा काम गर्ने बताएका छन् । पाकिस्तानी सेनाको सञ्चार शाखा इन्टर सर्भिसेस पब्लिक रिलेसन्सका अनुसार सेना प्रमुख जनरल असिम मुनिरको इरानको दुईदिने भ्रमणका क्रममा दुवै पक्षका सैन्य कमाण्डरबीचको बैठकमा सहकार्यको सहमति भएको हो । प्रधानसेनापतिले इरानको सशस्त्र बलका प्रमुख मोहम्मद बगेरी र अन्य सैन्य नेतृत्वसँग आपसी सहयोगबारे छलफल गरेका थिए ।

खुफिया सूचना आदानप्रदानका माध्यमबाट सुरक्षा क्षेत्रमा सहयोग अभिवृद्धि गर्ने तथा आतङ्कवादका सबै रुप र प्रकटीकरणको एकढिकका भई प्रभावकारी कारवाही गर्ने वाचा दुवै देशका सैन्य कमाण्डरले गरेका थिए ।

# ‘रासायनिक मल पाउन सास्ती र हैरानी खेप्ने दिन गए’




काठमाण्डु । सरकारले चाहेमा आम किसानले भोग्नुपरेका सास्ती र हैरानीलाई कसरी अन्त्य गर्न सक्दोरहेछ भन्ने कुरा यसपटकको धान रोपाइँपूर्वको अवस्थाले पुष्टि गरेको छ ।

कृषिप्रधान देशको किसानले नै रासायनिक मल ( युरिया, डिएपी र पोटास) प्राप्त गर्न भोग्नुपरेका सङ्घर्षका कथा आफैँमा अत्यन्त्य पीडादायी हुने गर्दथे । ‘मानो रोपेर मुरी उब्जाउने बेला’ अर्थात् असारे धान रोपाइँका समयमा मल प्राप्त गर्न पनि देशैभरका किसानले सधैँ धेरै पसिना बगाउनुपर्दथ्यो । वर्तमान सरकारको ‘रासायनिक मलको अभाव हुन नदिने’ नीतिलाई कार्यान्वयन गर्ने क्रममा गरेको दूर दृष्टि निर्णयले यसपटक कहीँकतै रासायनिक मलको हाहाकार नभएको हो ।

विशेष गरी प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ ले मलको अभाव हुन नदिन निरन्तर गर्नुभएको निगरानी, समन्वय, सहजीकरण र चासोले गर्दा वर्षौंदेखिको समस्या यसपटक दोहोरिन पाएन । विशेष गरी असारे धान रोपाइँका समयमा मल अभाव हुने नेपालका लागि दीर्घकालीन रोग हो ।

रासायनिक मल आयातका लागि स्वीकृति पाएका निकायले समयअगावै मल ल्याएका र किसानले भने जति पाएकाले पनि सङ्घीय सदनमा यससम्बन्धी आवाज उठ्नै पाएन । मल अभावसम्बन्धी कुरा जननिर्वाचित सर्वोच्च निकायमा उठान नभएको सम्भवतः पहिलोपटक हुनसक्छ । यसपटक कुरा उठान भयो त- “स्वदेशमा नै रासायनिक मल कारखाना स्थापना गर्नुपर्‍यो, किन बजेट विनियोजन गरिएन ?” खण्डवृष्टि भएकाले अहिले आधाआधी रोपाइँ सकिएको छ । धमाधम रोपाइँ जारी रहँदा कहीँकतै मलको अभाव भएको किसानले गुनासो गरेका छैनन् । किसानले आफूलाई पायक पर्ने स्थानबाट आफूले चाहेको जति मल प्राप्त गरिरहेका छन् । उनीहरूका लागि समयमा मल, बीउ र तत्काल प्राविधिक सहयोग पाउनु नै खुसीका विषय हुन् । ती कुराहरू सहज उपलब्ध गराउनु सरकारको दायित्व नै हो । उसो त सरकारले यस वर्ष समयमै विद्यार्थीको हातहातमा पाठ्यपुस्तक पुर्‍याएर वर्षौंदेखिको समस्यालाई अन्त्य गरेको थियो । विद्यार्थी र किसानबाट सरकारले प्राप्त गरेको ऐतिहासिक स्यावासीलाई जोगाइ राख्नु जरुरी देखिन्छ ।

साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेडका प्रमुख कार्यकारी अधिकृत उर्मिला श्रेष्ठले भन्नुभयो, “प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ ले मल अभाव हुन नदिन निरन्तर राख्नुभएको चासो, अर्थ मन्त्रालयको सहयोग, कृषिमन्त्री, कृषिमन्त्रालयसका सचिव र सहसचिवको ताकेता र समन्वयले गर्दा यसपटक रासायनिक मलको समस्या हटेको हो ।” रासायनिक मल आयातका लागि स्वीकृति पाएका निकायमध्येको कर्पोरेशन पनि एक हो । तत्कालीन प्रधानमन्त्री डा बाबुराम भट्टराईले कर्पोरेशनलाई पहिलो पटक रासायनिक मल आयातको लागि स्वीकृति प्रदान गर्न सहयोग र समन्वय गर्नुभएको थियो । तत्कालीन समयमा कर्पोरेशनले पहिलोपटक ८५ हजार मेट्रिक टन मल समयअगावै ल्याई आफ्ना डिपोमार्फत वितरण गरेको थियो । यसबाट कर्पोरेशनले आफ्नो चुस्त व्यवस्थापनको क्षमता पुष्टि गरेको थियो । कर्पोरेशनको व्यवस्थापन अत्यन्त चुस्त र पारदर्शी भएकाले त्यसपछि हरेक वर्ष सरकारले उसलाई मल आयातका लागि कोटा निर्धारण गरी स्वीकृत दिँदै आएको छ ।

“हामीलाई सरकारले सहजीकरण गरिदिएमा सरकारले भनेका समयमा भने जति मल ल्याउन सक्छौँ, यसका लागि हाम्रो व्यवस्थापन समक्ष छ”, उहाँले भन्नुभयो, “हामीले ल्याएका मलको सही प्रयोग कसरी गर्ने भन्ने बारेमा किसानलाई जानकारी पनि दिने गर्दछौँ । यसबाट किसान औधि खुसी छन् ।”

कार्यकारी अधिकृत श्रेष्ठका अनुसार आर्थिक वर्ष २०७९/०८० मा कर्पोरेशनलाई युरिया, डिएपी र पोटास गरी कूल एकलाख ९८ हजार मेट्रिक टन मल ल्याउन सरकारले स्वीकृति दिएको थियो । सो परिमाणमध्ये अधिकांश मल भित्रिसकेको छ । स्वदेश भित्रिन बाँकी २० हजार मेट्रिक टन युरिया, २६ हजार दुई सय ८५ मेट्रिक डिएपी र दुई हजार पाँचसय मेट्रिक टन पोटास मार्गस्थलमा रहेको र यही साउनभित्र आइसक्ने कर्पोरेशनले जनाएको छ ।

कर्पोरेशनको गोदाममा २३ हजार ५२ मेट्रिक टन युरिया, ३२ हजार पाँच सय ८५ मेट्रिक टन डिएपी र दुइहजार पाँच सय चार मेट्रिक टन पोटास गरी ५८ हजार एक सय ४१ मेट्रिक टन मौज्जाद रहेको बताइएको छ ।

आव २०८०/०८१ को प्रथम चौमासिकका लागि सरकारले कर्पोरेशनलाई ४९ हजार मेट्रिक टन युरिया र ३० हजार मेट्रिक टन डिएपी ल्याउन स्वीकृति दिएको छ । कर्पोरेशनको कार्यकारी अधिकृत श्रेष्ठले भन्नुभयो, “सरकारले प्रथम चौमासिकका लागि स्वीकृति दिएको मल आयातका लागि बोलपत्र गरी सम्झौता गरिसकिएको छ । अब एलसी खोल्ने क्रममा छौँ ।”

कर्पोरेशनले ल्याएको मल प्रमुख जिल्ला अधिकारीको संयोजकमा रहने समितिले आवश्यकताका आधारमा प्रदेश र स्थानीय पालिकाका सिफारिसमा स्थानीय ‘डिलरले’ले बिक्री वितरण गर्ने गर्दछन् । एक अध्ययनका अनुसार नेपालमा कृषियोग्य जमिन खुम्चिदै जाँदा पनि चार लाख मेट्रिक टन युरिया, तीनलाख मेट्रिक टन डिएपी र ८० हजार मेट्रिक टन पोटास मल खपत हुने जनाइएको छ । चालु आवको लागि सरकारले मलका लागि रु ३० अर्ब अनुदान दिने जनाएको छ । रासस

# सार्वजनिक यातायातको भाडादर घट्यो

काठमाण्डु । पेट्रोलियम पदार्थमा स्वचालित मूल्य प्रणाली लागू भएलगत्तै सार्वजनिक यातायातको भाडा झन्डै तीन प्रतिशत घटेको छ ।

स्वचालित प्रणालीले डिजेल र पेट्रोलको मूल्य घटाएलगत्तै यातायात व्यवस्था विभागले पनि सोही आधारमा भाडा समायोजन गरेको हो । स्वचालित प्रणालीअनुसार डिजेलमा रु चार र पेट्रोलमा प्रतिलिटर रु छ घटेको छ । त्यसैलाई आधार बनाएर यातायात व्यवस्था विभागले यात्रुबाहक सवारीसाधनमा दुई दशमलव १३ प्रतिशत, मालबाहक सवारीमा पहाडमा दुई दशमलव ७८ र तराईमा तीन दशमलव ०९ प्रतिशतले भाडा घटाएको विभागका महानिर्देशक नारायणप्रसाद भट्टराईले जानकारी दिनुभयो ।

घटाएको भाडादर आजैदेखि लागू हुने विभागले जनाएको छ । नयाँ भाडादर लागू भए/नभएको अनुगमन यातायात व्यवस्था कार्यालय र ट्राफिक प्रहरी महाशाखाले गर्नेछन् ।

भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालाले भाडा समायोजनसम्बन्धी कार्यविधिमा भएको व्यवस्थाका आधारमा समायोजन गरिएको जानकारीदिनुभयो।पेट्रोलियमपदार्थमा पाँच प्रतिशतभन्दा बढी घटबढ भएमा नयाँ भाडादर समायोजन गर्ने वैज्ञानिक भाडादरसम्बन्धी कार्यविधिमा व्यवस्था छ ।

पेट्रोलियम पदार्थमा स्वचालित मूल्य प्रणाली लागू हुनासाथ सार्वजनिक र मालबाहक सवारी साधनको भाडादर समायोजन गर्न मन्त्री ज्वालाले आइतबार विभागलाई निर्देशन दिनुभएको थियो । रासस

# वृद्धावस्था सुरक्षा योजनाका योगदानकर्तालाई ७.५ प्रतिशत व्याज

काठमाण्डु । सामाजिक सुरक्षा कोषले चालु आव २०८०/८१ का लागि योगदानकर्ताले वृद्धावस्था सुरक्षा योजनामा जम्मा गरेको रकममा वार्षिक सात दशमवल पाँच प्रतिशत व्याज प्रदान गर्ने भएको छ ।

कोषले सञ्चालन गरेको वृद्धावस्था सुरक्षा योजनामा रू २३ अर्ब ७४ करोड ३७ लाख ७७ हजार योगदान रकम सङ्कलन भएको छ । कोष सञ्चालक समितिको बैठकले आवकाश कोषबाट योगदानकर्ताले लिएको विशेष सापटीमा वार्षिक ८ दशमवल ६० प्रतिशत व्याज लाग्ने निर्णय गरेको हो । धितोमा आधारित घर सापटी तथा शैक्षिक सापटीमा वार्षिक ९ दशमवल २५ र धितोमा आधारित सापटीको किस्ता भुक्तानी म्याद नाघेकामा १ प्रतिशत हर्जना व्याज लिने निर्णय गरेको कोषका प्रवक्ता विवेक पन्थीले जानकारी दिनुभयो । उहाँका अनुसार कोषमा हालसम्म रू ३६ अर्ब ४४ करोड योगदान रकम सङ्कलन भइसकेको छ ।

औषधोपचार, स्वास्थ्य तथा मातृत्व योजनामा रू एक अर्ब १० करोड ४८ लाख ६५ हजार, दुर्घटना तथा अशक्तता सुरक्षा र आश्रित परिवार सुरक्षा योजनामा रू एक अर्ब ९८ करोड ४० लाख ५६ हजार र अतिरिक्त योगदान शीर्षकमा रू नौ अर्ब ६१ करोड १५ लाख २८ हजार सङ्कलन भएको कोषले जनाएको छ ।

कोषमा गत असार मसान्तसम्म औपचारिक क्षेत्रका चार लाख २३ हजार नौ सय २९ र वैदेशिक क्षेत्रका दुई लाख २३ हजार पाँच सय ३५ गरी कूल छ लाख ४७ हजार चार सय ६४ श्रमिक आबद्ध भएका छन् । कोषले ८९ हजार दुई सय ४६ योगदानकर्तालाई विभिन्न सुविधा योजनाअन्तर्गत रू पाँच अर्ब सात करोड दाबी भुक्तानी गरेको छ । रासस

# पाँचतारे होटल, विदेशी मदिरा र पत्थर जडित गहनामा विलासिता शुल्क लाग्ने

काठमाण्डु । सोमबारदेखि पाँचतारे होटल, विदेशी मदिरा र रू १० लाख माथिका पत्थर जडित गरगहनामा दुई प्रतिशत विलासिता शुल्क लाग्ने भएको छ । आन्तरिक राजस्व विभागले ‘विलासिता शुल्कसम्बन्धी कार्यविधि, २०८०’ सोमबारदेखि कार्यान्वयनमा आएको जानकारी दिँदै यस्तो शुल्क लाग्ने जनाएको हो ।

आर्थिक ऐन, २०८० को दफा २१ मा पाँचतारे वा सोभन्दा माथिका होटल तथा लक्जरी रिसोर्टले प्रदान गर्ने सेवा, आयातित मदिरा र रू १० लाखभन्दा बढीका हिरा, मोती, पत्थर जडित सुन वा बहुमूल्य धातुका गरगहनाको कारोबारमा विलासिता शुल्क लगाउने उल्लेख छ । आर्थिक ऐनको सोही व्यवस्था कार्यान्वयनका लागि विभागले कार्यविधि ल्याएको हो । कार्यविधिअनुसार सम्बन्धित करदाता सेवा कार्यालय, आन्तरिक राजस्व कार्यालय, मध्यमस्तरीय करदाता सेवा कार्यालय, ठूला करदाता कार्यालय र मदिराको हकमा सम्बन्धित भन्सार कार्यालयले उक्त कर उठाउने छन् ।

“शुल्क असुल गर्ने र राजस्व खातामा दाखिल गर्ने प्रयोजनका लागि स्थायी लेखा नम्बर लिएको व्यक्तिले अलग्गै दर्ता गर्नुपर्ने छैन”, कार्यविधिमा भनिएको छ, “कारोबारको लेखाङ्कन प्रोदभावी (एक्रुयल) आधारमा गर्नुपर्नेछ भने कारोबारको मासिक विवरण अर्को महिनाको २५ गतेभित्र सम्बन्धित कार्यालयमा दाखिल गर्नुपर्नेछ ।”

आर्थिक ऐन, २०८० को दफा २१ अनुसार तोकिएको समयभित्र विवरण पेस नगरेमा विवरण पेस गर्नुपर्ने मितिदेखि विवरण पेस नभएको मितिसम्म दाखिल गर्नुपर्ने शुल्कमा वार्षिक दुई दशमलव पाँच प्रतिशतका दरले हुन आउने रकम थप शुल्क लाग्नेछ । सेवा प्रदायक वा बिक्रेताले सङ्कलन गरेको शुल्क सम्बन्धित कार्यालयको कोड र तोकिएको राजस्व शीर्षमा अर्को महिनाको २५ गतेभित्र दाखिल गरिसक्नुपर्नेछ । तोकिएको समयभित्र शुल्क दाखिल नगरेमा वार्षिक १५ प्रतिशतका दरले ब्याज लाग्ने आर्थिक ऐनमा उल्लेख छ ।

त्यस्तै सेवा प्रदायक तथा बिक्रेताले शुल्क असुल नगरेमा, बिक्री कारोबारलाई खण्डीकरण गरेमा वा वास्तविक कारोबार भन्दा घटी कारोबार घोषणा गरी न्यून शुल्क असुल गरेको पाइएमा २५ प्रतिशत अतिरिक्त शुल्क लाग्ने कार्यविधिमा उल्लेख छ । रासस

# एक अर्ब २६ करोडको चोरीका सामान बरामद




काठमाण्डु । सशस्त्र प्रहरी बल नेपालले गएको एक वर्षमा रू एक अर्ब २६ करोड ४४ लाख २४ हजारको चोरी पैठारीका सामान बरामद गरी भन्सार कार्यालयमा दाखिला गरेको छ ।

आर्थिक वर्ष २०७८/७९ कोभन्दा आव २०७९/८० मा करिब २७ प्रतिशत बढीको भन्सार छलीका सामान बरामद गरिएको सशस्त्र प्रहरीले जनाएको छ । उक्त अवधिभर सशस्त्र प्रहरी बल नेपालका विभिन्न युनिटले साउनमा रू नौ करोड ७९ लाख, भदौमा रू ११ करोड २५ लाख, असोजमा रू आठ करोड ७४ लाख ९४ हजार, कार्तिकमा रू छ करोड ९१ लाख ५८ हजार बराबरको मालसामान बरामद गरेको सशस्त्र प्रहरीका प्रवक्ता सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक राजेन्द्र खड्काले जानकारी दिनुभयो । उहाँका अनुसार मङ्सिरमा रू आठ करोड ४८ लाख, ५१ हजार, पुसमा रू १७ करोड ५८ लाख ५० हजार, माघमा रू आठ करोड १९ लाख ९६ हजार, फागुनमा रू आठ करोड ७९ लाख ६० हजारको मालसामान बरामद भएको छ ।

त्यस्तै, चैतमा रू ११ करोड १८ लाख ३० हजार, वैशाखमा रू १३ करोड ८१ लाख ८९, जेठमा रू ११ करोड ४३ लाख ६४ हजार र असारमा रू १० करोड २३ लाख १२ हजार बराबरको सामान बरामद गरी भन्सार कार्यालयमा बुझाएको प्रवक्ता खड्काले बताउनुभयो । आर्थिक वर्ष २०७९/८० मा सशस्त्र प्रहरी बल नेपालका बाहिनी मुख्यालयले उल्लेखित मूल्य बराबरको अवैध चोरी, निकासी बरामद, वन पैदावार, सुनचाँदी र अवैध रुपैयाँ बरामद गरी भन्सार दाखिला गरेको उहाँको भनाइ थियो । सो अवधिमा नम्बर १ बराह बाहिनी मुख्यालय सुनसरीले रू २८ करोड ७३ लाख ४५ हजार, नम्बर २ छिन्नमस्ता बाहिनी मुख्यालय महोत्तरीले रू ६५ करोड, ७० लाख २६ हजार, नम्बर ३ गढीमाई बाहिनी मुख्यालय मकवानपुरले रू एक करोड ९० लाख ९९ हजार र नम्बर ४ मुक्तिनाथ बाहिनी मुख्यालय कास्कीले रू दुई लाख ८१ हजार बराबरको मालसामान भन्सारमा दाखिला गरेको हो ।

त्यस्तै नम्बर ५ विन्ध्यवासिनी बाहिनी मुख्यालय रुपन्देहीले रू २२ करोड १६ लाख १५ हजार, नम्बर ७ वैद्यनाथ बाहिनी मुख्यालय कैलालीले रू सात करोड ८३ लाख ४५ हजार रुपैयाँ भन्सार दाखिला गरेकोसमेत वरिष्ठ उपरीक्षक खड्काले जानकारी दिनुभयो । रासस

# निगमको ग्राउन्डेड दुई जहाजमध्ये एकको मर्मतपछि नियमित उडानमा

काठमाण्डु । राष्ट्रिय ध्वजाबाहक नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) को ग्राउन्डेड भएका दुई थान न्यारोबडी जहाजमध्ये एक जहाज मर्मतपछि सोमबार साँझदेखि नियमित उडानमा आउने भएको छ ।

निगमका प्रवक्ता रमेश पौडेलका अनुसार ९एन-एकेडब्ल्यू जहाज मर्मतपछि नियमित उडानमा जाने भएको हो । उक्त जहाजको दायाँ इञ्जिनमा समस्या देखिएको थियो । अर्को न्यारोबडी ९एन-एकेएक्स जहाजको पनि बायाँ इञ्जिनमा समस्या देखिएको छ ।

जहाजमा चरा ठोक्किँदा इञ्जिनमा आएको खराबीका कारण निगमको दुवै न्यारोबडी जहाज ग्राउन्डेड भएका थिए । “निगमका जहाज नियमित मर्मतसम्भार र इन्स्पेक्सन गर्ने क्रममा जहाजको दायाँ इञ्जिनमा समस्या देखिएकाले मर्मत भइसकेको र उक्त जहाज मर्मतपश्चात् सोमबार बेलुकीसम्म नियमित उडानमा पठाउनेछौँ”, निगमले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

त्यसैगरी अर्को जहाज ९एन-एकेएक्सको नियमित इन्सपेक्सन गर्दा बायाँ इञ्जिनको ‘हाई प्रेसर टर्विन ट्रेलिङ एज’ मा समस्या देखिएकाले ‘एप्रुभ मेनुअल’ र निर्माता कम्पनीको सुझावअनुसार १० साइकल मात्र उडान गर्न सकिने भएकाले उक्त जहाज ग्राउन्डडेड गरिएको र यथाशीघ्र इञ्जिन मर्मत गराउने प्रक्रिया अघि बढाउने निगमले उल्लेख गरेको छ ।

अहिले देखिएको समस्याका बाबजुत यो जहाजले १० साइकल उडान भने गर्नसक्ने क्षमता थियो । त्यसमध्ये छ साइकल उडानपश्चात् इञ्जिनको मर्मतमा जाने उडान (चार साइकल) बाँकी राखेर जहाज ग्राउन्डेड गरिएको निगमले जनाएको छ ।

नियमित मर्मतसम्भार हुँदा पनि निगमसँग भएका दुई वटा न्यारोबडी ए ३२० जहाजमा एकै समयमा चरा ठोक्किएका कारण इञ्जिनमा प्राविधिक समस्या आई ग्राउन्डेड भएकाले उपलब्ध अन्य जहाजबाट पूर्वनिर्धारित उडान सञ्चालन राखिएको निगमका प्रवक्ता पौडेलले बताउनुभयो । निगमसँग अन्तर्राष्ट्रिय उडानका लागि दुई थान वाइडबडी ए ३३० र दुई थान न्यारोबडी ए ३२० गरी कूल चार वटा जहाज छन् । रासस

# नेप्से परिसूचकमा उच्च अङ्कले वृद्धि



काठमाण्डु । नयाँ आर्थिक वर्ष सुरु भएकै दिन धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक उच्च अङ्कले वृद्धि भएको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक ४७ दशमलब शून्य सात अङ्कले उकालो लागेर दुई हजार एक सय ४४ दशमलब १६ मा पुगेको हो ।

यस्तै ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक नौ दशमलब ९५ अङ्कले उकालो लागेर चार सय चार दशमलब १० पुगेको छ । कारोबार भएका कूल १३ उपसमूहमध्ये सोमबार १२ उपसमूहको शेयर मूल्य वृद्धि भएको छ भने एक उपसमूहको शेयर मूल्य भने ओरालो लागेको छ ।

कूल ७६ लाख ३४ हजार एक सय ९० कित्ता शेयर रु दुई अर्ब ५६ करोड एक लाख ९१ हजार दुई सय ८८ मा कारोबार भएको छ । जानकारहरुका अनुसार बैंक तथा वित्तीय संस्थाले ब्याजदर घटाउनु तथा नयाँ आर्थिक वर्षको प्रभावस्वरुप बजारमा सकारात्मक प्रभाव पर्न गएका हो । नेप्सेका अनुसार कारोबारका आधारमा शिवम् सिमेन्ट शीर्ष स्थानमा छ । सो कम्पनीको रु १४ करोड ८६ लाख १९ हजार चार सय ५५ बराबरको कारोबार भएको छ ।

यस्तै हिमालयन लाइफ इन्स्योरेन्स रु १० करोड ८४ लाख ६४ हजार आठ सय ९९,साइन रेसुङ्गा डेभलपमेन्ट बैंक रु सात करोड ७५ लाख १३ हजार छ सय ७२,सोल्टी होटल रु सात करोड ७३ लाख ३२ हजार दुई सय ४८ र आइजीआई प्रुडेन्सियल इन्स्योरेन्सको रु पाँच करोड ११ लाख ७६ हजार एक सय ६३ बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भएका छन् ।

नेप्सेका अनुसार बिपिडब्ल्यू लघुवित्त र युनाइटेड अजोड इन्स्योरेन्सको शेयर मूल्यमा दस प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ । अभियान लघुवित्त नौ दशमलब ८७, सिर्जनशील लघुवित्त सात दशमलब ८० र मल्टिप्र्पोज लघुवित्तका लगानीकर्ताले सात दशमलब ३२ प्रतिशतले कमाएका छन् ।

यस्तै कुमारी धनवृद्धि योजना आठ दशमलब ३७, सानीमा ग्रोथ फण्ड सात दशमलब ५१, सानीमा लार्ज क्याप फण्ड छ दशमलब २८, बैंक अफ काठमाण्डुको ऋणपत्र पाँच दशमलब ८६ र मेगा म्युचुअल फण्डमा पहिलोका लगानीकर्ताले चार दशमलब ६३ प्रतिशतले गुमाएका छन् । रासस

# मेची भन्सारबाट १४ अर्ब राजस्व सङ्कलन

झापा । मेची भन्सार कार्यालयले आर्थिक वर्ष २०७९/८० मा लक्ष्यको तुलनामा ६९ दशमलव ४१ प्रतिशत राजस्व असुली गरेको जनाएको छ ।

प्रमुख भन्सार अधिकृत रामप्रसाद रेग्मीका अनुसार उक्त आवमा रू १४ अर्ब चार करोड ७५ लाख ३९ हजार राजस्व असुली भएको छ । उहाँका अनुसार भन्सारले गत आवमा रू २० अर्ब २४ करोड १८ लाख ३३ हजार राजस्व सङ्कलन गर्ने लक्ष्य लिइएको थियो ।

पेट्रोलियम पदार्थको आयात कम भएको, सुपारीलगायत तेस्रो मुलुकबाट ठूलो परिमाणमा आउने वस्तुको आयात ठप्प रहेकाले राजस्व सङ्कलनमा असर परेको रेग्मीको भनाइ थियो । कोरोना महामारीपछिका तीन वर्षमा मेची भन्सार कार्यालयमार्फत हुने राजस्व सङ्कलनमा लगातार ह्रास आइरहेको उहाँले बताउनुभयो ।

मेची भन्सार कार्यालयले आर्थिक वर्ष २०७८/७९ मा रू १७ अर्ब ५३ करोड १९ लाख २८ हजार र आर्थिक वर्ष २०७७/७८ मा रू १८ अर्ब ६९ करोड ९२ लाख ६४ हजार राजस्व असुली गरेको प्रमुख भन्सार अधिकृत रेग्मीले जानकारी दिनुभयो । आव २०७८/७९ को तुलनामा आव २०७९/८० मा रू तीन अर्ब ४८ करोड ४३ लाख ८९ हजार राजस्व कम सङ्कलन भएको छ ।रासस

# हवाई भाडा बढ्ने

काठमाण्डु । आन्तरिक उडानका वायु सेवा प्रदायक कम्पनीले हवाई भाडादरमा समावेश गरी मूल्य अभिवृद्धि कर उठाउने भएका छन् ।

नेपाल वायुसेवा सञ्चालक सङ्घले प्रेस विज्ञप्ति जारी गर्दै सोमबारदेखि लागू हुनेगरी मूल्य अभिवृद्धि कर उठाउने जनाएको हो । सरकारले आर्थिक वर्ष २०८०/८१ को बजेटमा हवाई यातयाात सेवालाई अनिवार्यरूपमा मूल्य अभिवृद्धि करमा दर्ता हुनुपर्ने व्यवस्था गरेको छ ।

“सरकारबाट बजेट वक्तव्यमार्फत अनिवार्य गरेको उक्त व्यवस्था अनुसार यस सङ्घमा आवद्ध सम्पूर्ण वायुसेवा कम्पनीले सोमबारदेखि लागू हुने गरी हवाई भाडा दरमा नै समावेश गरी मूल्य अभिवृद्धि कर उठाइने व्यहोरा जानकारी गराइन्छ”, विज्ञप्तिमा भनिएको छ ।

एयरलाइन्सले मूल्य अभिवृद्धि कर उठाएसँगै आन्तरिक उडानको हवाई भाडा केही वृद्धि हुने एयरलाइन्सले जनाएका छन् । यती एयरलाइन्सका प्रवक्ता सुदर्शन बर्तौलाका अनुसार आन्तरिक उडानको हवाई भाडा ६ प्रतिशतसम्म बढ्नेछ । “इन्धन र विमानस्थल कर पनि भ्याटसहितको लिने गरिएको छ, यसमा थप अतिरिक्त शुल्क लाग्दैन”, प्रवक्ता बर्तौलाले भन्नुभयो । रासस


## भूमि सुधार तथा मालपोत कार्यालय गौर रौतहट

## हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

तपसिलको जग्गाको मोही सुदामा महतो नुनिया बेपते मरुवा रहेकोले मोही लगत कटटा गरी पाउ भनी ज.ध. तर्फवाट निवेदन पर्न आएकोले कार्यवाहीको क्रममा ३५ दिने सुचना जारी गरिएको छ । तपसिलका मोही वा हकवाला कोही भइ मोही लगत कटटा हुनु नपर्ने भए सुचना जारी भएको मितिले ३५ दिन भित्र प्रमाण सहित लिखित हकदावी गर्न आउनुहोला वा रीतपुर्वक वारेस कानुन व्यवसायी पठाउनुहोला अन्यथा कानुन बमोजिम भै जाने व्यहोरा यसै सुचनाबाट सुचित गरिन्छ ।

**तपसिल**

| ज.ध. | जिल्ला | गाविस | वडा नं. | कि.न. | क्षे.फ. | मोही . |
|---|---|---|---|---|---|---|
| धरोहरी देवी मलाहिन | रौतहट | बगही | ७क | २९८।६२६ | ०-०-६-११ | सुदामा महतो नुनिया |
| ,, | ,, | ,, | ७ क | २९८।६२७ | ०-०-१३-५ | ,, ,, ,, |

# नेतृ रेखाविरुद्ध साइबर ब्यूरोमा उजुरी

**टुडे समाचारदाता**

काठमाण्डु । राष्ट्रिय एकता अभियान सम्मेलन आयोजक समितिले नेकपा एमालेकी नेतृ रेखा झालाई कारबाही गर्न माग गर्दै नेपाल प्रहरीको साइबर ब्यूरोमा उजुरी दिएको छ।

समितिका संयोजक विनय यादवले झा विरुद्ध सोमबार उजुरी दर्ता गराएका छन्।

झाले सामाजिक सञ्जाल फेसबुकमा राष्ट्र विरोधी पोष्ट राखेकाले उजुरीमा कारबाही गर्न माग गरिएको छ ।

नेपाललाई ब्रिटिस सम्राज्यको अंग देखाउने तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीको जन्मस्थान नेपालको नक्साबाट गायव पार्ने काम झाले गरेको जनाइएको छ।

अभियानले यस अघि विज्ञप्ति जारी गरेर पनि झालाई कारबाही गर्न माग गरेको थियो । नेपाललाई ब्रिटिश सम्राज्यको हिस्साको रूपमा झुठो चित्रण गर्न शेयर



गरेको नक्सालाई तुरुन्तै हटाइ माफी माग्न अभियानले आग्रह गरेको थियो।

'नेपाल कुनै पनि सम्राज्यको दासत्व कहिल्यै स्वीकार नगरेको एक मात्र अविच्छिन, स्वतन्त्र, प्राचीन देश भएकोले आफ्नै समृद्ध र गौरवशाली इतिहास छ ।

हाम्रा हिन्दू पुर्खाहरूले नेपालको स्वतन्त्रता र सार्वभौमसत्ताको रक्षा गर्न वीरतापूर्वक पुस्तौंदेखि रगत बगाउँदै आएका छन् ।

नेपालको स्वाधीनतामा आँच पुर्‍याउने गलत सूचना प्रचार गर्नु हाम्रा पूर्वजहरुको बलिदानको अपमान हो।'- विज्ञप्तिमा भनिएको थियो।

विज्ञप्तिमा सन् १७९२ मा लर्ड कर्नवालिसको पालामा नेपाल ब्रिटिस साम्राज्यको एक हिस्सा रहेको देखाउने एमाले पूर्व सांसद झाले शेयर गरेको नक्सा ऐतिहासिक तथ्यको नियोजित तोडमडोठ भएको बताइएको थियो।

'त्यस नक्सामार्फत पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीकै पुख्र्यौली बसोवास रहेको 'कोशी क्षेत्र' नै नेपालको भाग नरहेको प्रस्तुत गरी हाम्रो देशको सिमाना नै बिगार्ने प्रयत्न गरिएको हाम्रो ठहर छ,' विज्ञप्तिमा भनिएको छ-'यस्ता भ्रामक राष्ट्रघाती कार्यहरूले हाम्रो इतिहासलाई धोका दिने मात्र होइन, ओलीको राष्ट्रिय अखण्डताप्रतिको अटल अडानलाई समेत कमजोर तुत्याउँछ ।'

# एउटै व्यक्ति दुई देशको नागरिक

**सिकेन्द्र पासवान**

बारा । एक भारतीय युवकले आधारकार्डमा अरबाज र नेपालमा नक्कली छोरा बनी समीर मिया ठकुराईको नामबाट नागरिकता बनाएको रहस्य खुलेको छ ।

भारत बिहार पूर्वी चम्पारण जिल्ला मोतिहारी ग्राम सिरसिया पोष्ट नरकदेहीका क्यूम मियाको छोरा आधारकार्डमा अरबाज आलम र नेपालमा कलैया उपमहानगरपालिका वडा नम्बर १० मटियर्वाका मामा हरुण मिया ठकुराईको नक्कली छोरा बनी समीर मिया ठकुराईको नामबाट नागरिकता प्राप्त गरेका छन् । आमा तनजीला खातुन रहेकी छन् । तनजीता हरुणको बहिनी रहेकी छन् ।

भारतको आधारकार्डमा जन्म भएको मिति २००१ साल अप्रिल महिना ५ गते लेखाएका छन भने नेपालमा २०५६ साल जेठ महिना ५ गतेको मितिमा जन्मदर्ता कायम गराइ २०७६ साल असार १ गते जिल्ला प्रशासन कार्यालय बाराबाट नेपाली नागरिकता लिएका छन् ।

ना. प्र. प ३३-०१७६-०२३९२ नम्बर रहेको नागरिकतामा तत्कालीन प्रशासकीय अधिकृत शेर बहादुर थापाको हस्ताक्षर रहेको छ ।

भारतीय आधारकार्ड नम्बर २११७०२०५९३२९ रहेको छ। तत्कालीन वडा अध्यक्ष शंकर प्रसाद गुप्ताको




सिफारिसमा सो नागरिता प्रदान गरिएको छ।

वडा अध्यक्ष गुप्ताले भान्जालाई छोरा बनाइ सिफारिस दिएको खुलेको छ ।

तत्कालीन वडा सचिव खेदु मिया अंसारीले २०७६ साल जेठ १४ गते समीरको जन्म दर्ता बनाएको छ भने जेठ १५ गते वडा अध्यक्ष गुप्ताले नागरिकता दिन योग्य रहेको सिफारिस जिल्ला प्रशासन कार्यालयमा गरेको थियो । वडा सचिव मिया सो ठाँउमा करिब १५ वर्ष भन्दा बढी समयदेखि काम गर्दे आएका छन् ।

हरुण मिया ठकुराईको ३ छोरा र ३ छोरी गरी ६ जना सन्तान भए पनि ९ जनाको वडा कार्यालयमा विभिन्न मितिमा छोरा छोरी भनेर जन्मदर्ता गराएको वडा अध्यक्ष साविर अंसारीले जानकारी दिए ।

सोहेल बाबुको २०६७ साल बैसाख ११ गते, मोहम्मद सोएल मियाको २०६४ साल बैसाख ५ गते, समीर मिया ठकुराईको २०५६ साल जेठ ५ गते, मोहम्मद सोहेलको २०७४ साल बैसाख १५ गते, सेराज मिया ठकुराईको २०५४ साल पुस १३ गते, रेहना खातुको २०५६ साल चैत्र १५ गते, रेवाज मिया ठकुराईको २०५७ साल असोज २५ गते, रेयेना खातुनको २०५९ साल चैत्र ३० गते र रोक्सना खातुनको २०६२ साल जेष्ठ २० गते जन्मदर्ता गराएको कलैया उपमहानगरपालिका वडा नम्बर १० का वडा सचिव रामनरेश साहले जानकारी दिए ।

हारुणको ३ छोरा रहेकोमा भान्जालाई छोरा बनाइ छोराको संख्या ४ बनाएको नागरिकताबाट पुष्टि भएको छ ।

यसैबीच निज हारुण र समीर भनिएका विरोधमा जिल्ला प्रशासन कार्यालयमा नक्कली छोरा बनी नागरिकता बनाएको लिखित उजुरी परे पनि हारुण आइतबार पक्राउ पर्दासमेत सोही दिन जमानतमा छुटेका थिए ।

प्रहरी प्रवक्ता पुरुषोतम सिंह पाण्डेलले जिल्ला प्रशासन कार्यालयबाट हारुणले छोराको नामबाट समीरलाई दिएको नागरिकताका बारेमा सत्य तथ्य बुझ्नका लागि पत्र प्राप्त भइ आएको हुँदा यसलाई सूक्ष्म रुपमा छानविन प्रक्रिया अगाडि बढाइएको जानकारी गराए ।

यस समबन्धमा प्रमुख जिल्ला अधिकारी नवराज सापकोटासंग बुझ्दा नागरिकता जस्तो सम्बेदनशील विषयमा गहिरो रुपमा मात्र छानविन गरी दोषी देखिएको खण्डमा नक्कली विवरण खडा गरी नागरिकता बनाउनमा सहयोग गर्ने निर्वाचित प्रतिनिधि, सचिव र जालसाजी गराउने व्यक्तिलाई पक्राउ गरी कारबाही प्रक्रिया अगाडि बढाउने प्रतिबद्धता व्यक्त गरेका छन् ।

# जनताको सपना साकार हुँदै

**टुडे समाचारदाता**

राजविराज । सप्तरीको चार पालिकाको आर्थिक चहल पहल बढाउन तथा जनताले विगत ३० वर्ष देखि भोग्दै आएको सास्ती कम गर्न महत्वपूर्ण मानिएको कठौना-पातो सडक खण्डमा कालो पत्रे निर्माण कार्य सुरु भएको छ ।

कालो पत्रे निर्माण कार्यको



सोमबार एक कार्यक्रमबीच सोही क्षेत्रबाट निर्वाचित प्रतिनिधि सभा सदस्य दिनेश कुमार यादवले पूजापाठ गरी शुभारम्भ गरेका छन् ।

झण्डै २० किलो मिटर उक्त मार्ग आगामी असोज-कार्तिक महिना भित्र कालो पत्रे गरिसक्ने गरी धमाधम निर्माण कार्य थालिएको छ ।

सांसद यादव कै पहलमा संघीय सरकारबाट प्राप्त ७० करोड ४० लाख रुपैयाँको बजेटबाट कान्छाराम कन्ट्रक्सनमार्फत उक्त निर्माण कार्य सुरु गरिएको जनाइएको छ ।

यस मार्गले सप्तरीको निर्वाचन क्षेत्र नम्बर ३ मा पर्ने शम्भुनाथ नगरपालिका, डाक्नेश्वरी नगरपालिका, राजगढ गाउँपालिका र रुपनी गाउँपालिकालाई प्रत्यक्ष रुपमा जोडने र यस क्षेत्रको आर्थिक चहल पहल बढाउन ठूलो मदत पुऱ्याउने विश्वास स्थानीयले व्यक्त गरेका छन् ।

पंचायतकालमा नै केही मात्रामा ग्राभेल गरी छाडिदा अलपत्र अवस्थामा रहेको उक्त सडक वर्षामा हिलाम्मे र सुख्खायाममा धुलोका कारण सर्वसाधारण कष्टकर र जोखिमपूर्ण यात्रा गर्न वाध्य भएका थिए ।

वर्षायाममा त दर्जनौ खाल्डा खुल्डीका कारण सवारी आवागमन नै ठप्प हुने गरेको स्थानीय राजु यादवले बताए ।

"ज्यान हत्केलमा राखेर यो बाटो हुँदै बस चलाउनु पर्थ्यो-सो रुटमा चल्ने बजरंग ट्राभल्सका चालक रमाशंकर साहले भने-अब कालो पत्रे हुने भएपछि आउजाउ गर्न सहज हुने छ ।"

सडक जीर्ण हुँदा बिरामी अस्पताल लैजान र खाद्यान्न तथा निर्माण सामग्री ढुवानी गर्न पनि समस्या हुन्थ्यो, सांसद दिनेश कुमार यादवले भने-अब जनताको सास्ती छिट्टै अन्त्य हुने छ । अहिले कै गतिमा काम गरेर असोज कार्तिकसम्म कालो पत्रे कार्य सम्पन्न गर्ने योजना रहेको उनले सुनाए ।

उनले छिट्टै शम्भुनाथ, बनैनिया, पथ्थरगाढा र गाइघाट जोडने सडकको निर्माण कार्य पनि शूरु हुने जानकारी दिए ।

वर्षौदेखि उक्त सडक खण्ड जीर्ण भएका कारण सास्ती खेप्दै आएका यस भेगका जनता कालो पत्रे निर्माण कार्य सुरु भएपछि हर्षित भएका छन् ।

# उपप्रमुख मीरालाई अनुसन्धान गर्न चौथो पटक म्याद थप

**टुडे समाचारदाता**



राजविराज । सप्तरीकोडाक्नेश्वरी नगरपालिकाकी उपप्रमुख मीराकुमारी यादवलाई थप ७ दिन थुनामा राखेर अनुसन्धान गर्न अदालतले प्रहरीलाई अनुमति दिएको छ ।

दुबै पक्षको जिकिरपछि सोमबार सप्तरी जिल्ला अदालतबाट यस्तो अनुमति प्रदान गरिएको छ ।

योसँगै नागरिकता कसुर सम्बन्धी मुद्दामा उपप्रमुख मीरालाई थप अनुसन्धान गर्न चौथो पटक ७ दिनको म्याद थपिएको छ ।

यसअघि अदालतले असार २१ गते तीन दिन, असार २४ गते पाँच दिन र असार २८ गते चार दिन उपप्रमुख मीरालाई प्रहरी हिरासतमा राखी अनुसन्धान गर्न म्याद थपेको थियो ।

नेपाल र भारतका गरी दुई देशको नागरिकता लिएको आरोपमा उनी विरुद्ध नागरिकता सम्बन्धी कसुरमा मुद्दा चलाइएको थियो । असार १९ गते पक्राउ पुर्जी जारी भएपछि उनी त्यसको भोलिपल्टै बजार क्षेत्रमा शक्ति प्रदर्शन गर्दै जिल्ला प्रहरी कार्यालयमा उपस्थित भएकी थिइन् ।

सोही मुद्दाका अर्का आरोपि उनका पति महेन्द्र अझै फरार छन् । उनको खोजी कार्य जारी रहेको प्रहरी उपरीक्षक नरेन्द्र कुमारी कार्कीले जानकारी दिए ।

उपप्रमुख मीरा र उनका पति महेन्द्र विरुद्ध भारत बिहारस्थित मझारी ग्रामपञ्चायतको वासिन्दा रहेको दाबी गर्दै ०७९ साल साउन ७ गते उजुरी परेको थियो । उनीहरुमाथी झुठो विवरण पेश गरेर नेपाली नागरिकता लिएको आरोप छ ।

# लक्ष्य भन्दा २० प्रतिशत कम मुद्दा फछ्र्योट

**मनोज माझी**

राजविराज । ६१ दशमलव ७६ प्रतिशत मुद्दा फछ्र्योटको लक्ष्य राखेको उच्च अदालत जनकपुर-राजविराज इजलासले लक्ष्य भन्दा २० प्रतिशत कम मुद्दा फछ्र्योट गरेको छ ।

आ.व ०७९/०८० मा अदालतमा दर्ता भएको कुल मुद्दाको ४१ दशमलव ६४ प्रतिशत मुद्दा फछ्र्योट भएको अदालतले जनाएको छ ।

न्यायाधीश हरि प्रसाद भण्डारीको अध्यक्षतामा आयोजित"संचारकर्मीहरु संगको अन्तरक्रिया कार्यक्रममा निमित्त रजिष्टार उज्जव न्यौपानेले सो तथ्य सार्वजनिक गरेका छन् ।

उनका अनुसार आ.व ०७९/०८० मा २ हजार ६ सय मुद्दा फछ्र्योटका लागि अघिल्लो वर्षबाट सरेर आएको थियो ।

त्यस्तै,नयाँ दर्ता भएका मुद्दाको संख्या ३ हजार १ सय ५० गरी कुल ५ हजार ७ सय ५२ मुद्दाको फछ्र्योट गर्ने जिम्मेवारी आएकोमा २ हजार ३ सय ९५ मुद्दा फछ्र्योट भएको छ । जुन ४१ दशमलव ६४ प्रतिशत हुन आउँछ ।

फछ्र्योट गर्न बाँकी रहेका ३ हजार ३ सय ५७ मुद्दाको जिम्मेवारी ०८०/०८१ का लागि सरेको निमित्त रजिस्टार न्यौपानेले जानकारी दिए ।

न्यायाधीश भण्डारीले कतै कानुनी जटिलता त कतै दरबन्दी अनुसारको न्यायाधीश



र जनशक्ति नहुँदा लक्ष्य प्राप्तिमा कठिनाइ भएको बताए । यद्यपि अदालतको जनशक्ति तथा उपलब्ध साधनस्रोतका अनुसार काम संतोषजनक भएको उनले बताए ।

उनले ०७९/०८० को असार मसान्तसम्ममा २ वर्ष नाघ्ने मुद्दाको कुल संख्या ६ सय ४० रहेकोमा ६ सय ३२ लाई फछ्र्योट गरेको र यसलाई निकै संतोषजनक उपलब्धिको रुपमा लिइएको बताए ।

उनले समग्रमा जिम्मेवारी सरेर अघिल्लो वर्षबाट आएको २ हजार ६ सय २ र न्याय सम्पादनसहित कुल ५ हजार ७ सय ५२ मध्ये साउनमा ३ सय १७, भाद्रमा ३ सय, असोजमा ८८, कार्तिकमा १ सय २५ मंसिरमा १ सय ४८, पुसमा १ सय ८७, माघमा १ सय ५९, फागुनमा १ सय ६७, चैत्रमा २ सय ५६, बैशाखमा १ सय ५९, जेष्ठमा ३ सय २७ र असारमा २ सय ६३ गरी कुल २ हजार ३ सय ९५ मुद्दा फछ्र्योट भएको स्पष्ट पारे ।

निमित्त राजिष्टार न्यौपानेका अनुसार ०७९/०८० मा नयाँ दर्ता भएका ३ हजार १ सय ५० मध्ये रिटतर्फ सर्वाधिक १ हजार ५१ मुद्दा रह्यो । यस्तै व्यक्तिवादी देवानीका ९ सय ६६, सरकावादी फौजदारीका २ सय १२ र सुरु मुद्दा ७१ रहेको थियो ।

यस्तै,सोही आर्थिक वर्षमा मेलमिलापका लागि १ सय ४२ मुद्दा पठाइएकामा ११ मात्रको मेलमिलाप हुन सकेको र मेलमिलाप हुन नसकेको मुद्दाको संख्या १ सय २६ रहेको अदालतले जनाएको छ ।

कार्यक्रममा अदालतको जनशक्ती, जग्गा एवं भवनको अवस्था सार्वजनिक गर्नुका साथै भावी दिनमा न्याय सम्पादन कार्यलाई छिटो, छरितो र प्रभावकारी बनाउन गर्नुपर्ने कार्यहरुबारे व्यापक छलफल गरिएको थियो ।

# छाडा चौपाया नियन्त्रण गर्दै पालिका

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाम उपमहानगरपालिकाको नवर्निमित गौशाला सञ्चालनमा आएसँगै छाडा चौपाया नियन्त्रण गर्ने काम सुरु भएको छ ।

सोमबारदेखि सडक तथा सार्वजनिक ठाउँमा देखिएका चौपायाहरु प्रहरीले नियन्त्रणमा लिइ जनकपुरधाम उपहानगरपालिका-१२कुवास्थित गौशालामा राख्ने काम सुरु भएको छ ।

समिति बनाएर नियणन्त्र गर्ने कामको थालनी गरिएको छ ।

गौशाला व्यवस्थापनपछि सडक दुर्घटना र ट्राफिक व्यवस्थापन जोखिम न्यूनीकरण हुने नगर प्रमुख साहको विश्वास छ ।

गौशाला उद्घाटनका दिन नेपाल प्रहरी र नगर प्रहरी मिलेर करीब दुई दर्जन गाई, साढे र बाछाबाछीहरु समेत नियन्त्रणमा लिइएको छ ।

नियन्त्रणमा लिइएको सो पशुहरुलाई राखिने र लिन आउने पशुधनीलाई जरिवाना गरी मात्र



छाडिने उपमहानगरपालिकाले जनाएको छ ।

नगर प्रमुख मनोज कुमार साह र उपप्रमुख किशोरी साहले संयुक्त रुपमा गौशालाको उद्घाटन गरेका थिए ।

यसअघि पूर्व नगर प्रमुख लालकिशोर साहले पनि पगलाबाबा धर्मशालामा छाडा चौपाया नियन्त्रणमा लिने र जरिवाना लिएर छोड्ने काम थलानी गरेका थिए ।

यद्यपि त्यो सफल हुन सकेका थिएनन् । अहिले गौशाला निर्माण

सो अवसरमा गौशाला निर्माणमा अभिभावकीय भूमिका खेलेका स्थानीय युवा दिलीप मण्डललाई कदर पत्रसहित सम्मानित गरिएको थियो भने वडा अध्यक्ष महेन्द्र साह, निर्माण समितिका पदाधिकारी र सदस्यहरु सहित स्थानीय युवाहरुलाई सम्मान गरिएको थियो ।

# कानुन पारित हुँदा खुशियाली




**टुडे समाचारदाता**

जनकपुरधाम । मिटरब्याज अनुचित लेनदेन सम्बन्धी विधेयक प्रतिनिधिसभाबाट पारित भएपछि मधेशमा खुशियाली मनाइएको छ ।

सोमबार मधेश प्रदेशको राजधानीसहित विभिन्न ठाउँमा खुशियाली मनाइएको छ ।

सरकारले गत आइतबार सो विधेयक प्रतिनिधिसभाबाट पारित गरेका थिए ।

त्यसको खुशीमा मिटरब्याज पीडितहरुले ऱ्याली निकाले खुशी मनाएका छन् । मिटरब्याज पीडित संघर्ष समितको आयोजनामा धनुषा, महोत्तरी र सिरहाका पीडितहरूले संयुक्त ऱ्याली निकालेर खुशियाली मनाएका छन् । साथै उनीहरुले सरकारले बनाएको कानुन कार्यान्वयन गर्नसमेत माग गरेका छन् ।

जनकपुरको बाह्रविघा मैदानबाट सुरु भएको ऱ्याली रामानन्द चोक, पिडारी चोक, थापा चोक, मधेश भवन, मिल्स एरिया, भानु चोक, शिव चोक हुँदै जनक चोकमा पुगेर कोणसभामा परिणत भएको थियो ।

संघर्ष समितिका मधेश प्रदेश संयोजक मनोज पासवानले सदनबाट मिटरब्याजविरुद्ध सम्बन्धी विधेयक पास हुनु मिटरब्याज पीडितको ठूलो सफलता भएको उनले बताए ।

मिटरब्याज पीडितको माग सम्बोधन गर्न सरकारले गरेको प्रयास सराहनीय रहेको उनको भनाइ छ ।

अझै पनि धेरै मिटरब्याज पीडित न्यायको पर्खाइमा रहेको र मिटरब्याजीहरुले अन्याय गरिरहेकाले उनीहरुलाई कारबाहीको दायरामा ल्याउन माग गरे ।

आइतबार बसेको प्रतिनिधिसभाको बैठकले मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन विधेयक-२०८० संशोधनसहित पास गरेको छ । जसमा मिटरब्याजलाई अनुचित लेनदेन मान्दै कारबाही गर्ने व्यवस्था गरिएको छ ।

सरकारले सुरुमा यस्तो व्यवस्था सहितको अध्यादेश ल्याएका थिए । सो अध्यादेश ६० दिनभित्र पास हुन नसक्दा खारेज भएको थियो । त्यसपछि सरकारले खारेज भएको एक साताभित्रै संसदबाट उक्त विधेयक पास गरेको छ ।

# एकवर्षमा १६ जनाको डुबेर मृत्यु

**टुडे समाचारदाता**

गरुडा । रौतहटमा आर्थिक वर्ष ०७९/०८० मा डुबेर १६ जनाको मृत्यु भएको छ ।

जिल्ला प्रहरी कार्यालय रौतहटका अनुसार एक वर्षमा ६ जना पुरुष, २ जना महिला, ४ जना बालक र ४ जना बालिकाको डुबेर मृत्यु भएको छ ।

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डीएसपी उमाशंकर यादवका अनुसार विभिन्न नदी तथा पोखरीमा डुबेर पछिल्लो आर्थिक वर्ष १६ जनाको मृत्यु भएको तथ्यांक छ ।

आर्थिक वर्षको अन्तिम दिन कटहरिया नगरपालिकास्थित गमहरिया घाट लालबकैया नदीमा नुहाउन गएका एक जना विद्यार्थीको डुबेर मृत्यु भएको छ ।

कटहरिया-५ का अशोक साह कानुको १५ वर्षीय छोरा कक्षा ९ मा अध्यनरत सोनु गुप्ताको नुहाउने क्रममा आइतबार डुबेर मृत्यु भएको प्रहरीले जनाएको छ ।

IIT JANAKPUR

भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!

यसै वर्ष देखि जनकपुरधाम सहरमा अवस्थित
CTEVT बाट मान्यता प्राप्त
Infotech Institute of Technology (IIT) मा
कुनै पनि ग्रेडमा SEE उत्तिर्ण विद्यार्थीहरुका लागि
आजको आधुनिक युगाको आवश्यकता अनुसारको
नवीन प्रविधि मैत्री

PRE DIPLOMA IN COMPUTER ENGINEERING
(१८ महिने)

कोर्षमा भर्ना खुल्यो ।
सिमित सिट मात्र उपलब्ध भएकाले चाँडै सम्पर्क
गरी आफ्नो सिट सुनिश्चित गर्नुहोस् ।

आजको आवश्यकता, गुणस्तरीय कम्प्युटर शिक्षा

इन्फोटेक ईन्स्टिच्यूट अफ टेक्नोलोजी
कबड हल, जनकपुरधाम
9702529070, 9824855220

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८